# विनयी त्रिवेणी गाउँपालिकाको दशवर्षे शिक्षा क्षेत्र योजना

**(२०८१/२०८२-२०९०/२०९१)**

विनयी त्रिवेणी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

दुम्कीबास, नवलपरासी (ब.सु.पू.)

गण्डकी प्रदेश, नेपाल

प्रकाशक : विनयी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुम्कीबास, नवलपरासी (ब.सु.पू.) ।
गण्डकी प्रदेश, नेपाल

सर्वाधिकार : विनयी त्रिवेणी गाउँपालिका

प्रकाशन वर्ष : २०८१

सहजीकरण : साभ नेपाल(SAAV Nepal), पोखरा ।

# विषय सूची


**परिच्छेद १: परिचय ........ 1**

१.१ पृष्ठभूमि ........ 1

१.१.१ अवधारणा ........ 2

१.१.२ सन्दर्भ ........ 3

१.१.३ विनयी त्रिवेणी गाउँपालिकाको परिचय ........ 3

१.१.४ भौगोलिक अवस्थिति तथा सिमाना ........ 4

१.१.५ शैक्षिक स्थिति ........ 8

१.१.६ गाउँपालिकाको शैक्षिक समस्या तथा चुनौती र अवसरहरू ........ 12

क शैक्षिक समस्या ........ 12

ख) चुनौतीहरु ........ 14

ग) अवसरहरू ........ 15

**परिच्छेद २: दूरदृष्टि, लक्ष्य, उद्देश्य तथा रणनीति ........ 16**

२.१ दूरदृष्टि ........ 16

२.२ लक्ष्य ........ 16

२.३ उद्देश्यहरु ........ 16

२.४ रणनीतिहरु ........ 17

२.५ प्रमुख उपलब्धि तथा सुचकहरु ........ 19

**परिच्छेद ३: शिक्षाका मुख्य उपक्षेत्रहरू ........ 23**

३.१ प्रारम्भिक बालविकास र शिक्षा ........ 23

३.१.१ परिचय ........ 23

३.१.२ वर्तमान अवस्था ........ 25

३.१.३ उद्देश्य ........ 29

३.१.४ रणनीति ........ 29

३.१.५ उपलब्धि ,नतिजा ,प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ 30

३.१.६ प्रारम्भिक बालविकास तथा शिक्षाका प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू ........ 30

३.२ आधारभूत शिक्षा ........ 33

३.२.१ परिचय ........ 33
३.२.२ वर्तमान अवस्था ........ 35
३.२.३ उद्देश्य ........ 40
३.२.४ रणनीतिहरू ........ 41
३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ 42
३.३ माध्यमिक शिक्षा ........ 44
३.३.१ परिचय ........ 44
३.३.२ वर्तमान अवस्था ........ 45
३.३.३ उद्देश्य ........ 47
३.३.४ रणनीतिहरू ........ 48
३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ 49
३.३.५ माध्यमिक तहका प्रमुख क्रियाकलापहरू ........ 49
३.४ अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाई ........ 51
३.४.१ परिचय ........ 51
३.४.२ वर्तमान अवस्था ........ 52
३.४.३ उद्देश्य ........ 54
३.४.४ रणनीतिहरु ........ 54
३.४.५ उपलब्धी नतिजा प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु ........ 55
३.४.६ प्रमुख क्रियाकलापहरु तथा लक्ष्यहरु ........ 55

**परिच्छेद ४: शिक्षासंग अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु ........ 56**

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन ........ 56
४.१.१ परिचय ........ 56
४.१.२ वर्तमान अवस्था ........ 57
४.१.३ उद्देश्य ........ 59
४.१.४ रणनीतिहरू ........ 59
४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ 60
४.१.६ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन प्रमुख क्रियाकलापहरू तथा गन्तव्य ........ 60
४.२ शिक्षक व्यवस्थापन र विकास ........ 61
४.२.१ परिचय ........ 61
४.२.२ वर्तमान अवस्था ........ 62

४.२.३ उद्देश्य ........ 63
४.२.४ रणनीतिहरू ........ 64
४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ 64
४.२.६ शिक्षक व्यवस्थापन र विकासका प्रमुख क्रियाकलापहरू तथा गन्तव्य ........ 64
४.३ शैक्षिक समता र समावेशीकरण शिक्षा ........ 66
४.३.१ परिचय ........ 66
४.३.२ वर्तमान अवस्था ........ 66
४.३.३ उद्देश्य ........ 71
४.३.४ रणनीतिहरू ........ 71
४.३.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ 71
४.३.६ प्रमुख क्रियाकलाप र लक्ष्य ........ 72
४.४ दिवा खाजासहित पोषण तथा स्वास्थ्य कार्यक्रम ........ 72
४.४.१ परिचय ........ 72
४.४.२ वर्तमान अवस्था ........ 74
४.४.३ उद्देश्य ........ 77
४.४.४ रणनीतिहरू ........ 77
४.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ 78
४.४.६ प्रमुख क्रियाकलाप र लक्ष्य: ........ 79
४.५ आपतकालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षा ........ 81
४.५.१ परिचय ........ 81
४.५.२ वर्तमान अवस्था ........ 82
४.५.३ उद्देश्य ........ 84
४.५.४ रणनीति ........ 84
४.५.५ मुख्य उपलब्धि, क्रियाकलाप र लक्ष्य ........ 85
४.५.६ आपतकालीन तथा सङ्कटपुर्ण अवस्थामा शिक्षाका प्रमुख क्रियाकलापहरू ........ 86
४.६ विद्यालय भौतिक पूर्वाधार विकास ........ 87
४.६.१ परिचय ........ 87
४.६.२ वर्तमान अवस्था ........ 87
४.६.३ उद्देश्य ........ 89
४.६.४ रणनीतिहरू ........ 89

४.६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ 89
४.६.६ विद्यालय भौतिक पूर्वाधार विकासका प्रमुख क्रियाकलापहरू तथा गन्तव्य ........ 90
४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ........ 91
४.७.१ परिचय ........ 91
४.७.२ वर्तमान अवस्था ........ 92
४.७.३ उद्देश्य ........ 93
४.७.४ रणनीतिहरू ........ 93
४.७.५ उपलब्धि, नतिजा, क्रियाकलाप तथा लक्ष्य ........ 94
४.७.६ प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ 94

**परिच्छेद ५: सुशासन तथा व्यवस्थापन ........ 95**

५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास ........ 96
५.१.१ वर्तमान अवस्था ........ 96
५.१.२ उद्देश्य ........ 97
५.१.३ रणनीतिहरू ........ 97
५.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ 97
५.१.५ प्रमुख क्रियाकलापहरू ........ 98
५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ........ 99
५.२.१ परिचय ........ 99
५.२.२ गाउँपालिका ........ 99
५.२.३ विद्यालय ........ 100
५.२.४ सामदायिक सिकाइ केन्द्र ........ 100

**परिच्छेद ६ : लगानी र स्रोत व्यवस्थापन ........ 101**

६.१ परिचय ........ 101
६.१.१ वर्तमान अवस्था ........ 101
६.१.२ उद्देश्यहरु ........ 103
६.१.३ रणनीतिहरु ........ 103
६.१.४ उपलब्धि तथा नतिजा ........ 103
६.१.५ प्रमुख क्रियाकलापहरु तथा बजेट ........ 103
६.१.५.१ प्रारम्भिक बालविकास र शिक्षा ........ 1

६.१.५.२ आधारभतू शिक्षा ........ 3
६.१.५.३ माध्यमिक शिक्षा ........ 4
६.१.५.४ अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाई ........ 7
६.१.५.५ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन ........ 8
६.१.५.६ शिक्षक व्यवस्थापन र विकास ........ 8
६.१.५.७ शैक्षिक समता र समावेशीकरण शिक्षा ........ 10
६.१.५.८ दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम ........ 10
६.१.५.९ आपतकालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षा ........ 12
६.१.५.१० विद्यालय भौतिक पूर्वाधार विकास ........ 13
६.१.५.११ विद्यायमा सूचना तथा सञ्चार प्रविधि ........ 14
६.१.५.१२ सुशासन तथा व्यवस्थापन ........ 15
६.१.५.१३ अनुगमन तथा मूल्याङ्कन ........ 16
६.१.६ उपक्षेत्रगत कार्यक्रय तथा बजेटको शारंश ........ 17

**परिच्छेद ७ : अनुगमन तथा मूल्याङ्कन ........ 1**

७.१ परिचय ........ 1
७.२ वर्तमान अवस्था ........ 1
७.३ उद्देश्य ........ 3
७.४ रणनीतिहरू ........ 3
७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ 4
७.६ प्रमुख क्रियाकलाप र लक्ष्यः ........ 5
७.७ योजनाको लेखाजोखा ........ 5

**अनूसूचीहरु ........ 7**

**सन्दर्भ सामग्रीहरु ........ 1**

# परिच्छेद १: परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ अनुसार राज्यको पुनर्संरचना पश्चात संघीय गणतन्त्रात्मक राज्य व्यवस्थामा आइपुग्दा हाल देशमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार क्रियाशील रहेका छन् जसअनुसार गण्डकी प्रदेश अन्तर्गतका ११ वटा जिल्लाहरु मध्ये नवलपरासी (बर्दघाट सुस्ता पुर्व) मा रहेका ८ वटा स्थानीय तह मध्ये विनयी त्रिवेणी गाउँपालिका एक हो । नेपालको संविधानको धारा ३१ मा शिक्षा सम्बन्धी हक उल्लेख छ । उक्त धाराले पहुँचको हक हुने र राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको व्यवस्था गरेको छ । त्यसैगरी फरक क्षमता भएका, आर्थिक रूपले विपन्न, जनजाति, महिला, मुस्लिम, दलित, सिमान्तकृत, लोपोन्मुख, पिछडावर्ग लगायत राज्यको मूल धारमा समावेश नभएका सम्पूर्ण नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक संविधानले प्रदान गरेको छ । त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था स्थापना र सञ्चालन गर्न पाउने हक हुने जस्ता शिक्षा सम्बन्धी मौलिक हकको प्रत्याभूत समेत गरेको छ ।

दिगो विकासको लक्ष्य नं ४ मा समावेशी तथा समतामुलक गुणस्तरीय शिक्षा सबैलाई उपलब्ध गर्ने र आजीवन सिकाइलाई प्रर्वद्धन गर्ने कुरा उल्लेख गरिएको छ । नेपालको अनिवार्य आधारभूत शिक्षा ऐन, २०७५ अनुसार वि.सं. २०८५ सम्म सबै नागरिकलाई आधारभूत तह सम्मको शिक्षामा पहुँच पुर्याउने व्यवस्था उल्लेख गरिएको छ । यसै गरि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) को उप दफा (ज) अनुसार स्थानीय तहलाई माध्यामिक र आधारभूत विद्यालय सम्बन्धि २३ वटा अधिकारहरू प्रदान गरिएको छ । जसको बुँदा नं १ मा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक र निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा,कार्यान्वयन, अनुगमन,मूल्याङ्कन र नियमन गर्ने भन्ने कुरा उल्लेख छ ।

शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९ मा शिक्षा सम्बन्धी विविध व्यवस्था गरिएको छ । सङ्घीय सरकारले राष्ट्रिय शिक्षा नीति २०७६ जारी गरेको छ । यी सबै नीति, योजना, व्यवस्था र घोषणाहरूको मर्मअनुसार स्थानीय तहको शिक्षालाई सु-व्यवस्थित बनाउन, गुणस्तरीय र समावेशी, समतामुलक शिक्षा सबै नागरिकलाई प्रदान गरि सुखी नेपाली सम्वृद्ध नेपालको नारालाई साकार पार्न गाँउपालिकाले शिक्षा योजना २०८१ तयार गरेको छ । यसका साथै गाँउपालिका अन्तर्गतका शिक्षा सम्बन्धी समस्याहरूको पहिचान गरेर विभिन्न चरणमा कार्यशाला, गोष्ठिहरू सञ्चालन गरी शिक्षा सम्बन्धि सरोकार राख्ने सबै स्थानीय सरोकारवालाहरूको प्रत्यक्ष सहभागितामा यो योजना तयार गरिएको हो । यस योजनामा व्यवस्था गरिएका सबै कुराहरू कार्यान्वयन गर्न शिक्षा सम्बन्धी सरोकार राख्ने सबै निकायहरूको महत्वपूर्ण भूमिका रहनेछ ।

### १.१.१ अवधारणा

नेपाल सरकारले विद्यालय शिक्षामा सबैको समतामुलक पहुँच सुनिश्चित गर्नका साथै गुणस्तर सुधारका निमित्त विगतमा सात वर्षे विद्यालय क्षेत्र सुधार योजना कार्यान्वयनमा ल्याएको थियो । यस योजनाबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्न र विद्यालय शिक्षाका विविध सकारात्मक प्रयासहरूलाई निरन्तरता दिन तथा शिक्षाका नवीन कार्यक्रमहरूको प्रस्तावसहित २०७३ साउनदेखि २०८० असार (सन् २०१६ जुलाईदेखि २०२३ जुलाई) सम्मको सात वर्षे विद्यालय क्षेत्र विकास योजना निर्माण गरिएको छ । योजनाको प्रथम पाँच वर्ष २०७३ साउनदेखि २०७८ असार (सन् २०१६ देखि २०२१) सम्मका लागि स्रोतसहितको कार्ययोजना तयार गरिएको छ । वि.सं. २०७९ (सन् २०२२) सम्ममा नेपाललाई विकासशील राष्ट्रका रूपमा स्तरोन्नति गर्ने राष्ट्रिय दूरदृष्टिलाई आत्मसात् गर्दै शिक्षा मन्त्रालयको नेतृत्वमा सहभागितामूलक पद्धतिबाट यस योजनाको तर्जुमा गरिएको हो । दिगो विकासका लक्ष्य हासिल गरी वि.सं. २०८७ (सन् २०३०) सम्ममा नेपाललाई मध्यम आय भएको मुलुकको स्तरमा रूपान्तरणको लक्ष्य हासिल गर्ने महत्वपूर्ण साधनका रूपमा पनि यस योजनालाई हेरिएको छ । साविकका उपलब्धि, सिकिएका पाठहरू तथा सबैका लागि शिक्षाको राष्ट्रिय कार्ययोजना (सन् २००१–२०१५) अन्तर्गत सञ्चालन गरिएका सबैका लागि शिक्षा कार्यक्रम (सन् २००४–२००९) र विद्यालय क्षेत्र सुधार कार्यक्रम (सन् २००९–२०१६) का एकीकृत कार्यसूचीहरू यस योजनाका प्रमुख मार्गदर्शक हुन् । राष्ट्रिय शिक्षा नीति,२०७६ ले नेपालको संविधानमा निर्दिष्ट गरिएका शिक्षासम्बन्धी मौलिक हक, राज्यको पुनःसंरचना र अधिकारको बाँडफाँट, मुलुकको आर्थिक सामाजिक रुपान्तरणका एजेण्डा, दिगो विकास लक्ष्यप्रति नेपालको प्रतिबद्धता, पन्ध्रौं योजनाको आधारपत्र, सन् २०२२ भित्र अति कम विकसितबाट विकासशील राष्ट्र बन्ने लक्ष्य तथा सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रका रूपमा स्तरोन्नति गर्ने राष्ट्रिय सङ्कल्प नै नयाँ शिक्षा क्षेत्र योजना तर्जुमाका मूल आधार मानिएको छ । शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको आधारभूत मौलिक हकलाई व्यवहारमा कार्यान्वयन गर्न, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मान्यता अनुरुप शिक्षामा सबैको सरल, सहज र समतामूलक पहुँच सुनिश्चित गर्न एवं शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरयुक्त बनाउन यो नयाँ शिक्षा क्षेत्र योजना आवश्यक पर्दछ । सङ्घीय ढाँचा अनुरूप सरकारका तीन वटै तहमा शिक्षा प्रशासन प्रभावकारी एवं नतिजामूलक ढङ्गले सञ्चालन गरी जनताको शिक्षा प्राप्तिको अधिकार सुनिश्चित गर्नका लागि समयानुकुल शिक्षा क्षेत्र योजनाको जरुरत पर्दछ ।

दिगो विकासको लक्ष्य २०३० मा शिक्षा सम्वन्धि लक्ष्य ४ मा समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्धन गर्ने दिगो विकास लक्ष्य ४ अन्तर्गतः

(क) सन् २०३० सम्ममा सबै छात्रछात्राहरूलाई सान्दर्भिक साथै सिकाइका सकारात्मक परिणामहरू प्राप्त हुन सकुन् भन्ने उद्देश्यले नि:शुल्क, न्यायोचित तथा गुणात्मक प्राथमिक र माध्यमिक शिक्षाको सुनिश्चितता गर्ने,

(ख) सबै छात्र छात्राहरूलाई प्राथमिक शिक्षाको लागि तयार गर्न गुणस्तरीय प्रारम्भिक बालविकास, हेरचाह र पूर्वप्राथमिक शिक्षामा उनीहरूको पहुँच सुनिश्चित गर्ने,

(ग) क्षमताले धान्न सकिने तथा गुणस्तरीय प्राविधिक, व्यावसायिक र विश्वविद्यालय सम्मकै शिक्षामा सबै महिला र पुरुषहरूको समान पहुँचको सुनिश्चितता गर्ने,

(घ) रोजगारी, मर्यादित जागिर र उद्यमशीलताको निम्ति प्राविधिक एवम् व्यावसायिक दक्षता लगायतका सान्दर्भिक सिप र दक्षता भएका युवा र वयस्कहरूको सङ्ख्या वृद्धि गर्ने र

(ङ) शिक्षामा लैङ्गिक असमानताहरूको अन्त्य गर्ने र कमजोर अवस्थामा रहेका मानिसहरूको लागि शिक्षा र व्यावसायिक तालिमका सबै तहहरूमा समान पहुँचको सुनिश्चितता गर्ने जस्ता परिमाणात्मक लक्ष्य राखेको छ। यसरी शिक्षाको समग्र विकासका लागि विभिन्न क्षेत्रसँग सहकार्य गर्दै स्थानीय तहको जनशक्ति र आवश्यकतालाई समेटी कार्यन्वयन गर्दा अझ प्रभावकारी हुने देखिन्छ।

### १.१.२ सन्दर्भ

शैक्षिक क्षेत्रको विकेन्द्रीकरण सँगसँगै नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकार सञ्चालनका लागि अधिकार प्रत्यायोजन गरेको छ। सोही अनुसार आधारभुत शिक्षा र माध्यमिक तहको शिक्षा स्थानीय सरकारको अधिकार क्षेत्रभित्र परेकोले शैक्षिक योजना वनाइ सोको कार्यान्वयन गर्नका लागि महत्वपूर्ण रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन भित्र पर्ने शिक्षा सम्वन्धि २३ वटा अधिकार व्यवस्था गरेको छ नीतिगत व्यवस्थामा सुधार भएको, निशुल्क र अनिवार्य शिक्षा लागु, शिक्षामा लगानि वृद्धि, विद्यालयको संस्थागत संरचनामा सुधार भएको देखिन्छ।

नेपाल आफैंमा विविधतायुक्त देश हो। नेपालमा सयभन्दा बढी जातजाति र भाषाभाषी, विविध धर्मावलम्बी र संस्कृति छन्। नेपालमा भौगोलिक विविधतामा आधारित सांस्कृतिक र सामाजिक विविधता पनि विद्यमान रहेको छ। यो विविधतामा अनेकौं सौन्दर्यता पनि लुकेकोछ। विविधतामा एकता नेपाली समाजको विशेषता हो। विविधताको सौन्दर्यतालाई राष्ट्रिय भावनामा बदल्न सके मात्र विविधताले सकारात्मक परिणाम दिन सक्छ। सकारात्मक परिणाम दिन सक्ने गरी गरिएको व्यवस्थापन अहिलेको आवश्यकता हो। विविधता नेपाल राज्यको मौलिक पहिचान हो। यसैले विविधताको व्यवस्थापन नेपालको सन्दर्भमा समेत सामयिक बन्ने गरेको छ।

### १.१.३ विनयी त्रिवेणी गाउँपालिकाको परिचय

विनयी त्रिवेणी गाउँपालिका  नेपालको गण्डकी प्रदेश, नवलपरासी बर्दघाट सुस्ता पुर्वमा अवस्थित छ। नेपाल  सरकार मन्त्रि परिषद्को मिति २०७३ फाल्गुन २७ गतेको निर्णयले दुम्किबास गा.वि.स, बेनिमणिपुर गा.बि.स, धुरकोट (६ वटा वडा), राकाचुली (४ वटा वडा) र त्रिवेणी सुस्ता (२  वटा वडा) गा.वि.स हरु मिलाएर "विनयी त्रिवेणी गाउँपालिका" घोषणा गरिएको हो। यस गाउँपालिका २८८.०६ वर्ग कि.मि छेत्रफल वोगटेको छ।

नेपालको पुर्व देखि पश्चिमसम्म फैलिएको महेन्द्र राजमार्ग यस गाउँपालिकाको मुख्य राजमार्गको रुपमा रहेको छ । यस गाउँपालिकाको सिमानामा पुर्वतर्फ मध्यबिन्दु नगरपालिका र पश्चिमतर्फ बर्दघाट नगरपालिका रहेको छ ।यस गाउँपालिकामा नेपालकै ठुलो सिमेन्ट उद्योग "होंगशी शिवम सिमेन्ट "उद्योग अवस्थित छ । यस गाउँपालिकाको अन्य बिशेषताका रुपमा श्री दाउन्ने देवी मन्दिर, त्रिवेणीको गजेन्द्र मोछधाम ,मदरबाबा तिर्थस्थल रहेका छन, जसले आन्तरिक तथा बाहय तिर्थालु भक्तजनहरुलाई आकर्षण गर्ने गरेको छ । यस गाउँपलिकामा विभिन्न जातजातिहरु जस्तै ब्राह्मण, छेत्री, मगर, थारू, गुरुङ, तामांग, नेवार, कुमाल, परियार, बिश्वकर्मा , आदि बसोबास गर्छन । यस्तै यस क्षेत्रको मुख्य चाडपर्वको रुपमा दशैं, तिहार, लोह्सर, माघी, होलि, आदि रहेको छ ।

### १.१.४ भौगोलिक अवस्थिति तथा सिमाना

यस गाउँपालिकाको भौगोलिक अवस्थिति २७°२६'१४" देखि २७°४४'०९" उत्तरी अक्षांश, ८३°४०'४१" देखी८३°५६'५२"पूर्वी देशान्तरमा पर्दछ । गाउँपालिका समुद्री सतहबाट २७० मिटरसम्मको उचाइमा अवस्थित छ भने २८८.०६ वर्ग कि.मी. क्षेत्रफल रहेको यस गाउँपालिकाको उत्तरमा पाल्पा जिल्ला, पश्चिमतिर बर्दघाट नगरपालिका र पाल्पा जिल्ला, दक्षिणमा बर्दघाट नगरपालिका र चितवान राष्ट्रिय निकुञ्ज रहेको छ भने पूर्वमा मध्यविन्दु नगरपालिका रहेको छ । समथर तराई क्षेत्रमा पर्ने यस गाउँपालिकाको अधिकांश क्षेत्र खेतियोग्य अति उर्वर जमीनले ओगटेको भए पनि पछिल्ला वर्षहरुमा बस्ति तथा गाउँ विस्तारको प्रभावले जग्गा टुक्रिने क्रम बढेको छ । व्यापारिक र प्रशासनिक बाहेक धार्मिक महत्व ओगटेको यो नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लाको विनयी त्रिवेणी गाउँपालिका नदीनाला र ताल पोखरी जस्ता प्राकृतिक श्रोत साधनमा पनि धनी गाउँपालिकाको रुपमा रहेको ।

यस गाउँपालिकाको भू बनोट समथर र केही भाग पहाड रहेको छ । उर्वर मलिलो माटोका कारण प्रशस्त कृषि उत्पादन हुने सम्भावना भए तापनि १२ महिना पानीको श्रोत नभई आकाशे पानीको भर पर्नु पर्ने अवस्था र आज भोलि घर घडेरी, मोटर बाटो निर्माण, कृषिमा मानिसको कम प्राथमिकता आदि कारणले उत्पादन दिन प्रतिदिन घट्दै जानुका साथसाथै वातारणमा प्रतिकुल असर समेत परेको छ । यहाँ मौसम अनुसारको बाह्रै महिना खेतीपाती गर्न सकिन्छ । मुख्य बाली धान, गँहू, मकै, मास, मसुरो, रहर, आलस, तोरी, मुंफाली, आलु आदि हुन् । आज भोलि व्यवसायिक रुपमा बेमौसमी तरकारी खेती, च्याउ खेती, कुखुरा तथा हाँस पालन गरिदै आएको छ । उत्पादित खाद्यन्न तथा तरकारी नजिकैका स्थानीय हाटबजारहरु, बुटवल, बर्दघाट बेचबिखन गरिन्छ । यस जिल्लामा उष्ण प्रदेशीय हावापानी पाइएता पनि बाह्रै महिना एकैनासको हावापानी छैन । चैत्र महिनादेखि भाद्र सम्म गर्मी हुन्छ । आश्विन, कार्तिक , मङ्सिर र फाल्गुनमा यहाँको हावापानी समशितोष्ण हुन्छ भने पौष र माघ महिनामा निकै जाडो हुन्छ । जेष्ठको अन्त्य देखि भाद्रसम्म मनसुनी वायुका कारण प्रशस्त वर्षा हुने गर्छ । यस गाउँपालिका, पूर्वाधार, विकास जस्ता हिसावले पछाडी परेको गाउँपालिका भएता पनि यहाँको कृषियोग्य भूमिको हिसावले अत्यन्तै विकासको सम्भावना वोकेको गाउँपालिका हुनुको साथै उत्प्रेरित समुदायको हिसावले गर्दा दरिलो र दिगो विकासको श्रोत मान्न सकिन्छ ।

यस गाउँपालिकाको वि.सं.२०७८ सालको राष्ट्रिय जनगणना अनुसार कुल जनसङ्ख्या ३८३७० रहेको छ। जस मध्ये महिलाको सङ्ख्या २०२४१ (५२.७५ प्रतिशत) र पुरुषको सङ्ख्या १८१२९ (४७.२५ प्रतिशत) र जम्मा ९०७६ घरधुरी रहेको छ।

तालिका नं. १.१.२.१ वडा अनुसारको घरधुरी र जनसंख्या विवरण

| Ward Number | Male | Female | Total | Percentage | Household |
|---|---|---|---|---|---|
| 1 | 2884 | 3370 | 6254 | 16.30 | 1564 |
| 2 | 3480 | 3782 | 7262 | 18.93 | 1740 |
| 3 | 2240 | 2557 | 4797 | 12.50 | 1095 |
| 4 | 3809 | 4112 | 7921 | 20.64 | 1935 |
| 5 | 1651 | 1828 | 3479 | 9.07 | 776 |
| 6 | 2020 | 2333 | 4353 | 11.34 | 1034 |
| 7 | 2045 | 2259 | 4304 | 11.22 | 932 |
| **Total** | **18129** | **20241** | **38370** | **100.00** | **9076** |

स्रोत : राष्ट्रिया जनगणना २०७८

तालिका नं. १.१.२.२ उमेर समुह अनुसारको जनसंख्या विवरण

| SN | Category | Male | Female | Total | Percentage |
|---|---|---|---|---|---|
| 1 | 95+ | 10 | 12 | 22 | 0.06 |
| 2 | 90-94 | 12 | 24 | 36 | 0.09 |
| 3 | 85-89 | 52 | 40 | 92 | 0.24 |
| 4 | 80-84 | 109 | 104 | 213 | 0.56 |
| 5 | 75-79 | 206 | 222 | 428 | 1.12 |
| 6 | 70-74 | 379 | 402 | 781 | 2.04 |
| 7 | 65-69 | 538 | 552 | 1090 | 2.84 |
| 8 | 60-64 | 620 | 687 | 1307 | 3.41 |
| 9 | 55-59 | 660 | 780 | 1440 | 3.75 |
| 10 | 50-54 | 890 | 1005 | 1895 | 4.94 |
| 11 | 45-49 | 896 | 1008 | 1904 | 4.96 |
| 12 | 40-44 | 1103 | 1374 | 2477 | 6.46 |
| 13 | 35-39 | 1227 | 1560 | 2787 | 7.26 |
| 14 | 30-34 | 1324 | 1777 | 3101 | 8.08 |
| 15 | 25-29 | 1371 | 1944 | 3315 | 8.64 |
| 16 | 20-24 | 1523 | 1945 | 3468 | 9.04 |
| 17 | 15-19 | 1891 | 1958 | 3849 | 10.03 |
| 18 | 10-14 | 1793 | 1762 | 3555 | 9.27 |
| 19 | 05-09 | 1872 | 1619 | 3491 | 9.10 |
| 20 | 00-04 | 1653 | 1466 | 3119 | 8.13 |
| **Total** | | **18129** | **20241** | **38370** | **100** |

स्रोत : राष्ट्रिया जनगणना २०७८

तालिका नं १.१.२.३ धर्मका आधारमा जनसङ्ख्या प्रतिशत

| SN | Name of Religion | Male | Female | Total | Percentage | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | Hindu | 14854 | 16623 | 31477 | 82.04 | |
| 2 | Bouddha | 2368 | 2612 | 4980 | 12.98 | |
| 3 | Islam | 352 | 363 | 715 | 1.86 | |
| 4 | Kirat | 4 | 2 | 6 | 0.02 | |
| 5 | Christian | 470 | 553 | 1023 | 2.67 | |
| 6 | Prakriti | 9 | 7 | 16 | 0.04 | |
| 7 | Bon | 72 | 81 | 153 | 0.40 | |
| | **Total** | **18129** | **20241** | **38370** | **100** | |

स्रोत : राष्ट्रिया जनगणना २०७८

तालिका नं १.१.२.४ मातृभाषाको आधारमा जनसंख्या विवरण

| SN | Mother Tongue | Population | | | Percentage |
|---|---|---|---|---|---|
| | | Total | Male | Female | |
| 1 | **All MTongues** | **38370** | **18129** | **20241** | **100** |
| 2 | Nepali | 22356 | 10608 | 11748 | 58.26 |
| 3 | Maithili | 48 | 31 | 17 | 0.13 |
| 4 | Bhojpuri | 2168 | 1126 | 1042 | 5.65 |
| 5 | Tharu | 1046 | 530 | 516 | 2.73 |
| 6 | Tamang | 294 | 159 | 135 | 0.77 |
| 7 | Nepalbhasha(Newari) | 265 | 117 | 148 | 0.69 |
| 8 | Magar Dhut | 10764 | 4862 | 5902 | 28.05 |
| 9 | Urdu | 166 | 78 | 88 | 0.43 |
| 10 | Avadhi | 15 | 6 | 9 | 0.04 |
| 11 | Gurung | 660 | 314 | 346 | 1.72 |
| 12 | Rai | 12 | 7 | 5 | 0.03 |
| 13 | Rajbanshi | 48 | 21 | 27 | 0.13 |
| 14 | Hindi | 112 | 69 | 43 | 0.29 |
| 15 | Chepang | 11 | 7 | 4 | 0.03 |
| 16 | Majhi | 11 | 6 | 5 | 0.03 |
| 17 | Bangla | 11 | 6 | 5 | 0.03 |
| 18 | Kumal | 204 | 89 | 115 | 0.53 |
| 19 | Darai | 14 | 6 | 8 | 0.04 |
| 20 | Bote | 18 | 10 | 8 | 0.05 |
| 21 | Sanskrit | 98 | 51 | 47 | 0.26 |
| 22 | Others | 49 | 26 | 23 | 0.13 |

स्रोत : राष्ट्रिया जनगणना २०७८

तालिका नं १.१.२.५ जातिगत आधारमा जनसङ्ख्या विवरण

| SN | Caste/ethinicity | Population | | | Percentage |
|---|---|---|---|---|---|
| | | Total | Male | Female | |
| 1 | All Caste | 38370 | 18129 | 20241 | 100.00 |
| 2 | Kshetri | 3310 | 1601 | 1709 | 8.63 |
| 3 | Brahman – Hill | 4467 | 2134 | 2333 | 11.64 |
| 4 | Magar | 16306 | 7500 | 8806 | 42.50 |
| 5 | Tharu | 1225 | 620 | 605 | 3.19 |
| 6 | Tamang | 604 | 315 | 289 | 1.57 |
| 7 | Newa:(Newar) | 899 | 403 | 496 | 2.34 |
| 8 | Bishwokarma | 3275 | 1518 | 1757 | 8.54 |
| 9 | Musalman | 610 | 314 | 296 | 1.59 |
| 10 | Yadav | 68 | 39 | 29 | 0.18 |
| 11 | Rai | 93 | 41 | 52 | 0.24 |
| 12 | Gurung | 1445 | 679 | 766 | 3.77 |
| 13 | Pariyar | 906 | 419 | 487 | 2.36 |
| 14 | Thakuri | 525 | 236 | 289 | 1.37 |
| 15 | Yakthung/Limbu | 12 | 3 | 9 | 0.03 |
| 16 | Mijar | 515 | 262 | 253 | 1.34 |
| 17 | Teli | 156 | 78 | 78 | 0.41 |
| 18 | Koiri/Kushwaha | 127 | 64 | 63 | 0.33 |
| 19 | Musahar | 224 | 114 | 110 | 0.58 |
| 20 | Kurmi | 65 | 31 | 34 | 0.17 |
| 21 | Sanyasi/Dasnami | 105 | 54 | 51 | 0.27 |
| 22 | Dusadh/Pasawan/Pasi | 13 | 6 | 7 | 0.03 |
| 23 | Mallaha | 155 | 79 | 76 | 0.40 |
| 24 | Kewat | 44 | 26 | 18 | 0.11 |
| 25 | Kathabaniyan | 169 | 105 | 64 | 0.44 |
| 26 | Brahman – Tarai | 328 | 169 | 159 | 0.85 |
| 27 | Kalwar | 28 | 16 | 12 | 0.07 |
| 28 | Kanu | 55 | 28 | 27 | 0.14 |
| 29 | Kumal | 1354 | 635 | 719 | 3.53 |
| 30 | Gharti/Bhujel | 29 | 18 | 11 | 0.08 |
| 31 | Hajam/Thakur | 11 | 9 | 2 | 0.03 |
| 32 | Rajbansi | 35 | 18 | 17 | 0.09 |
| 33 | Sherpa | 10 | 5 | 5 | 0.03 |
| 34 | Dhobi | 50 | 26 | 24 | 0.13 |
| 35 | Sundi | 13 | 8 | 5 | 0.03 |
| 36 | Majhi | 26 | 14 | 12 | 0.07 |
| 37 | Baraee | 28 | 14 | 14 | 0.07 |
| 38 | Bin | 34 | 17 | 17 | 0.09 |
| 39 | Nuniya | 10 | 4 | 6 | 0.03 |

| | | | | | |
|---|---|---|---|---|---|
| 40 | Chepang/Praja | 14 | 8 | 6 | 0.04 |
| 41 | Sonar | 90 | 44 | 46 | 0.23 |
| 42 | Sunuwar | 39 | 19 | 20 | 0.10 |
| 43 | Kahar | 50 | 23 | 27 | 0.13 |
| 44 | Kayastha | 23 | 11 | 12 | 0.06 |
| 45 | Rajput | 28 | 12 | 16 | 0.07 |
| 46 | Darai | 184 | 93 | 91 | 0.48 |
| 47 | Thakali | 25 | 14 | 11 | 0.07 |
| 48 | Chhantyal/Chhantel | 21 | 12 | 9 | 0.05 |
| 49 | Bote | 21 | 10 | 11 | 0.05 |
| 50 | Rajbhar | 28 | 11 | 17 | 0.07 |
| 51 | Gaine | 11 | 7 | 4 | 0.03 |
| 52 | Baniyan | 127 | 65 | 62 | 0.33 |
| 53 | Others | 43 | 23 | 20 | 0.11 |
| 54 | Foreigner | 337 | 155 | 182 | 0.88 |

स्रोत : राष्ट्रिय जनगणना २०७८

### १.१.५ शैक्षिक स्थिति

विनयी त्रिवेणी गाउँपालिकामा पूर्व प्राथमिक विद्यालय देखि आधारभूत तह हुँदै उच्च तह सम्मको शैक्षिक सेवाहरुको प्रवाह शिक्षण संस्थाहरुबाट भइरहेको छ । शिक्षाको अवस्था हेर्दा सन्तोषजनक रहेको भएता पनि सामुदायिक तथा संस्थागत विद्यालय बिचको गुणस्तर मात्र नभएर सामुदायिक विद्यालयहरुमा समेत गुणस्तरमा विविधता देखिएको छ । शैक्षिक अवस्थालाई विश्लेषण गर्दा सामुदायिक तथा संस्थागत विद्यालयको मात्र नभएर जिल्ला भित्रका राम्रो विद्यालयहरु यस गाउँपालिकामा रहेको छन् ।

यस गाउँपालिकामा संचालित सामुदायिक विद्यालयहरु ४२ छन् जसमध्ये १-५ चलेका १७, १-८ चलेका १४, १-१० चलेका ६, १-१२ चलेका ५, वटा र ३ वटा धार्मिक विद्यालय रहेका छन् । त्यसैगरी संस्थागत तर्फ संचालित ११ विद्यालय मध्ये १-५ चलेका ४ वटा, १-१० चलेका ६ वटा, १-१२ चलेका १ वटा विद्यालय गरि गरी जम्मा विद्यालय संख्या ५३ वटा सञ्चालनमा रहेका छन् । सामुदायिक बालविकास ४२, सामुदायिक सिकाई केन्द्र १ र संस्थागत विद्यालय तर्फ बालविकास कक्षा ११ गरी जम्मा बालबिकास कक्षा ५३ वटा सञ्चालनमा रहेको छन् ।

तालिका नं १.१.३.१ सामुदायिक तथा संस्थागत विद्यालय विवरण

| संस्थाहरु | सामुदायिक | संस्थागत | धार्मिक | जम्मा |
|---|---|---|---|---|
| बालविकास केन्द्र | ४२ | - | - | ४२ |
| आधारभूत तह (१-५) | १७ | ४ | | २१ |
| आधारभूत तह (१-८) | १४ | - | - | १४ |
| माध्यमिक तह(१-१०) | ६ | ६ | - | १२ |

| | | | | |
|---|---|---|---|---|
| माध्यमिक तह(१-१२) | ५ | १ | - | ६ |
| धार्मिक | ३ | - | - | ३ |
| क्याम्पस | २ | - | - | २ |
| सामुदायिक सिकाइ केन्द्र | १ | - | - | १ |
| जम्मा | ९० | ११ | - | १०१ |

स्रोत: शिक्षा युवा तथा खेलकुद शाखा २०८०

## तालिका नं १.१.३.२ सामुदायिक विद्यालय र विद्यार्थी विवरण

| क्र.स. | विद्यालयको नाम | IEMIS | कूल विद्यार्थी २०७९ | | | कूल विद्यार्थी २०८० | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| 1 | Shishukalyan Basic School | 480070002 | 130 | 161 | 291 | 135 | 148 | 283 |
| 2 | Janata Basic School | 480070003 | 88 | 84 | 172 | 78 | 74 | 152 |
| 3 | Beni Kalyan Pra V | 480070004 | 41 | 47 | 88 | 29 | 22 | 51 |
| 4 | Sano Manisiddha Pra V | 480070006 | 51 | 35 | 86 | 48 | 43 | 91 |
| 5 | Gautam Basic School | 480070007 | 118 | 119 | 237 | 114 | 115 | 229 |
| 6 | Manisiddha Basic School | 480070009 | 68 | 88 | 156 | 73 | 95 | 168 |
| 7 | Jana Kalyan Basic School | 480070010 | 57 | 46 | 103 | 64 | 51 | 115 |
| 8 | Suryajyoti Secondary School | 480070011 | 182 | 185 | 367 | 181 | 185 | 366 |
| 9 | Dipendra Secondary School | 480070012 | 533 | 490 | 1023 | 452 | 443 | 895 |
| 10 | Bal Kalyan Pra V | 480070013 | 11 | 4 | 15 | 9 | 9 | 18 |
| 11 | Jana Ujjwol Basic School | 480180001 | 35 | 34 | 69 | 31 | 36 | 67 |
| 12 | Siddha Pra V | 480180002 | 44 | 48 | 92 | 24 | 26 | 50 |
| 13 | Bhawani Basic School | 480180003 | 56 | 68 | 124 | 46 | 56 | 102 |
| 14 | Balhit basic school | 480180007 | 24 | 26 | 50 | 26 | 27 | 53 |
| 15 | Bataschuli Basic School | 480180008 | 74 | 89 | 163 | 66 | 79 | 145 |
| 16 | Bhanudaya Secondary School | 480180011 | 329 | 361 | 690 | 315 | 333 | 648 |
| 17 | Shree Namuma Basic School | 480180013 | 18 | 27 | 45 | 18 | 22 | 40 |
| 18 | Jana Jagriti Basic School | 480200001 | 74 | 82 | 156 | 68 | 80 | 148 |
| 19 | Ratna Ranikuwa Basic School | 480200002 | 18 | 21 | 39 | 25 | 23 | 48 |
| 20 | Bhrikuti Basic School | 480200003 | 26 | 32 | 58 | 27 | 23 | 50 |
| 21 | Shree Bhulkepani Basic School | 480200004 | 54 | 68 | 122 | 55 | 65 | 120 |
| 22 | Janak Basic School | 480200005 | 52 | 60 | 112 | 49 | 55 | 104 |
| 23 | Mani Sangam Secondary School | 480200006 | 248 | 230 | 478 | 224 | 231 | 455 |
| 24 | Shree Laxmi Basic School | 480200007 | 75 | 88 | 163 | 81 | 92 | 173 |
| 25 | Manakamana Secondary School | 480200008 | 128 | 123 | 251 | 134 | 136 | 270 |
| 26 | Saraswati Pra V | 480200009 | 47 | 49 | 96 | 46 | 54 | 100 |
| 27 | Bhanudaya Model Secondary School | 480200011 | 582 | 617 | 1199 | 542 | 586 | 1128 |
| 28 | Shree Ahingsavadee Mahabouddha Anath Secondary Vidhyapeeth | 480200012 | 63 | 78 | 141 | 63 | 83 | 146 |
| 29 | Sankha Pra V | 480540001 | 15 | 11 | 26 | 13 | 12 | 25 |
| 30 | Bhawani Secondary School | 480540003 | 88 | 70 | 158 | 76 | 66 | 142 |
| 31 | B P Pra V | 480540006 | 11 | 14 | 25 | 10 | 15 | 25 |
| 32 | Janapriya Pra V | 480540007 | 12 | 16 | 28 | 10 | 14 | 24 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 33 | Rastriya Pra V | 480540008 | 16 | 6 | 22 | 14 | 8 | 22 |
| 34 | Nabodaya Basic School | 480540014 | 6 | 8 | 14 | 1 | 3 | 4 |
| 35 | Rastriya Basic School | 480730001 | 183 | 180 | 363 | 174 | 189 | 363 |
| 36 | Shivapurgadhi Secondary School | 480730002 | 265 | 259 | 524 | 254 | 258 | 512 |
| 37 | Narayani Gandaki Sa.Tatha San. Secondary School | 480730003 | 328 | 349 | 677 | 397 | 459 | 856 |
| 38 | Suryodaya Basic School | 480730004 | 40 | 55 | 95 | 46 | 57 | 103 |
| 39 | Nepal Basic School | 480730005 | 109 | 109 | 218 | 116 | 123 | 239 |
| 40 | Nawa Durga Basic School | 480730007 | 28 | 25 | 53 | 31 | 23 | 54 |
| 41 | Madrassa Islamiya Imdadul Olum | 480730011 | 45 | 34 | 79 | 52 | 43 | 95 |
| 42 | Shree Muktinath Peeth Ved Vidyashram | 480730012 | | 64 | 64 | | 50 | 50 |
| | **Total** | | **4372** | **4560** | **8932** | **4217** | **4512** | **8729** |

स्रोत: IEMIS Report 2080

## तालिका नं १.१.३.३ संस्थागत विद्यालय र विद्यार्थी विवरण

| क्र.स. | **विद्यालयको नाम** | IEMIS | **कूल विद्यार्थी जम्मा २०७९** | | | **कूल विद्यार्थी जम्मा २०८०** | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | **छात्र** | **छात्रा** | **जम्मा** | **छात्र** | **छात्रा** | **जम्मा** |
| 1 | Richard English Boarding School | 480070001 | 94 | 156 | 250 | 73 | 112 | 185 |
| 2 | Sardi Academy | 480070005 | 222 | 296 | 518 | 179 | 227 | 406 |
| 3 | Blue Star English Secondary School | 480200010 | 217 | 254 | 471 | 174 | 206 | 380 |
| 4 | Shantideep Academy | 480200013 | 136 | 145 | 281 | 135 | 157 | 292 |
| 5 | Lakhan Thapa Memorial Academy | 480200014 | 136 | 242 | 378 | 146 | 229 | 375 |
| 6 | Baguwan Ebs | 480200015 | 17 | 17 | 34 | 10 | 16 | 26 |
| 7 | New Lakhan Thapa Memorial Academy | 480200016 | 80 | 95 | 175 | 74 | 89 | 163 |
| 8 | Lakhan Thapa Galaxy Academy | 480200017 | 26 | 24 | 50 | 36 | 35 | 71 |
| 9 | Ujjwal Shishu Eng. Boarding Secondary School | 480730008 | 211 | 327 | 538 | 202 | 323 | 525 |
| 10 | Blooming Buds Boarding School | 480730013 | 153 | 219 | 372 | 155 | 198 | 353 |
| 11 | Gajendra Moksha Ebs | 480730014 | 28 | 34 | 62 | 27 | 31 | 58 |
| | **Total** | | **1320** | **1809** | **3129** | **1211** | **1623** | **2834** |

स्रोत: IEMIS Report 2080

## तालिका नं १.१.३.४ सामुदायिक सिकाइ केन्द्रहरुको विवरण

| क्र.स. | सिकाइ केन्द्रको नाम | ठेगाना | अध्यक्ष | परिचालकको नाम | कैफियत |
|---|---|---|---|---|---|
| १ | सर्दी सामुदायिक सिकाइ केन्द्र | विनयी त्रिवेणी | | सन कुमारी साठीघरे | ९८६०५८१४९४ |

| | | गापा-४ | | | |
|---|---|---|---|---|---|

स्रोत: विनयी त्रिवेणी गाउँपालिका शिक्षा शाखा

तालिका नं १.१.३.५ पाँच वर्ष र पाँच वर्ष भन्दा माथिको साक्षरता विवरण

| Wards | Sex | Population who | | | Not stated | Population aged 5 years & above | Literacy Rate |
|---|---|---|---|---|---|---|---|
| | | Can read & write | Can read only | Can't read & write | | | |
| **All Wards** | Total | 35251 | 28895 | 260 | 5997 | 99 | 81.97 |
| | Male | 16476 | 14595 | 85 | 1747 | 49 | 88.58 |
| | Female | 18775 | 14300 | 175 | 4250 | 50 | 76.17 |
| **1** | Total | 5747 | 4810 | 54 | 879 | 4 | 83.7 |
| | Male | 2617 | 2345 | 20 | 251 | 1 | 89.61 |
| | Female | 3130 | 2465 | 34 | 628 | 3 | 78.75 |
| **2** | Total | 6669 | 5542 | 17 | 1108 | 2 | 83.1 |
| | Male | 3142 | 2822 | 6 | 313 | 1 | 89.82 |
| | Female | 3527 | 2720 | 11 | 795 | 1 | 77.12 |
| **3** | Total | 4346 | 3507 | 20 | 810 | 9 | 80.69 |
| | Male | 1998 | 1739 | 9 | 244 | 6 | 87.04 |
| | Female | 2348 | 1768 | 11 | 566 | 3 | 75.3 |
| **4** | Total | 7288 | 5994 | 25 | 1262 | 7 | 82.24 |
| | Male | 3495 | 3095 | 5 | 390 | 5 | 88.56 |
| | Female | 3793 | 2899 | 20 | 872 | 2 | 76.43 |
| **5** | Total | 3182 | 2548 | 43 | 591 | 0 | 80.08 |
| | Male | 1484 | 1299 | 18 | 167 | 0 | 87.53 |
| | Female | 1698 | 1249 | 25 | 424 | 0 | 73.56 |
| **6** | Total | 4058 | 3369 | 92 | 531 | 66 | 83.02 |
| | Male | 1870 | 1689 | 25 | 125 | 31 | 90.32 |
| | Female | 2188 | 1680 | 67 | 406 | 35 | 76.78 |
| **7** | Total | 3961 | 3125 | 9 | 816 | 11 | 78.89 |
| | Male | 1870 | 1606 | 2 | 257 | 5 | 85.88 |
| | Female | 2091 | 1519 | 7 | 559 | 6 | 72.64 |

स्रोत: राष्ट्रिय जनगणना २०५८

तालिका नं १.१.३.६ सामुदायिक विद्यालयमा शिक्षक विवरण

| विवरण | प्रारम्भिक बाल विकास सहजकर्ता | आधारभूत तह (कक्षा १-५) | आधारभूत तह (कक्षा ६-८) | माध्यमिक (९-१०) | माध्यमिक (११-१२) | जम्मा |
|---|---|---|---|---|---|---|
| जम्मा | ४६ | १९८ | ४० | २४ | १० | ३१८ |
| जम्मा दरवन्दी | | १५४ | २३ | १५ | २ | १९४ |
| जम्मा राहत | ४६ | ४४ | १५ | ७ | ४ | ७० |
| कम्प्युटर इन्जिनियरीङ्ग (निम्न माध्यमिक २, मावि २, उच्चमावि ४) | | | २ | २ | ४ | ८ |

स्रोत: विनयी त्रिवेणी गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखा २०८०

### १.१.६ गाउँपालिकाको शैक्षिक समस्या तथा चुनौती र अवसरहरू

#### क शैक्षिक समस्या

विनयी त्रिवेणी गाउँपालिकाको माथि विश्लेषण गरिएको शैक्षिक अवस्था र गाउँपालिकाले अनुभूति र भोगेका समस्याहरू निम्न अनुसार रहेका छन्-:

१. शिक्षकले पढाउनु पर्ने विषय संग सम्बन्धित बार्षिक, एकाइ र दैनिक शिक्षण योजना बिना शिक्षण कार्य संचालन भएको।
२. विद्यालले आफ्नो समग्र विकासको निम्ति विद्यालय सुधार योजनाको निर्माण र प्रत्येक बर्ष अध्यवधिक हुन नसक्ने अवस्था रहेको।
३. वर्तमान परिवर्तित पाठ्यक्रमलाई शिक्षक सामु यथोचित तवरले प्रबोधीकरण गर्ने कार्य हुन सकेको छैन जसले गर्दा परिवर्तित पाठ्यक्रम र पाठ्यपुस्तक कक्षाकोठामा सही ढंगले प्रयोग हुन नसक्नु।
४. विद्यार्थीहरु निर्धारित उमेर अनुसार कक्षामा नहुनु।
५. शिक्षा पूर्ण रूपमा निःशुल्क हुन नसक्नु।
६. विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरवन्दी नहुनु।
७. विद्यालयले शैक्षिक गुणस्तर भन्दा भौतिक विस्तारमा बढी ध्यान दिनु।
८. शिक्षकहरूको पेशागत विकास तालिम भएर पनि तालिमबाट प्राप्त गरेको ज्ञान र सीप कक्षाकोठामा शिक्षण सिकाइ क्रियाकलापमा कम प्रयोग हुनु।
९. आधारभूत विद्यालय उमेर समूहका केही सुविधाविहीन समूहका बालबालिकाहरू विद्यालय बाहिर रहिरहनु।
१०. विद्यालय भर्ना भएका मध्ये खास गरि बसाइ सराइका कारण केही विद्यार्थी कक्षा छाड्नु समस्या रहेको।
११. शैक्षिक सुशासन र पारदर्शिता सम्बन्धि समस्या।
१२. सार्वजनिक शिक्षामा स्थानीय समुदायको पूर्ण रुपमा अपनत्व हुन नसक्नु।
१३. उच्च शिक्षा प्रतिस्पर्धी, उत्पादनमुखी र अनुसन्धानमूलक हुन नसक्नु।
१४. सरकारबाट शिक्षामा पर्याप्त लगानी हुन नसक्नु।

१५. निजामत ी कर्मचारी र शिक्षकको सेवा, सुविधा र मर्यादा समान हुन नसक्दा शिक्षण पेशा रोजाइको पेशा हुन नसक्नु।
१६. विद्यालयको भौतिक अवस्था सन्तोष जनक नहुनु
१७. विद्यालयको शैक्षिक गुणस्तर अपेक्षित रुपमा बृद्धि हुन नसक्नु।
१८. निजी क्षेत्रबाट सञ्चालित विद्यालयहरू पूर्ण रुपमा सेवामुखी नहुनु।
१९. विद्यार्थी मूल्याङ्कन गर्दा लिखित परीक्षा प्रणालीलाई बढि प्राथमिकता दिईनु।
२०. विद्यार्थीहरूको सिकाइ उपलब्धि सन्तोषजनक नहुनु।
२१. सामुदायिक विद्यालयका शिक्षकहरू प्रति उत्प्रेरणामा कमीका कारण पेशाप्रतिको लगनशीलता, उत्तरदायित्व र समर्पणमा न्यूनता।
२२. कोभिड -१९ जस्तो महामारीमा शिक्षण सिकाइमा भएको क्षतिलाई परिपुरण गर्न नसकेको।
२३. शिक्षण सिकाइमा सामग्री निर्माण, संकलन र प्रयोगको समस्य रहेको।
२४. छापामय कक्षाकोठाको वातावरण प्रयप्त नहुनु।
२५. कक्षाकोठामा उपयुक्त सेतोपाटि र स्मार्टबोर्डको व्यवस्थापन हुन नसकेको।
२६. विद्यार्थिको उमेर अनुसारको स्तरयुक्त फर्निचरको व्यवस्था नहुनु।
२७. कमजोर विद्यार्थिहरुको लागि उपचारात्मक शिक्षणको प्रबन्ध हुन नसेको।
२८. दैनिक स्वस्थ्य सुचि जाँच सम्बन्धि विकास गरिएको विद्यार्थी हाजिरी पुस्तिकाको पुर्ण उपयोग हुन नसकेको।
२९. विद्यालयमा विद्यार्थिहरुको सिकाइ उपलब्धि बढाउन घटना अध्ययन, परियोजना कार्य र कार्यमुलक अनुसन्धान हुन नसकेको।
३०. सिकाइमा सूचना तथा संचार प्रविधि प्रयोग गर्न विद्यालय शिक्षक र विद्यार्थी इच्छुक भएर पनि विद्यालयमा त्यस किसिमको वातावरण नहुनु।
३१. विद्यालय व्यवस्थापन समितिको विद्यालय प्रतिको समग्र जिम्मेवारी हुनुपर्ने हो तर सो हुन नसक्नु।
३२. विद्यालय अनुगमन निरीक्षण सुपरिवेक्षण तथा शिक्षक सहायताका कार्य र आवश्यक संयन्त्रको विकास हुन नसक्नु।
३३. कतिपय विद्यालयहरूमा विद्यार्थी संख्या ज्यादै न्यून रहेको छ, विद्यालय समायोजन र तह घटाउने कार्य हुन नसक्नु।
३४. पाठ्यक्रम अध्ययन गरी पठन पाठन हुनुपर्नेमा विद्यार्थीको पाठ्य पुस्तकलाई नै मुख्य आधास्तम्भ मानी शिक्षण भएको पाइन्छ। पाठ्यक्रम र शिक्षक निर्देशिकाको कम प्रयोग हुनु।
३५. विद्यार्थीको मूल्याङ्कनका लागि पाठ्यक्रमले तोकेबमोजिम विद्यार्थी मूल्याङ्कन, र अभिलेख अध्यवधिक हुन नसक्नु।
३६. पेशागत क्षमता विकास सम्बन्धि कार्यविधि कार्यान्वयनको समस्या रहेको।
३७. पेशागत क्षमता विकास सम्बन्धि विद्यालय तहबाट आफ्नै कार्यक्रम कार्यन्वयनको तर्जुमा हुन नसक्नु।
३८. योग्यता पुगेको र वर्तमान शिक्षा नियमावलीले तोके अनुसारको प्रधानाध्यापक नियुक्त नहुन ु।

३९. प्रधानाध्यापकले प्रशासनिक कार्य र शिक्षण समेत गर्नु पर्ने भएकोले विद्यालय व्यवस्थापन र शैक्षिक प्रशासन आशातित प्रभावकारी हुन नसक्नु ।
४०. विद्यार्थि शिक्षकको अनुपातको आधारमा शिक्षक दरवन्दीको व्यवस्था र कक्षा अनुसार शिक्षक दरवन्दीको व्यवस्था हुन नसकेको ।
४१. दरवन्दी मिलान कार्यमा सरोकारवालाहरुको साथ सहयोगको अभावले कार्य सम्पन्न हुन नसकेको ।
४२. शिक्षकको कार्य सम्पादनमा विद्यार्थीको सिकाइ उपलब्धिलाई नजोडिनु र कार्य सम्पादनको उत्कृष्टताको शिक्षकलाई पुरस्कार र दण्डको प्रवन्ध हुन नसक्नु ।
४३. हरित विद्यालयको अवधारणाको पुर्ण रुपमा कार्यान्वियन हुन नसक्नु ।
४४. विद्यालय शान्ति क्षेत्र सम्बन्धि राष्ट्रिय प्रारुप तथा अवधारणाको कार्यान्वियन हुन नसक्नु ।
४५. विद्यालय स्वस्थ्य तथा पोषण कार्यक्रम अन्तर्गत जुकाको औषधि, प्रथमिक उपचार बाकस, दिवा खाजा, शरीरिक परीक्षण, पोषण सप्ताह, बाल क्लब गठन र परिचालन हुन नसकेको ।
४६. अभिभावक, अभिभावन तथा अभिभावक सचेतना सम्बन्धि कार्यक्रम निरन्तर रुपमा संचालन हुन नसकेकको ।
४७. आर्थिक सुशासनका निम्ति विद्यालय लेखा आन्तरिक लेखा परिक्षण र सामाजिक परिक्षण प्रभावकारी रुपमा हुन नसक्नु ।
४८. विद्यालयका निम्ति आवश्यक पर्ने अभिलेखहरु व्यवस्थित हुन नसकेको ।
४९. सर्वोत्कृट, उत्कृष्ट, असल र सुधारको आवश्कता भएको विद्यालयहरुको पहिचानको निम्ति परिक्षण सम्बन्धि कार्य सञ्चालन हुन नसकेको ।
५०. गरेका कामहरुको प्रतिबेदन तत् ठाउँमा प्रेषण गर्ने परिपाटि नहुनु ।

### ख) चुनौतीहरु

यस गाउँपालिकामा विद्यालय शिक्षामा देखिएका तपसिल बमोजिमका चुनौतीहरु रहेको देखिन्छ ।

- स्तरयुक्त भौतिक पूर्वाधारको विकास ।
- गुणस्तरको सुनिश्चितता सहित सार्वजनिक शिक्षाप्रतिको आकर्षण अभिवृद्धि गर्न ।
- विद्यार्थी संख्याको अनुपातमा शिक्षक व्यवस्थापन गर्न ।
- शैक्षिक सुशासन, पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व अभिवृद्धि गर्न ।
- शिक्षण सिकाइ पद्धतिलाई व्यवहारिक बनाउन ।
- बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप अनुसार विद्यालय व्यवस्थापन गर्न ।
- विद्यालय बाहिर रहेका सबै बालबालिकाहरुलाई विद्यालय शिक्षाको मूल प्रवाहमा समाहित गर्न ।
- अपेक्षित सिकाइ उपलब्धि प्राप्त गर्न ।
- सूचना तथा सञ्चार प्रविधिले ल्याएका विविध अवसरहरूको सदुपयोग गर्न ।
- अभिभावकहरु आफ्ना बालबालिकाहरुलाई शिक्षा प्रति जनचासोमा कमी ।

- शैक्षिक सुधारका लागि सरोकारवालाहरूबिच अपनत्व सिर्जना हुन।
- शिक्षक तथा शिक्षाक्षेत्रको जनशक्तिमा पेशागत जवाफदेहिता सुनिश्चित गर्न।
- विद्यालय शान्ति क्षेत्र घोषणा कार्यान्वयन हुन।
- सार्वजनिक शिक्षामा सबै नागरिकको विश्वास जगाउने वातावरण सिर्जना गर्न।
- नक्साङ्कनको आधारमा विद्यालय अनुमति एवम् स्थापना र समायोजन गरी सबै विद्यालय शिक्षामा बालबालिकाको पहुँच र सहभागिता सुनिश्चित गर्न।
- आधारभूत तहको शिक्षालाई अनिवार्य तथा नि:शुल्क एवं माध्यमिक तहको शिक्षालाई निःशुल्क र गुणस्तरीय बनाउन।
- विद्यालय शिक्षालाई प्रकोप, विपद, संकट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील बनाउन।
- विद्यालय स्वास्थ्य तथा पोषणमा सम्बन्धि राष्ट्रिय रणनीतिले उल्लेख गरेका कार्यक्रमहरुको कार्यान्वयन।
- विपन्न तथा सुविधाविहीन बालबालिकाहरूलाई छात्रवृत्ति लगायत अन्य सहायता सहित सिकाइमा सहभागी बनाउन।
- साक्षरता, निरन्तर शिक्षा र जीवन पर्यन्त सिकाइको अवसरमा वृद्धि र प्रमाणिकरण।
- विद्यालयमा नियमित उपस्थित भई शिक्षा प्राप्त गर्न नसक्ने तथा बढी उमेर भएका व्यक्तिका लागि वैकल्पिक सिकाइको प्रबन्ध गर्ने।

### ग) अवसरहरू

विनयी त्रिवेणी गाउँपालिकामा शिक्षा क्षेत्रमा तपसील अनुसारका अवसरहरु रहेका छन्।

- शिक्षालाई मौलिक हकको रूपमा स्थापित गरी आधारभूत शिक्षा निःशुल्क र अनिवार्य, माध्यमिक शिक्षा नि:शुल्क बनाउने प्रावधान संबैधानिक व्यवस्था हुनु।
- स्थानीय तह सञ्चालन ऐन २०७४ अनुसार माध्यमिक तह सम्मको शिक्षा सञ्चालन तथा व्यवस्थापनको अधिकार स्थानीय तहमा हुनु।
- विद्यालय शिक्षाको अवसरमा पहुँचको सुनिस्चितता हुनु।
- विद्यालय तहको शिक्षामा खुद भर्ना दर र लैंगिक समता सूचकाङ्कहरूमा पर्याप्त सुधार तथा समावेशी सहभागितामा वृद्धि हुनु।
- सार्वजनिक विद्यालयप्रति क्रमिक रुपमा जनअपेक्षा र जिम्मेवारी बढ्दै जानु।
- माध्यमिक र आधारभूत शिक्षा स्थानीय तहको एकल अधिकार भएतापनि प्रादेशिक सरकार र संघीय सरकार समेतको प्राथमिकता पर्नु।
- शैक्षिक योजना निर्माण तथा कार्यान्वयन।

- अनुगमन तथा निरीक्षण र सुपरीवेक्षणको  व्यवस्थापन जस्ता कार्य स्थानीय तहबाटै हुने व्यवस्था हुनु ।
- शिक्षाको विकासमा विभिन्न साझेदार संस्थाको लगानी र सहभागिता ।
- शिक्षामा लगानीको लागि स्थानीय तहको प्रतिबद्धता ।

## परिच्छेद २: दूरदृष्टि, लक्ष्य, उद्‌देश्य तथा रणनीति

### २.१ दूरदृष्टि

पहुँच, गुणस्तरियता र क्षमता विकासका माध्यमबाट व्यक्तित्व विकास, सामाजिकिकरण, आधुनिकीकरण, मूल प्रवाहीकरणको विकास गर्नुको साथै स्वावलम्बी, नवप्रवर्धनशील र विश्व बजारमा प्रतिस्पर्धी नागरिक विकासमा योगदान गर्ने ।

### २.२ लक्ष्य

शिक्षाका माध्मबाट यस स्थानीय तहमा अध्ययन अध्ययपन गर्ने गराउने सबैलाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक, र उत्पादनशील बनाई  वर्तमान समयको अवसरलाई उपयोग गर्न सक्ने नेपाली मूल्य मान्यताप्रति सचेत, तथा समता र समावेशितालाई आत्मसाथ गर्ने आफ्नो पालिका प्रति गौरव गर्न सक्ने नागरिक तयार गरि पालिका, प्रदेश,  राष्ट्र, विश्व बजारको आवश्यकता अनुरुपको मानव संशाधनको विकास गर्ने ।

### २.३ उद्‌देश्यहरु

यस विनयी त्रिवेणी गाउँपालिकाको दश बर्षे शिक्षा योजनाको उद्देश्य निम्न अनुसार निर्धारण गरिएको छ ।

१. आधारभुत तहको शिक्षा अनिवार्य तथा निशुल्क, माध्यमिक तहको शिक्षा निशुल्क गरी सबै बालवालिकाको  शिक्षामा पहुँचको सुनिश्चित गर्नु ।
२. विद्यालय शिक्षालाई वैज्ञानिक, सुचना तथा सञ्चार तथा प्रविधि मैत्री बनाउनु ।
३. औपचारिक शिक्षावाट वञ्चित नागरिकलाई अनौपचारिक तथा वैकल्पिक शिक्षाको माध्यमद्धारा शिक्षाको मुलधारमा ल्याई  पुर्ण साक्षरताको पहुँच र अवसरको सुनिश्चित गर्नु ।
४. स्थानीय परिबेश,  संस्कृति,  परम्परा अनुरुप स्थानीय पाठ्क्रम निर्माण गरी लागु गर्नु ।
५. विद्यालयमा सबै किसिमको विभेदको अन्त्य गरी भयमुक्त, बालमैत्री तथा अपांगमैत्री वातावरणको सुनिश्चित गर्नु ।
६. विद्यालयमा नेतृत्व विकास,  व्यवस्थापन,  सुशासन तथा पारदर्शिता कायम गरी सरोकारवालाहरुको सहभागितामा वृद्धि गर्नु ।
७. आपतकालिन तथा संकटपुर्ण अवस्थामा बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गर्नु ।
८. विशेष शिक्षाको आवश्यकता भएका वालवालिकाको पहिचान गरी उनीहरुको आवश्यकता अनुसार शिक्षाको पहुँच सुनिश्चित गर्नु ।

९. गाउँपालिकाका सवै शिक्षकको पेशागत शैक्षिक दक्षता अभिवृद्धी गर्न आवश्यक तालिम, गोष्ठी, सेमिनार, अन्तरक्रिया आदि प्रदान गर्नु ।
१०. बालवालिकाको सिकाइको बातावरण सिर्जनाका लागि अभिभावक शिक्षा, सहभागिता तथा समुदायको क्षमता विकासका कार्यक्रमहरु लागु गर्नु ।
११. विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न विद्यालयमा अनुगमन, निरीक्षण र सुपरिवेक्षणमा जोड दिनु ।
१२. विद्यालय तहमा खेलकुद, सह क्रियाकलाप, अतिरिक्त क्रियाकलाप जस्ता रचनात्मक क्रियाकलापहरु संचालनमा जोड दिनु ।
१३. उपलब्ध स्रोत साधनमा आधारित रही सिप, श्रम र उत्पादनलाई संयोजन गरेर स्वरोजगार बन्न उत्प्रेरित गर्ने किसिमको शिक्षा प्रदान गर्नु ।
१४. सिप परिक्षणको समेत व्यवस्था गरेर आवश्यकता अनुसार प्रमाणिकरण गरी उपयोगमा गर्नु ।
१५. धार्मिक विद्यालयहरुबाट उत्पादित जनशत्तिलाई स्थानीय मूल्यमान्यता बमोजिम कार्य गर्न उत्प्रेरित गर्नु ।
१६. विद्यालय स्वस्थ्य तथा पोषण कार्यक्रम अन्तर्गत जुकाको औषधि, प्रथमिक उपचार बाकस, दिवा खाजा, शरीरिक परीक्षण, पोषण सप्ताह, बाल क्लब गठन र परिचालन गर्नु ।
१७. विद्यार्थीहरुको सिकाइ उपलब्धिको आधारमा शिक्षकहरुको कार्य सम्पादन मुल्याङ्कन गर्नु ।
१८. कार्यसम्पादन करारको आधारमा उत्कृष्टताको पहिचान गरी दण्ड र पुरस्कारको व्यवस्था गर्नु ।
१९. आवश्यक पृष्ठपोषणका लागि मेन्टोरिङग् सहयोग प्रदान गर्ने व्यवस्था गर्नु ।
२०. समुदायको सहयोग प्रणालीलाई व्यवस्थित गर्न उत्कृष्ट अभिभावक पहिचान सम्बन्धि सुचकहरुको निर्माण गरी स्वमुल्याङ्कनको व्यवस्था गर्नु ।

## २.४ रणनीतिहरु

माथि उल्लेखित उद्धेश्यहरु प्राप्त गर्नका लागि देहायबमोजिम रणनीतिहरु तय गरिएको छ ।

१. बालवालिकाहरुको शिक्षामा पहुँचको सुनिश्चित गर्न छात्रवृत्ति वितरण, पुर्वधार निर्माण, अभिभावक शिक्षा, आयअर्जन कार्यक्रम, साथि खोज कार्यक्रम, स्टेस्नरी सहयोग कार्यक्रम सञ्चालन गरिने छ ।
२. प्रविधि मैत्री बनाउनको लागि उपकरण व्यवस्थापन र प्रयोग सम्बन्धि क्षमता विकास सञ्चालन गरिने छ ।
३. आवश्यकता अनुसार स्थानीय तहमा बैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन गरी पुर्ण साक्षरता घोषणा सम्बन्धि नीति अवलम्बन गरिने छ ।
४. स्थानीय परिबेश, संस्कृति, परम्परा अनुरुप स्थानीय पाठ्यक्रम निर्माण गरी स्रोत पुस्तिका समेत वितरण गरी कार्यान्वयनमा लगिने छ ।
५. विद्यालयमा नेतृत्व विकास, व्यवस्थापन, सुशासन तथा पारदर्शिता कायम गरी सरोकारवालाहरुको सहभागितामा वृद्धि गर्नको लागि लगानी, प्रकृया र प्रतिफल सँग सम्बन्धित सुचकहरुको विकास गरी स्वमुल्याङ्कन गर्ने र सोको कार्यसम्पादन परीक्षणको व्यवस्था गरिने छ ।

६. आपतकालिन तथा संकटपुर्ण अवस्थामा बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गर्न आपतकालिन शिक्षाको योजनाको निर्माण, तालिम, अनुगमन र आवश्यक उपकरणको व्यवस्था मिलाइने छ।

७. गाउँपालिकाका सवै शिक्षकको पेशागत शैक्षिक दक्षता अभिवृद्धी गर्न आवश्यक तालिम, गोष्ठी, सेमिनार, अन्तरक्रिया, विद्यालय अवलोकन भ्रमण, विषयगत समिति गठन, अध्ययन अनुसन्धान, सन्दर्भ सामग्रीहरुको प्रकाशन र पेशागत विकासको कार्यविधिको कार्यान्वयन गरिने छ।

८. बालवालिकाको सिकाइको वातावरण सिर्जनाका लागि अभिभावक शिक्षा, सहभागिता तथा समुदायको निरन्तर सहयोग गर्ने प्रणालीको विकासका निम्ति दौतरी शिक्षा, उत्कृष्ट अभिभावक पहिचान कार्यक्रम, टोल शिक्षा कार्यक्रम, समुदायमा सामुदायिक पुस्तकालय, वाचनालय र सुचना केन्द्रको व्यवस्था गरिने छ।

९. विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न विद्यालयमा अनुगमन, निरीक्षण र सुपरिवेक्षणमा जोड दिन विद्यालय निरीक्षक, स्रोत व्यक्ति/पठन उत्प्रेरक, प्राविधिक सहयोग टिम निर्माण सम्बन्धि संयन्त्रको संस्थागत संरचना निर्माण गरिने छ।

१०. विद्यालय तहमा खेलकुद, सह क्रियाकलाप, अतिरिक्त क्रियाकलाप जस्ता रचनात्मक क्रियाकलापहरु संचालनमा योजना निर्माण, सहभागिता र प्रशिक्षणको व्यवस्था मिलाइने छ।

११. उपलब्ध स्रोत साधनमा आधारित रही सिप, श्रम र उत्पादनलाई संयोजन गरेर स्वरोजगार बन्न उत्प्रेरित गर्ने किसिमको शिक्षा प्रदान गर्नका लागि आय आर्जन सिप, बचत योजना, विशिष्टताको आधारमा उत्पादन, बजारीकरणका लागि पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन गरिने छ।

१२. स्थानीय मूल्यमान्यता, रहनसहन, भेषभुषा, कला संस्कृति संरक्षणको लागि नैतिक मुल्य मान्यतामा आधारित उत्प्रेरणात्मक कार्यक्रम सञ्चालन गरिने छ।

१३. विद्यालय स्वस्थ्य तथा पोषण कार्यक्रम अन्तर्गत जुकाको औषधि, प्रथमिक उपचार बाकस, दिवा खाजा, शरीरिक परीक्षण, पोषण सप्ताह, बाल क्लब गठन, विद्यार्थि दैनिक हाजिरी पुस्तिकाको प्रयोगलाई जोड दिइने छ र स्वस्थ्य सम्बन्धि कार्यक्रम सञ्चालनका लागि स्वस्थ्य शाखा र गैससहरसँग समन्वयमा रहि जवाफदेही बनाइने छ।

१४. विद्यार्थीहरुको सिकाइ उपलब्धिको आधारमा शिक्षकहरुको कार्य सम्पादन मुल्याङ्कनका लागि सिकाइ उपलब्धिको विश्लेषण, प्रक्षेपित योजना र कार्यान्वयनमा प्रतिबद्धता करार गरी सोको उपलब्धिको आधारमा कार्यसम्पादन मुल्याङ्कनलाई जोडिने छ।

१५. विद्यालयको समग्र कार्यक्रमका सुचीहरुको निर्माण गरी प्रअ र विव्यस सँग करार सम्झौता गरी सोको अवस्था यकिन गरी प्रशासनिक जिम्मेवारी दिन वा नदिने कुरालाई यकिन गरिने छ।

१६. समुदायको सहयोग प्रणालीलाई व्यवस्थित गर्न उत्कृष्ट अभिभावक पहिचान सम्बन्धि सुचकहरुको निर्माण गरी स्वमुल्याङ्कन मार्फत हरेक विद्यालयमा उत्कृष्ट अभिभावक छनौट र सम्मान कार्यक्रम सञ्चालन गरिने छ।

१७. नमुना विद्यालयको अवधारण कार्यन्वयनका लागि प्रचालित ऐन, कानुनबमोजिम गाउँपालिकाले नमुना विद्यालयको कार्यविधि बनाई उत्कृष्ट विद्यालय छनौट र उत्कृष्ट विद्यालय व्यानर वितरण गरिने छ। यसबाट

अन्य विद्यालयहरुलाई सिकाइ आदन प्रदानका लागि उत्कृष्ट विद्यालयको भ्रमण कार्यक्रम सञ्चालन गरिने छ ।

१८. शिक्षाको गुणस्तर सुधारका लागि सहकार्य, सह-अस्तित्वको अवधारणा अनुरुप नीति निर्माण, स्रोतको बाडफाँड तथा लगानीका लागि संघ, प्रदेशसंग सहकार्य गरिने छ ।

१९. सामुदायिक सिकाई केन्द्र थप स्थापना तथा क्षमता अभिवृद्धि गरी साक्षरता तथा सामाजिक परिचालनका कार्यक्रमा सहभागी गराइने छ ।

२०. निजी-सार्वजनिक-साझेदारी अवधारणा लागु गरिने छ र निजी क्षेत्रको स्रोत साधनलाई शिक्षा क्षेत्रको गुणस्तर वृद्धिका लागि उपयोग गरिने छ ।

२१. विद्यार्थीहरुलाई परिवार, समाज र राष्ट्रप्रति उत्तरदायित्व वोध गर्नका लागि अनिवार्यरुपमा बाल समुह, रेडक्रस, स्काउट र NCC (National Cadet Corps) जस्ता मानवीय कार्य र गतिविधीहरुमा संलग्न गराइने छ ।

२२. स्थानीय स्तरमा उपलब्ध शैक्षिक सामग्री निर्माण, संकलन र प्रयोगमा जोड दिइने छ र शैक्षिक सत्रको सुरुमा प्रयोग गरिएका सामग्रहरुको विद्यालयमा प्रदर्शनी गर्ने कार्यक्रम गरिने छ ।

## २.५ प्रमुख उपलब्धि तथा सुचकहरु

यस योजनाको प्रमुख उपलब्धी मापन गर्नका लागि उद्धेश्य र प्रमुख नतिजालाई मापन गर्न सक्ने गरी सूचकहरु निर्माण गरिएको छ ।

| क्र.स. | सुचकहरु | | इकाइ | शैक्षिक सत्र २०७९/२०८० | १० वर्षे लक्ष्य | | | |
|---|---|---|---|---|---|---|---|---|
| १. प्रारम्भिक बालविकास र शिक्षा | | | | | ०८३/०८४ | ०८५/०८६ | ०८७/०८८ | ०९०/०९१ |
| १.१ | प्रारम्भिक बालविकासमा कूल भर्ना | छात्रा | प्रतिशत | ८८.०० | ९१.२५ | ९३.४२ | ९६.५५ | ९८.४० |
| | | छात्र | प्रतिशत | १११.७० | १०७.८९ | १०५.८७ | १०२.८८ | १०१.१५ |
| | | जम्मा | प्रतिशत | ९९.४८ | ९९.५७ | ९९.६५ | ९९.७२ | ९९.७८ |
| १.२ | प्रारम्भिक बालविकासमा खुद भर्ना | छात्रा | प्रतिशत | ६६.३० | ७०.१७ | ७२.९० | ७६.२० | ७८.४० |
| | | छात्र | प्रतिशत | ८२.२० | ८६.६० | ८८.८० | ९२.१० | ९४.३० |
| | | जम्मा | प्रतिशत | ७४.०१ | ७८.३९ | ८०.८५ | ८४.१५ | ८६.३५ |
| १.३ | खूद भर्ना दरमा लैंगिक समता सूचक (GPI at NER) | | अनुपात | ०.८३ | ०.८६ | ०.८८ | ०.९१ | ०.९३ |
| १.४ | विद्यार्थी शिक्षक अनुपात | | प्रतिशत | २२.२१ | २१.६८ | २१.२८ | २०.६८ | २०.०० |
| १.५ | बाल विकासको अनुभव लिइ कक्षा १ | छात्रा | प्रतिशत | ७८.४३ | ८२.०५ | ८५.११ | ८९.७० | ९२.७६ |
| | | छात्र | प्रतिशत | ८७.४२ | ९०.०० | ९२.०० | ९५.०० | ९७.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | मा भर्ना हुने विद्यार्थी | जम्मा | प्रतिशत | ८३.३८ | ८६.०३ | ८८.५६ | ९२.३५ | ९४.८८ |
| २. आधारभूत तह (कक्षा १-५) | | | | | | | | |
| २.१ | कक्षा १ मा कूल नयाँ भर्ना | छात्रा | प्रतिशत | ११३.५१ | १०९.०० | १०७.०० | १०४.०० | १०२.०० |
| | | छात्र | प्रतिशत | ११२.२६ | १०८.०० | १०६.०० | १०३.०० | १०१.०० |
| | | जम्मा | प्रतिशत | ११२.८५ | १०८.५० | १०६.५० | १०३.५० | १०१.५० |
| २.२ | कक्षा १ मा खुद नयाँ भर्ना | छात्रा | प्रतिशत | ९६.७३ | ९७.५३ | ९७.९१ | ९८.४८ | ९८.८६ |
| | | छात्र | प्रतिशत | ९८.३३ | ९८.७१ | ९८.९७ | ९९.३६ | ९९.६२ |
| | | जम्मा | प्रतिशत | ९७.५८ | ९८.१२ | ९८.४४ | ९८.९२ | ९९.२४ |
| २.३ | कूल भर्ना दर (कक्षा १-५) | छात्रा | प्रतिशत | १३१.५६ | १२५.०० | १२१.०० | ११५.०० | १११.०० |
| | | छात्र | प्रतिशत | १३२.८५ | १२६.७० | १२२.९० | ११७.२० | ११३.४० |
| | | जम्मा | प्रतिशत | १३२.२५ | १२५.८५ | १२१.९५ | ११६.१० | ११२.२० |
| २.४ | खूद भर्ना दर (कक्षा १-५) | छात्रा | प्रतिशत | ९६.०३ | ९६.७३ | ९७.२१ | ९७.९३ | ९८.४१ |
| | | छात्र | प्रतिशत | ९९.५४ | ९९.६३ | ९९.६७ | ९९.७३ | ९९.७७ |
| | | जम्मा | प्रतिशत | ९७.८६ | ९८.१८ | ९८.४४ | ९८.८३ | ९९.०९ |
| २.५ | खूद भर्ना दरमा लैंगिक समता सूचक (GPI at NER कक्षा १-५) | | अनुपात | ०.९१ | ०.९३ | ०.९५ | ०.९८ | १.०० |
| २.६ | विद्यार्थी शिक्षक अनुपात | | प्रतिशत | २२.४४ | २१.८२ | २१.३० | २०.५२ | २०.०० |
| २.९ | कक्षा ५ मा उत्तीर्ण दर | छात्रा | प्रतिशत | ८६.७३ | ८८.७९ | ९०.३९ | ९२.७९ | ९४.३९ |
| | | छात्र | प्रतिशत | ८५.४५ | ८८.०७ | ८९.९७ | ९२.८२ | ९४.७२ |
| | | जम्मा | प्रतिशत | ८६.०९ | ८८.४३ | ९०.१८ | ९२.८१ | ९४.५६ |
| २.१ | कक्षा ५ मा कक्षा दोहोऱ्याउने दर | छात्रा | प्रतिशत | ९.२१ | ७.५६ | ६. | ३.६६ | २.१ |
| | | छात्र | प्रतिशत | १०.६८ | ७.९३ | ६.२७ | ३.७८ | २.१२ |
| | | जम्मा | प्रतिशत | १०.०४ | ७.७५ | ६.१४ | ३.७२ | २.११ |
| २.१ | कक्षा ५ मा कक्षा छोड्ने दर | छात्रा | प्रतिशत | २.८१ | २.१२ | १.८ | १.३२ | १. |
| | | छात्र | प्रतिशत | २.८४ | २.२१ | १.८७ | १.३६ | १.०२ |
| | | जम्मा | प्रतिशत | २.८३ | २.१७ | १.८४ | १.३४ | १.०१ |
| ३. आधारभूत तह (कक्षा ६-८) | | | | | | | | |
| ३.१ | कूल भर्ना दर (कक्षा ६-८) | छात्रा | प्रतिशत | ११२.६९ | १०९.६७ | १०७.५५ | १०४.३७ | १०२.२५ |
| | | छात्र | प्रतिशत | ११०.७ | १०७.६९ | १०६.०३ | १०३.५४ | १०१.८८ |
| | | जम्मा | प्रतिशत | १११.६१ | १०८.६८ | १०६.७९ | १०३.९६ | १०२.०७ |
| ३.२ | खूद भर्ना दर (कक्षा ६- | छात्रा | प्रतिशत | ९२.३४ | ९३.४४ | ९४.३४ | ९५.६९ | ९६.५९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ८) | छात्र | प्रतिशत | ९३.९९ | ९५.०३ | ९५.८७ | ९७.१३ | ९७.९७ |
| | | जम्मा | प्रतिशत | ९३.२३ | ९४.२४ | ९५.११ | ९६.४१ | ९७.२८ |
| ३.३ | खूद भर्ना दरमा लैंगिक समता सूचक | छात्रा | अनुपात | ०.८७ | ०.९३ | ०.९७ | | ०.९७ |
| ३.४ | विद्यार्थी शिक्षक अनुपात | | प्रतिशत | ९५.४७ | ७८.१५ | ६७.२५ | ५०.९ | ४०. |
| ३.७ | कक्षा ८ मा उत्तीर्ण दर | छात्रा | प्रतिशत | ९४.५९ | ९५.७२ | ९६.६ | ९७.९२ | ९८.८ |
| | | छात्र | प्रतिशत | ९०.५ | ९२.४४ | ९३.८६ | ९५.९९ | ९७.४१ |
| | | जम्मा | प्रतिशत | ९२.५५ | ९४.०८ | ९५.२३ | ९६.९६ | ९८.११ |
| ३.८ | कक्षा ८ मा कक्षा दोहोऱ्याउने दर | छात्रा | प्रतिशत | १.९९ | १.६३ | १.३१ | ०.८३ | ०.५१ |
| | | छात्र | प्रतिशत | ६.११ | ४.७५ | ३.७३ | २.२ | १.१८ |
| | | जम्मा | प्रतिशत | ४.१९ | ३.१९ | २.५२ | १.५२ | ०.८५ |
| ३.९ | कक्षा ८ मा कक्षा छोड्ने दर | छात्रा | प्रतिशत | ३.१३ | २.५६ | २.१२ | १.४६ | १.०२ |
| | | छात्र | प्रतिशत | ३.०७ | २.४८ | २.०६ | १.४३ | १.०१ |
| | | जम्मा | प्रतिशत | ३.१ | २.५२ | २.०९ | १.४५ | १.०२ |
| ४. आधारभूत तह (कक्षा १-८) | | | | | | | | |
| ४.१ | कूल भर्ना दर (कक्षा १-८) | छात्रा | प्रतिशत | १२६.९९ | १२०.०३ | ११६.०५ | ११०.०८ | १०६.१ |
| | | छात्र | प्रतिशत | १३५.६२ | १२७.६३ | १२२.५५ | ११४.९३ | १०९.८५ |
| | | जम्मा | प्रतिशत | १३१.४९ | १२३.८३ | ११९.३० | ११२.५१ | १०७.९८ |
| ४.२ | खूद भर्ना दर (कक्षा १-८) | छात्रा | प्रतिशत | ९४.६३ | ९५.५२ | ९६.१ | ९६.९७ | ९७.५५ |
| | | छात्र | प्रतिशत | ९७.३४ | ९७.९१ | ९८.३१ | ९८.९१ | ९९.३१ |
| | | जम्मा | प्रतिशत | ९६.०६ | ९६.७२ | ९७.२१ | ९७.९४ | ९८.४३ |
| ४.३ | खूद भर्ना दरमा लैंगिक समता सूचक | | अनुपात | ०.८९ | ०.९२ | ०.९४ | ०.९७ | ०.९९ |
| ४.४ | विद्यार्थी शिक्षक अनुपात | | | ३१.९३ | २९.७६ | २८.४ | २६.३६ | २५. |
| ४.६ | कक्षा १-८ मा उत्तीर्ण दर | छात्रा | प्रतिशत | ९०.६६ | ९२.३१ | ९३.६३ | ९५.६१ | ९६.९३ |
| | | छात्र | प्रतिशत | ८७.९८ | ८९.७७ | ९१.०३ | ९२.९२ | ९४.१८ |
| | | जम्मा | प्रतिशत | ८९.३२ | ९१.०४ | ९२.३३ | ९४.२७ | ९५.५६ |
| ४.७ | कक्षा १-८ मा कक्षा दोहोऱ्याउने दर | छात्रा | प्रतिशत | ५.६ | ४.३७ | ३.४५ | २.०७ | १.१५ |
| | | छात्र | प्रतिशत | ८.४ | ६.४२ | ५.०२ | २.९२ | १.५२ |
| | | जम्मा | प्रतिशत | ७.११ | ५.४० | ४.२४ | २.५० | १.३४ |
| ३.८ | कक्षा १-८ मा कक्षा | छात्रा | प्रतिशत | २.९७ | २.४५ | २.०५ | १.४५ | १.०५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | छोड्ने दर | छात्र | प्रतिशत | २.९५ | २.४३ | २.०३ | १.४३ | १.०३ |
| | | जम्मा | प्रतिशत | २.९६ | २.४४ | २.०४ | १.४४ | १.०४ |
| ५. माध्यमिक तह (कक्षा ९-१०) | | | | | | | | |
| ५.१ | कूल भर्ना दर | छात्रा | प्रतिशत | १०१.२३ | १००.९१ | १००.६५ | १००.२६ | १००. |
| | | छात्र | प्रतिशत | ११५.३७ | ११२.५७ | ११०.२५ | १०६.७७ | १०४.४५ |
| | | जम्मा | प्रतिशत | १०८.०६ | १०६.७४ | १०५.४५ | १०३.५२ | १०२.२३ |
| ५.२ | खूद भर्ना दर | छात्रा | प्रतिशत | ७९.४८ | ८२.६९ | ८४.८३ | ८८.०४ | ९०.१८ |
| | | छात्र | प्रतिशत | ८७.७ | ९१.१७ | ९३.२३ | ९६.३२ | ९८.३८ |
| | | जम्मा | प्रतिशत | ८३.४५ | ८६.९३ | ८९.०३ | ९२.१८ | ९४.२८ |
| ५.३ | खूद भर्ना दरमा लैंगिक समता सूचक | छात्रा | अनुपात | १.१ | १.१ | १. | १. | १. |
| ५.४ | विद्यार्थी शिक्षक अनुपात | छात्रा | | ८८.२६ | ७४.९६ | ६६.४ | ५३.५६ | ४५. |
| ५.७ | कक्षा १० मा उत्तीर्ण दर | छात्रा | प्रतिशत | ९६.६६ | ९७.११ | ९७.४१ | ९७.८६ | ९८.१६ |
| | | छात्र | प्रतिशत | ९७.०८ | ९७.५३ | ९७.८३ | ९८.२८ | ९८.५८ |
| | | जम्मा | प्रतिशत | ९६.८७ | ९७.३२ | ९७.६२ | ९८.०७ | ९८.३७ |
| ५.८ | कक्षा १० मा कक्षा दोहोऱ्याउने दर | छात्रा | प्रतिशत | २.१६ | १.७४ | १.४ | ०.८९ | ०.५५ |
| | | छात्र | प्रतिशत | १.९६ | १.५६ | १.२६ | ०.८१ | ०.५१ |
| | | जम्मा | प्रतिशत | २.०५ | १.६५ | १.३३ | ०.८५ | ०.५३ |
| ५.९ | कक्षा १० मा कक्षा छोड्ने दर | छात्रा | प्रतिशत | ०.६७ | ०.५६ | ०.४९ | ०.३९ | ०.३१ |
| | | छात्र | प्रतिशत | ०.६४ | ०.५४ | ०.४४ | ०.३१ | ०.२५ |
| | | जम्मा | प्रतिशत | ०.६५ | ०.५५ | ०.४७ | ०.३५ | ०.२८ |
| ६. माध्यमिक तह (कक्षा ११-१२) | | | | | | | | |
| ६.१ | कूल भर्ना दर | छात्रा | प्रतिशत | ५४.०४ | ५८.२७ | ६१.०९ | ६५.३२ | ६८.१४ |
| | | छात्र | प्रतिशत | ७०.३५ | ७३.५९ | ७५.७५ | ७८.९९ | ८१.१५ |
| | | जम्मा | प्रतिशत | ६०.०७ | ६५.९३ | ६८.४२ | ७२.१६ | ७४.६५ |
| ६.२ | खूद भर्ना दर | छात्रा | प्रतिशत | २९.९ | ३६.७७ | ४१.३५ | ४८.२२ | ५२.८ |
| | | छात्र | प्रतिशत | ३६.३२ | ४१.६९ | ४५.२७ | ५०.६४ | ५४.२२ |
| | | जम्मा | प्रतिशत | ३२.२७ | ३९.२३ | ४३.३१ | ४९.४३ | ५३.५१ |
| ६.३ | खूद भर्ना दरमा लैंगिक समता सूचक | | अनुपात | १.२९ | १.२१ | १.१५ | १.०६ | १. |
| ६.४ | विद्यार्थी शिक्षक अनुपात | | अनुपात | ३६५.५ | २८४. | २२०. | १२४. | ६०. |

| ७. माध्यमिक तह (कक्षा ९-१२) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७.१ | कूल भर्ना दर | छात्रा | प्रतिशत | ७६.३४ | ८१.६५ | ८५.१९ | ९०.५ | ९४.०४ |
| | | छात्र | प्रतिशत | ९६.८१ | ९७.७१ | ९८.३१ | ९९.२१ | ९९.८१ |
| | | जम्मा | प्रतिशत | ८५.१२ | ८९.६८ | ९१.७५ | ९४.८६ | ९६.९३ |
| ७.२ | खूद भर्ना दर | छात्रा | प्रतिशत | ५३.३२ | ५७.१ | ५९.६२ | ६३.४ | ६५.९२ |
| | | छात्र | प्रतिशत | ६६.५२ | ७१.६८ | ७५.१२ | ८०.२८ | ८३.७२ |
| | | जम्मा | प्रतिशत | ५८.९८ | ६४.३९ | ६७.३७ | ७१.८४ | ७४.८२ |
| ७.३ | खूद भर्ना दरमा लैंगिक समता सूचक | | अनुपात | १.०९ | १.७ | १.५ | १.२ | १. |
| ८. शिक्षासंग सम्बन्धित अन्य सूचकहरु | | | | | | | | |
| ८.१ | विद्यालय बाहिर रहेका बालबालिका | छात्रा | जना | १४३ | ८५ | ४५ | १५ | ० |
| | | छात्र | जना | ७७ | ४५ | २५ | १० | ० |
| | | जम्मा | जना | २२० | १३०.०० | ७०.०० | २५.०० | ०.०० |
| ८.९ | साक्षरता दर | महिला | | ७६.२ | ७८.६ | ८०.४ | ८३. | ८४.८ |
| | | पुरुष | | ८८.६ | ९०.८ | ९२.२ | ९४.४ | ९५.८ |
| | | जम्मा | | ८२. | ८४.७० | ८६.३० | ८८.८७ | ९०.३० |

# परिच्छेद ३: शिक्षाका मुख्य उपक्षेत्रहरू

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचय

प्रारम्भिक बालविकास र शिक्षा बालबालिकाहरूलाई आधारभूत शिक्षाको लागि तयार गराउने कार्यक्रम हो । यस कार्यक्रमले विद्यालय जाने उमेर पूर्वका बालबालिकाहरूको शारीरिक, मानसिक तथा बौद्धिक, सामाजिक र संवेगात्मक जस्ता सर्वाङ्गीण विकासमा सहयोग गर्दछ । नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ तथा राष्ट्रिय शिक्षा नीति २०६७ मा चार वर्ष उमेर पुगेका बालबालिकाको लागि एकवर्षको प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने कुरा उल्लेख छ । नेपालको पन्ध्रौं योजनामा पनि प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रमलाई जोड दिईएको सन्दर्भमा विनयी त्रिवेणी गाउँ शिक्षा योजनामा पनि सो कार्यक्रमलाई समावेश गरिएको छ । यस कार्यक्रमलाई सबै बालबालिकाहरूको पहुँचमा पुर्याउनको लागि सरकारी तथा गैह्र सरकारी संस्था, स्थानीय सरकार, सामुदाय, विद्यालयहरू तथा आम सरोकारवालाहरूले हातेमालो वा सहयोग हुन आवश्यक छ ।

कक्षा एकमा भर्ना गर्ने उमेर नपुगेका बालबालिकाहरुका लागि विद्यालयले शिशु कक्षाको व्यवस्था गर्ने प्रचलन पहिलेदेखि नै रहेको भएता पनि २०५६ सालमा तत्कालिन शिक्षा विभागले समुदायमा आधारित बालविकास कार्यक्रम सुरु गरेपछि नेपालमा सरकारी स्तरबाट बालविकास र शिक्षाको सुरुआत भएको हो । ४ बर्ष उमेर समुहका बालबालिकाहरुलाई शिक्षा प्रदान गर्ने उद्देश्यले प्रारम्भिक बाल बिकास कार्यक्रमको ब्यवस्था गरिएको छ । यस उमेर समुहका बालबालिकाहरुको शारिरीक, मानसिक र संवेगात्मक पक्षको यथोचित विकासका निम्ति यो कार्यक्रमको प्रबन्ध गरिएको छ । यो विशेष गरी विद्यालयमा आधारित र समुदायमा आधारित रहि केन्द्र स्थापना गरिएको हुन्छ । यस कार्यक्रम संचालनका निम्ति शैक्षणिक कार्यमा सहयोग पुर्‍याउनका निम्ति सहजकर्ताको व्यवस्था गरिएको छ । नेपाल सरकारले प्रारम्भिक बाल विकास कार्यक्रमलाई विद्यालय शिक्षाको संरचना भित्र समावेश गरेको छ ।

प्रारम्भिक बालविकासको मुख्य उद्देश्य गर्भावस्थादेखि ८ वर्षसम्मका बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक स्वास्थ्य, पोषण, सुरक्षा, संरक्षण र प्रारम्भिक सिकाइका अवसरहरू प्रदान गर्नु हो । नेपालको संविधान, राष्ट्रिय कानून तथा संयुक्त राष्ट्रसङ्घीय बालअधिकार सम्बन्धी महासन्धि, १९८९ अनुसार निम्न अनुसारको अधिकारहरु सुनिश्चित हुनुपर्ने कुरा उल्लेख गरिएको छ ।

- बांच्न पाउने अधिकार
- संरक्षणको अधिकार,
- विकासको अधिकार
- सहभागी हुन पाउने अधिकार

बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक स्वास्थ्य, पोषण, सुरक्षा तथा संरक्षण र अन्य सेवाहरू सम्बन्धित विषयगत मन्त्रालयहरू शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, खानेपानी मन्त्रालय, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, गृह मन्त्रालय, अर्थ मन्त्रालय, समाजिक विकास मन्त्रालय र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयहरूवाट विभिन्न कार्यक्रमहरू मार्फत प्रदान गरिँदै आएका छन् । बालबालिकाको लागि आवश्यक शिक्षा, स्वास्थ्य, पोषण, सुरक्षा तथा संरक्षणका कार्यक्रमहरू अन्तरमन्त्रालय समन्वयको अभावमा एकीकृत रूपमा सञ्चालन नहुँदा प्रारम्भिक बालविकास उमेरका सबै बालवालिकाको अपेक्षित रुपमा सर्वाङ्गीण विकास हुन सकेको छैन ।

नेपालमा प्रारम्भिक बालविकाससम्बन्धी पहिलो रणनीति पत्र शिक्षा मन्त्रालयको नेतृत्वमा वि.स. २०६१ देखि २०७२ सम्म कार्यान्वयनमा थियो । यस रणनीति पत्रमा प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकालाई स्वास्थ्य, पोषण, सुरक्षा र बालशिक्षासम्बन्धी सबै सेवाहरू एकीकृतरूपमा उपलब्ध गराई उनीहरूको सर्वाङ्गीण विकास गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । दिगो विकास लक्ष्यका लक्ष्य-४ को ४.२ मा सन् २०३० सम्म सबै बालबालिकाहरुको स्तरीय प्रारम्भिक बाल्यावस्था विकास, स्याहार र पूर्व प्राथमिक शिक्षामा पहुँच सुनिश्चित गर्ने, जसले गर्दा उनीहरु प्राथमिक शिक्षाका लागि तयार हुन सकुन भन्ने सुनिश्चितता गर्ने व्यवस्था भएको पाईन्छ ।

### ३.१.२ वर्तमान अवस्था

विनयी त्रिवेणी गाउँपालिका अन्तर्गत कुल ४२ वटा प्रारम्भिक बालविकास केन्द्रहरू रहेका छन् । जसमध्ये ४ वटा सामुदायमा आधारित रहेकोमा हाल सो केन्द्रलई विद्यालयमा नै समायोजन गरिएको छ । प्रारम्भिक बालविकास केन्द्र नभएका २ वटा आधारभूत विद्यालय रहेको छ । गाउँपालिका भित्र २०७८ सालको राष्ट्रिय जनगणना अनुसार ०-४ वर्ष उमेर समूहका ३११९ जना वालवालिकाहरू रहेका छन् । बालविकास केन्द्रका जम्मा ४६ जना सहजकर्ताहरू रहेकोमा सबैजना आधारभूत तालिम प्राप्त छन् । शिक्षक विद्यार्थी अनुपात २२.२१ रहेको छ । प्रारम्भिक बालविकास केन्द्र सञ्चालनका लागि छुट्टै भवन तथा कक्षा कोठा व्यवस्थापन गर्न कठिनाइ रहेको छ । प्रारम्भिक बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरूको सेवा, सुविधा समेत स्पष्ट गर्नु पर्ने अवस्था रहेको छ । विशेष गरेर स्तरयुक्त कक्षाकोठा, प्रयाप्त शैक्षिक सामग्री, आवश्यक खेल सामग्री, पोषणयुक्त दिवा खाजा प्रवन्ध, सहजकर्ताको पारिश्रमिक, क्षमता विकासका अवसरहरु, समुदायको सहयोग र सहभागिता र निरन्तर अनुगमन तथा सुपरिवेक्षण अपेक्षाकृत हुन नसकेको अवस्था छ ।

तालिका नं.३.१.२.१ सामुदायिक विद्यालयमा बालबालिका विवरण

| क्र.स. | विद्यालयको नाम | IEMIS | बालविकास संचालित केन्द्र | कूल विद्यार्थी जम्मा २०७९ | | | कूल विद्यार्थी जम्मा २०८० | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| 1 | Shishukalyan Basic School | 480070002 | १ | 7 | 11 | 18 | 19 | 9 | 28 |
| 2 | Janata Basic School | 480070003 | १ | 10 | 4 | 14 | 4 | 4 | 8 |
| 3 | Beni Kalyan Pra V | 480070004 | १ | 12 | 8 | 20 | 13 | 8 | 21 |
| 4 | Sano Manisiddha Pra V | 480070006 | १ | 19 | 10 | 29 | 21 | 22 | 43 |
| 5 | Gautam Basic School | 480070007 | १ | 25 | 24 | 49 | 21 | 22 | 43 |
| 6 | Manisiddha Basic School | 480070009 | १ | 15 | 23 | 38 | 4 | 13 | 17 |
| 7 | Jana Kalyan Basic School | 480070010 | १ | 12 | 11 | 23 | 19 | 18 | 37 |
| 8 | Suryajyoti Secondary School | 480070011 | १ | 19 | 22 | 41 | 14 | 17 | 31 |
| 9 | Dipendra Secondary School | 480070012 | २ | 28 | 27 | 55 | 27 | 21 | 48 |
| 10 | Bal Kalyan Pra V | 480070013 | १ | 0 | 0 | 0 | 3 | 5 | 8 |
| 11 | Jana Ujjwol Basic School | 480180001 | १ | 9 | 6 | 15 | 9 | 6 | 15 |
| 12 | Siddha Pra V | 480180002 | १ | 9 | 13 | 22 | 7 | 5 | 12 |
| 13 | Bhawani Basic School | 480180003 | १ | 10 | 11 | 21 | 6 | 9 | 15 |
| 14 | Balhit basic school | 480180007 | १ | 3 | 1 | 4 | 6 | 7 | 13 |
| 15 | Bataschuli Basic School | 480180008 | १ | 10 | 11 | 21 | 10 | 5 | 15 |
| 16 | Bhanudaya Secondary | 480180011 | १ | 10 | 11 | 21 | 7 | 11 | 18 |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | School | | | | | | | | |
| 17 | Shree Namuma Basic School | 480180013 | १ | 2 | 3 | 5 | 0 | 4 | 4 |
| 18 | Jana Jagriti Basic School | 480200001 | १ | 23 | 13 | 36 | 17 | 17 | 34 |
| 19 | Ratna Ranikuwa Basic School | 480200002 | १ | 6 | 4 | 10 | 9 | 4 | 13 |
| 20 | Bhrikuti Basic School | 480200003 | १ | 18 | 14 | 32 | 8 | 4 | 12 |
| 21 | Shree Bhulkepani Basic School | 480200004 | २ | 12 | 22 | 34 | 12 | 22 | 34 |
| 22 | Janak Basic School | 480200005 | १ | 7 | 21 | 28 | 6 | 16 | 22 |
| 23 | Mani Sangam Secondary School | 480200006 | १ | 6 | 6 | 12 | 4 | 11 | 15 |
| 24 | Shree Laxmi Basic School | 480200007 | १ | 19 | 23 | 42 | 10 | 25 | 35 |
| 25 | Manakamana Secondary School | 480200008 | १ | 22 | 17 | 39 | 25 | 26 | 51 |
| 26 | Saraswati Pra V | 480200009 | १ | 10 | 15 | 25 | 4 | 12 | 16 |
| 27 | Bhanudaya Model Secondary School | 480200011 | ३ | 44 | 59 | 103 | 11 | 24 | 35 |
| 28 | Shree Ahingsavadee Mahabouddha Anath Secondary Vidhyapeeth | 480200012 | १ | 5 | 9 | 14 | 6 | 13 | 19 |
| 29 | Sankha Pra V | 480540001 | १ | 4 | 3 | 7 | 6 | 5 | 11 |
| 30 | Bhawani  Secondary School | 480540003 | १ | 5 | 7 | 12 | 6 | 5 | 11 |
| 31 | B P Pra V | 480540006 | १ | 4 | 3 | 7 | 3 | 0 | 3 |
| 32 | Janapriya Pra V | 480540007 | १ | 2 | 4 | 6 | 3 | 2 | 5 |
| 33 | Rastriya Pra V | 480540008 | १ | 4 | 1 | 5 | 2 | 3 | 5 |
| 34 | Nabodaya Basic School | 480540014 | १ | 2 | 3 | 5 | 1 | 1 | 2 |
| 35 | Rastriya Basic School | 480730001 | २ | 36 | 34 | 70 | 17 | 28 | 45 |
| 36 | Shivapurgadhi Secondary School | 480730002 | १ | 22 | 26 | 48 | 26 | 34 | 60 |
| 37 | Narayani Gandaki Sa.Tatha San. Secondary School | 480730003 | १ | 20 | 25 | 45 | 22 | 45 | 67 |
| 38 | Suryodaya Basic School | 480730004 | १ | 10 | 18 | 28 | 13 | 16 | 29 |
| 39 | Nepal Basic School | 480730005 | १ | 24 | 31 | 55 | 29 | 23 | 52 |
| 40 | Nawa Durga Basic School | 480730007 | १ | 12 | 13 | 25 | 12 | 13 | 25 |
| 41 | Madrassa Islamiya Imdadul Olum | 480730011 | १ | 17 | 13 | 30 | 24 | 21 | 45 |
| | **Total** | | **४६** | **534** | **580** | **1114** | **466** | **556** | **1022** |

स्रोत: IEMIS Report 2079, 2080

तालिका नं.३.१.२.२ संस्थागत विद्यालयमा बालबालिका विवरण

| क्र.स. | विद्यालयको नाम | IEMIS | कूल विद्यार्थी २०७९ | | | कूल विद्यार्थी २०८० | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| 1 | Richard English Boarding School | 480070001 | 36 | 51 | 87 | 9 | 9 | 18 |
| 2 | Sardi Academy | 480070005 | 101 | 116 | 217 | 77 | 92 | 169 |
| 3 | Blue Star English Secondary School | 480200010 | 48 | 64 | 112 | 40 | 43 | 83 |
| 4 | Shantideep Academy | 480200013 | 36 | 30 | 66 | 34 | 41 | 75 |
| 5 | Lakhan Thapa Memorial Academy | 480200014 | 41 | 85 | 126 | 45 | 68 | 113 |
| 6 | Baguwan Ebs | 480200015 | 13 | 10 | 23 | 4 | 7 | 11 |
| 7 | New Lakhan Thapa Memorial Academy | 480200016 | 41 | 56 | 97 | 31 | 40 | 71 |
| 8 | Lakhan Thapa Galaxy Academy | 480200017 | 12 | 7 | 19 | 16 | 18 | 34 |
| 9 | Ujjwal Shishu Eng. Boarding Secondary School | 480730008 | 41 | 70 | 111 | 33 | 65 | 98 |
| 10 | Blooming Buds Boarding School | 480730013 | 45 | 71 | 116 | 40 | 54 | 94 |
| 11 | Gajendra Moksha Ebs | 480730014 | 19 | 26 | 45 | 22 | 27 | 49 |
| | **Total** | | **397** | **535** | **932** | **351** | **464** | **815** |

स्रोत: IEMIS Report 2079, 2080

आधार बर्षमा प्रारम्भिक बालशिक्षा तथा विकासको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने दर ८३.३८ प्रतिशत रहेको छ भने कुल भर्नादर ९९.४८ प्रतिशत र खुद भर्नादर ७४.०१ प्रतिशत रहेकोले प्रारम्भिक बालविकास तथा शिक्षा उमेर समुह भन्दा कम वा बढि उमेर समूहका धेरै बालबालिकाहरु प्रारम्भिक बालविकासमा कार्यक्रममा सहभागी रहेको देखिन्छ । त्यसैगरी खूद भर्ना दरमा लैंगिक समता ०.८३ रहेको छ र यसले भर्नादरमा लैगिंक असमनता रहेको छ । यसले शिक्षकलाई सिकाइ सहजीकरणमा समस्या हुने मात्र नभई बालबालिकाको विकास र सिकाइ समेत प्रभावित हुने गर्दछ । बालविकास केन्द्रका सहजकर्ताहरुको पारिश्रमिक ज्यादै कम भएको कारणले पनि उनीहरुमा उत्प्रेरणा जगाउन र मनोवल बढाउन सकिएको छैन । अपाङ्गता भएका सीमान्तकृत समूहका बालबालिकाका लागि प्रारम्भिक बालविकास सेवामा पहुँच सुनिश्चित गर्न निरन्तर प्रयास हरू गरिएका छन् ।

तालिका नं.३.१.२.३ प्रारम्भिक बालविकास तथा शिक्षाका सुचक विवरण

| क्र.स. | सुचकहरु | इकाइ | शैक्षिक सत्र २०७९/२०८० | कैफियत |
|---|---|---|---|---|
| १. प्रारम्भिक बालविकास र शिक्षा | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १.१ | प्रारम्भिक बालविकासमा कूल भर्ना | छात्रा | प्रतिशत | ८८.०० | |
| | | छात्र | प्रतिशत | १११.७० | |
| | | जम्मा | प्रतिशत | ९९.४८ | |
| १.२ | प्रारम्भिक बालविकासमा खुद भर्ना | छात्रा | प्रतिशत | ६६.३० | |
| | | छात्र | प्रतिशत | ८२.२० | |
| | | जम्मा | प्रतिशत | ७४.०१ | |
| १.३ | खूद भर्ना दरमा लैंगिक समता सूचक (GPI at NER) | | अनुपात | ०.८३ | |
| १.४ | विद्यार्थी शिक्षक अनुपात | | प्रतिशत | | |
| १.५ | बाल विकासको अनुभव लिइ कक्षा १ मा भर्ना हुने विद्यार्थी | छात्रा | प्रतिशत | ७८.४३ | |
| | | छात्र | प्रतिशत | ८७.४२ | |
| | | जम्मा | प्रतिशत | ८३.३८ | |

स्रोत: CEHRD Flesh Report 2080

मस्यौदा विद्यालय शिक्षा क्षेत्र योजना (२०८१-२०८५) को उद्देश्यमा सबै बालबालिकाहरूका लागि गुणस्तरीय प्रारम्भिक बाल विकास तथा शिक्षाको अवसर सुनिश्चित गर्ने भन्ने कुरा समाबेश गरिएको यिनै नीतिगत व्यवस्थाहरुको कार्यान्वयनका निम्ति उपयुक्त पूर्वाधार सहितको बालमैत्री वातावरण सुनिश्चित गरी प्रारम्भिक बालविकासको अवसर विस्तार गर्ने । तीनै तहका सरकार र अभिभावकको साझेदारीमा वालवालिकाहरूको सर्वाङ्गीण विकास एवं विद्यालय शिक्षाको पूर्वतयारीका लागि कम्तीमा एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गर्ने भन्ने राष्ट्रिय शिक्षा नीति २०७६ मा ब्यवस्था गरिएको छ । यस योजना अवधिका लागि प्रारम्भिक बालबिकास तथा शिक्षा कार्यक्रमका उद्देश्य, नीतिहरू, कार्यक्रम कार्यान्वयनका प्रमुख नतिजा र योजनाका प्रमुख क्रियाकलाप तथा चुनौतीहरु निम्नानुसार उल्लेख गरिएको छ:

१. कम उमेर र बढि उमेरका प्रारम्भिक बालबालिका केन्द्रमा भर्ना हुनु,
२. सबै प्रारम्भिक बालविकास केन्द्रमा बालमैत्री वातावरणका न्यूनतम मापदण्ड पुरा गर्नु पर्ने,
३. प्रारम्भिक बालविकास तथा शिक्षा ४ बर्षको उमेरमा भर्ना गरी सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास र शिक्षामा पहुँच पुर्याउने,
४. प्रारम्भिक बालबालिका केन्द्रमा भित्री र बाहिरी खेल सामग्री उपलब्ध गर्ने,
५. प्रारम्भिक बालविकास सहजकर्ताहरुको पारिश्रमिक, योग्यता तथा क्षमता समय अनुकुल अभिवृद्धि गर्ने,
६. पोषणयुक्त दिवा खाजाको प्रवन्ध,
७. व्यक्तगत स्वस्थ्य तथा सरसफाईको प्रवन्ध,
८. पेशागत क्षमता विकास,
९. समुदाय र अभिभावकको सहयोग,
१०. अनुगमन तथ निरीक्षण,

### ३.१.३ उद्देश्य

सबै वालवालिकाहरूलाई गुणस्तरीय बालविकास शिक्षाको अवसर सुनिश्चित गर्न निम्न लिखित उद्देश्यहरू किटान गरिएको छः

१. उमेर समुहका वालवालिकाहरूलाई सर्वाङ्गीण विकास सहित आधारभूत शिक्षाको तयारीमा पहूँच बढाउनु,
२. चार वर्ष उमेरका सबै वालवालिकाहरूलाई बालविकास शिक्षामा पहूँच बढाउनु बालविकास तथा शिक्षाका सेवाहरूमा गुणस्तर सुनिश्चित गर्नु,
३. सबै वालवालिकाहरूलाई वालशिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गराउनु,
४. बालबालिकाहरुको शारीरिक, मानसिक र संवेगात्मक पक्षको विकासका लागि पोषणयुक्त दिवा खाजाको प्रवन्ध गर्नु,

### ३.१.४ रणनीति

योजनाका उद्देश्यहरू प्राप्त गर्न निम्न लिखित रणनीतिहरू अवलम्बन गरिने छः

१. बालविकास तथा शिक्षा कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण र नयाँ स्थापना आवश्यकता अनुसार व्यवस्था गरिने छ।
२. भौगोलिक जटिलता र लक्षित समुदायका बालबालिकाका लागि नमूना बालविकास केन्द्रको विकास गरी पहुँच सुनिश्चित गरिने छ।
३. गुणस्तर सुनिश्चित गर्न सिकाइको अवश्यकता सम्बोधन गर्न पाठ्यक्रमको कार्यान्वयन गरिने छ।
४. बालविकास तथा शिक्षामा लगानी सुनिश्चित गर्न केन्द्रको न्यूनतम मापदण्ड पुरा गर्न कार्यक्रमहरुको कार्यान्वयन गरिने छ।
५. संघीय तथा प्रदेश सरकारले अवलम्बन गरिएको मापदण्ड र ढाँचा अनुसार अनुदानका अधारमा बालविकास तथा शिक्षाको सञ्चालन तथा व्यवस्थापन गरिने छ।
६. बालविकास तथा शिक्षा कार्यक्रमको प्रभावकारिताका लागि परिवार, समुदाय, सङ्घसंस्था, निजी क्षेत्र र विद्यालयलाई जिम्मेवारी गराइने छ।
७. बालविकास तथा शिक्षा कार्यक्रममा भर्ना भएका बालबालिका हिंसा, दुर्व्यवहार र आपतकालिन अवस्थाबाट सुरक्षित रहेको सुनिश्चित गर्न पर्याप्त व्यवस्था मिलाउने र वैकल्पिक सिकाइ व्यवस्थामार्फत अवरोधका बेला पनि पूर्वप्राथमिक शिक्षा लाई निरन्तरता दिन सक्ने व्यवस्था मिलाउने।
८. बालविकास सेवाहरूको न्यूनतम सक्षम मापदण्डहरू कार्यान्वयन, अनुगमन र कार्यान्वयन गर्न विद्यालयलाई स्रोत र मार्गदर्शन प्रदान गर्ने।
९. सम्बन्धित सरकारी निकाय र गैरसरकारी संस्थाहरूसँग समन्वय र सहकार्यमा बालविकासका बालबालिकाहरूको पोषण र स्वास्थ्य सम्बन्धी आवश्यकताहरू (जस्तै दिवा खाजा, विद्यालय स्वस्थ्य तथा पोषण सम्बन्धि दैनिक सुची जाँचको प्रयोग, शारीरिक परीक्षण, जुकाको औषधी खुवाउने कार्यक्रम, पोषण सप्ताह सञ्चालन, स्वस्थ्य परीक्षण, अनुगमन तथा निरीक्षण र अभिलेख तथा प्रतिबेदनको व्यवस्था, स्वच्छ पिउने पानी, सरसफाइ र स्वच्छता, जाँच र रेफरल सेवाहरू) पूरा गर्ने व्यवस्था सुनिश्चित गर्ने।

### ३.१.५ उपलब्धि ,नतिजा ,प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

सबै वालवालिकाहरूलाई गुणस्तरीय बालविकास तथा शिक्षाको अवसर सुनिश्चत हुने

**खं) प्रमुख नतिजाहरू**

१. चार वर्ष उमेर समूहका सबै वालवालिकाहरूलाई एक वर्षको शिक्षा कार्यक्रममा सहज पहूँच हुने,
२. बालविकासको अनुभव सहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुने,
३. तालिम प्राप्त सहजकर्ता र वालवालिकाको हेरचाहका लागि सहायक कर्मचारी सहितको बालविकास केन्द्र रहने,
४. समय अनुसारको पाठ्यक्रम परिमार्जन गरी उनीहरूको विकासात्मक र सिकाइ अवश्यकता सम्बोधन हुने गरी गुणस्तरीय सेवा सुनिश्चित हुने,
५. वालवालिकाको अवश्यकता अनुसार घर, समुदाय, कार्यक्षेत्र र घुम्ती बालविकास केन्द्रको नमूनाहरू विकास हुने
६. बालविकास तथा शिक्षाको कार्यान्वयनमा सबै तहका सरकार, परिवार, समुदाय, सङ्घसंस्था र विद्यालय जिम्मेवार हुने
७. बालविकास सेवाहरूको न्यूनतम सक्षम मापदण्डहरू कार्यान्वयन, अनुगमन र कार्यान्वयन गर्न विद्यालयलाई स्रोत हुने।
८. सम्बन्धित सरकारी निकाय र गैरसरकारी संस्थाहरूसँग समन्वय र सहकार्यमा बालविकासका बालबालिकाहरूको पोषण र स्वास्थ्य सम्बन्धी आवश्यकताहरू (जस्तै दिवा खाजा, विद्यालय स्वस्थ्य तथा पोषण सम्बन्धि दैनिक सुची जाँचको प्रयोग, शारीरिक परीक्षण, जुकाको औषधी खुवाउने कार्यक्रम, पोषण सप्ताह सञ्चालन, स्वस्थ्य परीक्षण, अनुगमन तथा निरीक्षण र अभिलेख तथा प्रतिबेदनको व्यवस्था, स्वच्छ पिउने पानी, सरसफाइ र स्वच्छता, जाँच र रेफरल सेवाहरू) पूरा हुने।
९.

### ३.१.६ प्रारम्भिक बालविकास तथा शिक्षाका प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) २०८१/८२ देखि २०८५/८६ सम्म | | | | | | २०८६/८७ देखि २०९०/९१ सम्म | १० वर्षको लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | प्रारम्भिक बालविकासको नक्साङ्कन र अनुमति दिने | बा.बि.के. | | १ | १ | | | २ | २ | ४ |
| २. | प्रारम्भिक बालविकास | पटक | १ | | | | १ | २ | २ | ४ |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) २०८१/८२ देखि २०८५/८६ सम्म | | | | | | २०८६/८७ देखि २०९०/९१ सम्म | १० वर्षको लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| | तथा शिक्षाका न्यूनतम मापदण्ड प्रवोधीकरण गर्ने | | | | | | | | | |
| ३. | बालबिकास केन्द्रको शिक्षकलाई क्षमता अभिवृद्धि गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| ४. | प्रारम्भिक बालविकास केन्द्रका लागि अपाङ्गमैत्री शौचालय सहित कक्षा कोठाको व्यवस्था गर्ने | विद्यालय सङ्ख्या | १ | १ | १ | २ | २ | ७ | ७ | १४ |
| ५. | खेलकुद तथा शैक्षिक सामग्रीको व्यवस्था गर्ने (पूर्वाधार, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन गरी) | पटक | २ | २ | २ | २ | २ | १० | १० | २० |
| ६. | स्वास्थ्य परीक्षण, खोप अभिलेख , वृद्धि अनुगमन र कुपोषित | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | ५ | १० |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) २०८१/८२ देखि २०८५/८६ सम्म | | | | | | २०८६/८७ देखि २०९०/९१ सम्म | १० वर्षको लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| | वालवालिकालाई आवश्यक प्रबन्ध गर्ने | | | | | | | | | |
| ७. | अभिभावक शिक्षा सञ्चालन गर्ने | पटक | २ | २ | २ | २ | २ | १० | १० | २० |
| ८. | नमुना प्रारम्भिक वालविकास सहजकर्तालाई पुरस्कारको व्यवस्था गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| ९. | ६ सिकाइ क्षेत्र (भाषा, गणित, विज्ञान, स्ववालम्बन, सिर्जनात्मक, निर्माण सिकाइ क्षेत्र) निर्माण र समाग्री सहयोग | पटक | २ | २ | २ | २ | २ | १० | १० | २० |
| १०. | अनाथ, असहाय र अपाङ्गता पहिचन गरी थप सेवा उपलब्ध गराउन | सङ्ख्या | ४८ | ४८ | ४८ | ४८ | ४८ | ४८ | ५२ | १०० |
| ११. | पोषणयुक्त दिवा खाजाको व्यवस्था गर्ने | सङ्ख्या | १०२२ | १०५० | १०६० | १०७० | १०८० | ५२८२ | ५५०० | ५५०० |
| १२. | अनुगमन, सुपरीवेक्षण, सहयोग तथा | केन्द्र | ४२ | ४२ | ४२ | ४२ | ४२ | ४२ | ४२ | ४२ |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) २०८१/८२ देखि २०८५/८६ सम्म | | | | | | २०८६/८७ देखि २०९०/९१ सम्म | १० वर्षको लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| | सहजीकरण गर्ने | | | | | | | | | |
| १३. | प्रारम्भिक बालविकास तथा शिक्षकको सेवा तथा सुविधामा समयानुकुल वृद्धि गर्ने | सङ्ख्या | ४६ | ४६ | ४६ | ४६ | ४६ | ४६ | ४६ | ४६ |
| १४. | बालविकास कक्षाकोठा व्यस्थापन | सङ्ख्या | ८ | ८ | ८ | ८ | १० | ४२ | ४२ | ४२ |
| १५ | शारीरिक परीक्षण, | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| १६ | स्वस्थ्य परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| १७ | जुकाको औषधी खुवाउने (Albendazole tablet 400 mg) | पटक | २ | २ | २ | २ | २ | १० | १० | २० |
| १८ | पोषण सप्ताह सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| १९ | सहजकर्ता र विद्यालय सहयोगी | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | ५ | १० |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीविकोपार्जन र सामाजिक समायोजनका लागि आधारभूत ज्ञान, सीप र मनोवृत्ति निर्माण गर्दछ, जसले थप सिकाइका लागि तत्परता सुनिश्चित गर्दछ र माध्यमिक

शिक्षामा रूपान्तरण गर्दछ । यसले निरन्तर सिकाइका लागि मार्ग प्रशस्त गर्दछ र प्रारम्भिक वर्षहरू (कक्षा १-३) लाई सक्षम बनाउँछ जहाँ बच्चाहरूलाई आधारभूत शिक्षण कौशल (संख्यात्मकता, साक्षरता, व्यवहारकुशल सिप र अन्तर-व्यक्तिगत कौशल) प्राप्त गर्न समर्थित गरिन्छ जुन थप विद्यालय र शैक्षिक यात्राको लागि आधारको रूपमा सेवा गर्दछ र उन्नत शिक्षालाई आधार बनाउँदछ । प्रारम्भिक बालविकास तथा शिक्षा अनुभवको साथ ग्रेडमा प्रवेश गर्ने बालबालिकाहरूसँग प्रारम्भिक कक्षामा बालबालिकाहरूले यी सीपहरू कसरी मास्टर गर्न सक्दछन् भन्ने सन्दर्भमा एक बलियो सम्बन्ध छ, जुन स्कूल तत्परताको सन्दर्भमा प्रमुख सूचक हो । शिक्षा मानव जीवन, जगत र विकासको लागि अपरिहार्य हुन्छ । राज्य सञ्चालनमा विश्वका प्राय सवै देशले शिक्षालाई मूल प्राथमिकतामा राख्ने गरेको पाइन्छ । शिक्षा प्राप्त गर्ने नागरिकको नैसर्गिक अधिकार हो । शिक्षालाई सुशासन, विकास र सेवा प्रवाहको पुर्वाधारको रुपमा लिन सकिन्छ । नागरिकको सर्वाङ्गीण विकासको आधारनै शिक्षा हो । शिक्षा कुनैपनि देशको  राष्ट्रिय पुँजी हो जसले भविष्यमा राष्ट्रिय उत्पादन र उत्पादकत्वलाई सुदृढ गर्दछ । शिक्षाले सक्षम, सवल, सभ्य, समावेशी, समन्यायिक जनशक्ति उत्पादनमा सघाउछ । शिक्षामा गरेको लगानी राष्ट्रिय पुँजि निर्माण हो । त्यस्तो पुँजी परिचालनले "समृद्ध नेपाल, सुखी नेपाली" को दीर्घकालिन सोचलाई व्यावहारिक जीवनमा सावित गर्न सक्छ । शिक्षाका उल्लेखित मार्गदर्शन पुरा गर्ने आधार आधारभूत शिक्षाको कुशल सफल मितव्ययी समावेशी र समन्यायिक व्यवस्थापन हो । शिक्षाको आधारनै आधारभूत शिक्षा हो । आधारभुत शिक्षाको समुचित व्यवस्थापनको लागि राज्य संयन्त्रवाट तयार गरिएका संवैधानिक व्यवस्था  मार्गदर्शन, नीतिगत तथा कानुनी व्यवस्था शिक्षा सम्वन्धि योजना कार्यक्रम आयोजनाहरुको तर्जुमा तथा कार्यान्वयन गर्ने गरिएको छ ।

नागरिकको शिक्षालाई सुनिश्चित गर्न  नेपालको संविधान २०७२ को धारा  ३१ मा आधारभूत शिक्षा नि शुल्क तथा अनिवार्य प्रदान गर्ने मौलिक हक कार्यान्वयन गर्न तपसील बमोजिमका नीतिगत तथा कानुनी व्यवस्था गरिएको छ । नेपालको संविधान २०७२ को अनुसुची ८  खण्ड ८ मा आधारभुत शिक्षा तथा माध्यमिक शिक्षा सम्बन्धि व्यवस्था स्थानीय तहको अधिकार क्षेत्र भित्र राखिएको छ । संविधानको अनुसुची ९ मा साझा अधिकारको दोस्रो बुँदामा शिक्षा सम्वन्धि अधिकारको व्यवस्था गरिएको छ । शिक्षा ऐन २०२८  शंशोधन सहित  शिक्षा नियमावली शंशोधन सहित २०५९ शिक्षक सेवा आयोगको नियमावली शंशोधन सहित  २०५७ को व्यवस्था गरिएको छ । स्थानिय सरकार सञ्चालन ऐन २०७५ को परिच्छेद ३ को दफा ११ मा शिक्षा सम्वन्धि अधिकारको व्यवस्था गरिएको छ । दीगो विकासको चौंथो  लक्ष्यको रुपमा गुणस्तरीय शिक्षा रहेको छ । सन् २०३० सम्म सबै बालबालिकाहरूलाई सान्दर्भिक साथै सिकाइका सकारात्मक असरहरू प्राप्त हुनसकुन भन्ने उद्देश्यले उनीहरूका निम्ति निःशुल्क, न्यायोचित तथा गुणात्मक आधारभुत शिक्षाको सुनितश्चितता गर्ने । दिगो विकासका लक्ष्य हासिल गरी वि.सं. २०८७ सम्ममा नेपाललाई मध्यम आयस्तर भएको राष्ट्रमा स्तरोन्नति गर्ने लक्ष्य रहेको, वि.सं. २१०० सम्ममा समुन्नत राष्ट्रको स्तरमा पुऱ्याउने लक्ष्य निर्धारण गरिएको छ । चालु १५औं पञ्चर्षीय योजनाले निर्धारण गरेको गुणस्तरीय प्रवद्धनात्मक शिक्षा तथा प्राविधिक जनशक्ति उत्पादन गर्ने रणनीति निर्धारण गरिएको छ ।

यस खण्डमा आधारभूत शिक्षा अन्तर्गत कक्षा १ देखि ८ सम्मको शिक्षामा पहुँच, गुणस्तर तथा समता र व्यवस्थापकीय प्रबन्धको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरु पहिचान गरी आगामी पाँच बर्षका लागि यस तहको शिक्षा विकास उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरु उल्लेख गरिएको छ।

### ३.२.२ वर्तमान अवस्था

यस विनयी त्रिवेणी गाउँपालिकामा आधारभूत शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच पुर्याउन विगतमा गरिएका प्रयासहरुको नतिजा स्वरुप आधारभूत तह कक्षा १-५ को कुल भर्नादर १३२.२५ प्रतिशत, खुद भर्नादर ९७.७६ प्रतिशत र आधारभूत तह कक्षा १-८ को कुल भर्नादर १११.६१ प्रतिशत, खुद भर्नादर ९३.२३ प्रतिशत पुगेको छ। अझै पनि आधारभुत तहको उमेर समुहका आधारभूत तह कक्षा १-५ मा २.२४ प्रतिशत र आधारभूत तह कक्षा १-८ मा ६.८३ प्रतिशत बालबालिका विद्यालय बाहिर रहेका छन्।

गाउँपालिकामा आधारभूत तहका विद्यालयहरु जम्मा ५३ वटा सञ्चालनमा रहेका छन् जसमध्ये सामुदायिक विद्यालय ४२ वटा र संस्थागत विद्यालय ११ वटा रहेका छन्। सामुदायिक विद्यालय आधारभूत तह (कक्षा १-५ तह १७, र १-८ तह १४ वटा) रहेका छन् भने संस्थागत विद्यालय आधारभूत तह (कक्षा १-५ मा ४ वटा) रहेका छन्। यस गाउँपालिका भित्र शैक्षिक शत्र २०८० को भर्ना अनुसार आधारभूत तहमा जम्मा भर्ना विद्यार्थी संख्या ७४५४ जना (छात्रा ४००२ र छात्र ३४५२ जना) रहेका छन्। जसमध्ये समुदायिक विद्यालय आधारभूत तहमा ५५९३ जना (छात्रा २९३२ र छात्र २६६१ जना) र संस्थागत विद्यालय आधारभूत तहमा १८६१ (छात्रा १०७० र छात्र ७९१ जना) जना बालबालिकाहरु अध्यनरत छन्। आधारभूत तह १-८ मा जम्मा शिक्षक १७७ जना रहेको र शिक्षक विद्यार्थी अनुपात ३१.९३ प्रतिशत रहेको छ भने आधारभूत तह १-५ मा २२.२१ र ६-८ मा ९५.४७ रहेको छ। शिक्षक विद्यार्थि अनुपातमा राहत र निजि स्रोतका शिक्षकहरु समावेश गरिएको छैन। यसले आधारभूत शिक्षामा पहुँचमा उल्लेखनीय प्रगति देखाए तापनि आर्थिक र सामाजिक अवस्था र भौगोलिक अवस्थितिले सिर्जना गरेको असमानताहरू अझै पनि बाहिरिरहन्छन्। आर्थिक र सीमान्तकृत समुदाय, दलित, जनजाति र भौगोलिक रुपमा विकट र जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकामा गुणस्तरीय आधारभूत शिक्षाको पहुँच कम हुन्छ।

तालिका नं.३.२.२.१ सामुदायिक विद्यालयमा विद्यार्थी विवरण २०७९ र २०८० (कक्षा १-५)

| **विद्यालयको नाम** | IEMIS | **कूल विद्यार्थी २०७९** | | | **कूल विद्यार्थी २०८०** | | |
|---|---|---|---|---|---|---|---|
| | | **छात्र** | **छात्रा** | **जम्मा** | **छात्र** | **छात्रा** | **जम्मा** |
| Shishukalyan Basic School | 480070002 | 69 | 91 | 160 | 74 | 84 | 158 |
| Janata Basic School | 480070003 | 49 | 50 | 99 | 49 | 44 | 93 |
| Beni Kalyan Pra V | 480070004 | 29 | 39 | 68 | 16 | 14 | 30 |
| Sano Manisiddha Pra V | 480070006 | 32 | 25 | 57 | 27 | 21 | 48 |
| Gautam Basic School | 480070007 | 59 | 58 | 117 | 61 | 49 | 110 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| Manisiddha Basic School | 480070009 | 37 | 43 | 80 | 47 | 59 | 106 |
| Jana Kalyan Basic School | 480070010 | 25 | 20 | 45 | 31 | 21 | 52 |
| Suryajyoti Secondary School | 480070011 | 92 | 106 | 198 | 85 | 103 | 188 |
| Dipendra Secondary School | 480070012 | 75 | 88 | 163 | 73 | 91 | 164 |
| Bal Kalyan Pra V | 480070013 | 11 | 4 | 15 | 6 | 4 | 10 |
| Jana Ujjwol Basic School | 480180001 | 21 | 24 | 45 | 16 | 20 | 36 |
| Siddha Pra V | 480180002 | 35 | 35 | 70 | 17 | 21 | 38 |
| Bhawani Basic School | 480180003 | 25 | 21 | 46 | 23 | 17 | 40 |
| Balhit basic school | 480180007 | 21 | 25 | 46 | 20 | 20 | 40 |
| Bataschuli Basic School | 480180008 | 33 | 45 | 78 | 27 | 41 | 68 |
| Bhanudaya Secondary School | 480180011 | 93 | 103 | 196 | 83 | 112 | 195 |
| Shree Namuma Basic School | 480180013 | 14 | 19 | 33 | 15 | 16 | 31 |
| Jana Jagriti Basic School | 480200001 | 27 | 41 | 68 | 34 | 35 | 69 |
| Ratna Ranikuwa Basic School | 480200002 | 12 | 17 | 29 | 16 | 19 | 35 |
| Bhrikuti Basic School | 480200003 | 8 | 18 | 26 | 19 | 19 | 38 |
| Shree Bhulkepani Basic School | 480200004 | 21 | 27 | 48 | 21 | 30 | 51 |
| Janak Basic School | 480200005 | 41 | 34 | 75 | 40 | 34 | 74 |
| Mani Sangam Secondary School | 480200006 | 41 | 44 | 85 | 47 | 57 | 104 |
| Shree Laxmi Basic School | 480200007 | 31 | 43 | 74 | 46 | 46 | 92 |
| Manakamana Secondary School | 480200008 | 55 | 60 | 115 | 54 | 68 | 122 |
| Saraswati Pra V | 480200009 | 37 | 34 | 71 | 42 | 42 | 84 |
| Bhanudaya Model Secondary School | 480200011 | 140 | 160 | 300 | 137 | 156 | 293 |
| Shree Ahingsavadee Mahabouddha Anath Secondary Vidhyapeeth | 480200012 | 32 | 50 | 82 | 30 | 42 | 72 |
| Sankha Pra V | 480540001 | 11 | 8 | 19 | 7 | 7 | 14 |
| Bhawani Secondary School | 480540003 | 34 | 27 | 61 | 22 | 30 | 52 |
| B P Pra V | 480540006 | 7 | 11 | 18 | 7 | 15 | 22 |
| Janapriya Pra V | 480540007 | 10 | 12 | 22 | 7 | 12 | 19 |
| Rastriya Pra V | 480540008 | 12 | 5 | 17 | 12 | 5 | 17 |
| Nabodaya Basic School | 480540014 | 4 | 5 | 9 | 0 | 2 | 2 |
| Rastriya Basic School | 480730001 | 90 | 87 | 177 | 96 | 98 | 194 |
| Shivapurgadhi Secondary School | 480730002 | 55 | 54 | 109 | 51 | 51 | 102 |
| Narayani Gandaki Sa.Tatha San. Secondary School | 480730003 | 89 | 113 | 202 | 154 | 157 | 311 |
| Suryodaya Basic School | 480730004 | 30 | 37 | 67 | 33 | 41 | 74 |
| Nepal Basic School | 480730005 | 57 | 51 | 108 | 59 | 70 | 129 |
| Nawa Durga Basic School | 480730007 | 16 | 12 | 28 | 19 | 10 | 29 |
| Madrassa Islamiya Imdadul Olum | 480730011 | 28 | 21 | 49 | 28 | 22 | 50 |
| **Total** | | **1608** | **1767** | **3375** | **1651** | **1805** | **3456** |

स्रोत: IEMIS Report 2079, 2080

तालिका नं.३.२.२.२ संस्थागत विद्यालयमा विद्यार्थी विवरण २०७९ र २०८० (कक्षा १-५)

| विद्यालयको नाम | IEMIS | कूल विद्यार्थी जम्मा २०७९ | | | कूल विद्यार्थी जम्मा २०८० | | |
|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| Richard English Boarding School | 480070001 | 43 | 84 | 127 | 50 | 81 | 131 |
| Sardi Academy | 480070005 | 86 | 137 | 223 | 81 | 104 | 185 |
| Blue Star English Secondary School | 480200010 | 115 | 119 | 234 | 85 | 106 | 191 |
| Shantideep Academy | 480200013 | 63 | 66 | 129 | 58 | 63 | 121 |
| Lakhan Thapa Memorial Academy | 480200014 | 58 | 107 | 165 | 62 | 109 | 171 |
| Baguwan Ebs | 480200015 | 4 | 7 | 11 | 6 | 9 | 15 |
| New Lakhan Thapa Memorial Academy | 480200016 | 39 | 39 | 78 | 43 | 49 | 92 |
| Lakhan Thapa Galaxy Academy | 480200017 | 14 | 17 | 31 | 20 | 17 | 37 |
| Ujjwal Shishu Eng. Boarding Secondary School | 480730008 | 77 | 124 | 201 | 80 | 131 | 211 |
| Blooming Buds Boarding School | 480730013 | 60 | 82 | 142 | 67 | 83 | 150 |
| Gajendra Moksha Ebs | 480730014 | 9 | 8 | 17 | 5 | 4 | 9 |
| **Total** | | **568** | **790** | **1358** | **557** | **756** | **1313** |

स्रोत: IEMIS Report 2079, 2080

तालिका नं.३.२.२.३ सामुदायिक विद्यालयमा विद्यार्थी विवरण २०७९ र २०८० (कक्षा ६-८)

| क्र.स. | विद्यालयको नाम | IEMIS | कूल विद्यार्थी २०७९ | | | कूल विद्यार्थी २०८० | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| 1 | Shishukalyan Basic School | 480070002 | 54 | 59 | 113 | 42 | 55 | 97 |
| 2 | Janata Basic School | 480070003 | 29 | 30 | 59 | 25 | 26 | 51 |
| 3 | Gautam Basic School | 480070007 | 34 | 37 | 71 | 32 | 44 | 76 |
| 4 | Manisiddha Basic School | 480070009 | 16 | 22 | 38 | 22 | 23 | 45 |
| 5 | Jana Kalyan Basic School | 480070010 | 20 | 15 | 35 | 14 | 12 | 26 |
| 6 | Suryajyoti Secondary School | 480070011 | 71 | 57 | 128 | 63 | 44 | 107 |
| 7 | Dipendra Secondary School | 480070012 | 89 | 103 | 192 | 97 | 122 | 219 |
| 8 | Jana Ujjwol Basic School | 480180001 | 5 | 4 | 9 | 6 | 10 | 16 |
| 9 | Bhawani Basic School | 480180003 | 21 | 36 | 57 | 17 | 30 | 47 |
| 10 | Bataschuli Basic School | 480180008 | 31 | 33 | 64 | 29 | 33 | 62 |
| 11 | Bhanudaya Secondary School | 480180011 | 58 | 86 | 144 | 68 | 72 | 140 |
| 12 | Shree Namuma Basic School | 480180013 | 2 | 5 | 7 | 3 | 2 | 5 |
| 13 | Jana Jagriti Basic School | 480200001 | 24 | 28 | 52 | 17 | 28 | 45 |
| 14 | Shree Bhulkepani Basic School | 480200004 | 21 | 19 | 40 | 22 | 13 | 35 |
| 15 | Janak Basic School | 480200005 | 4 | 5 | 9 | 3 | 5 | 8 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 16 | Mani Sangam Secondary School | 480200006 | 71 | 72 | 143 | 54 | 63 | 117 |
| 17 | Shree Laxmi Basic School | 480200007 | 25 | 22 | 47 | 25 | 21 | 46 |
| 18 | Manakamana Secondary School | 480200008 | 38 | 28 | 66 | 36 | 27 | 63 |
| 19 | Bhanudaya Model Secondary School | 480200011 | 139 | 148 | 287 | 121 | 146 | 267 |
| 20 | Shree Ahingsavadee Mahabouddha Anath Secondary Vidhyapeeth | 480200012 | 20 | 14 | 34 | 19 | 22 | 41 |
| 21 | Bhawani  Secondary School | 480540003 | 27 | 24 | 51 | 34 | 17 | 51 |
| 22 | Rastriya Basic School | 480730001 | 57 | 59 | 116 | 61 | 63 | 124 |
| 23 | Shivapurgadhi Secondary School | 480730002 | 85 | 92 | 177 | 80 | 84 | 164 |
| 24 | Narayani Gandaki Sa.Tatha San. Secondary School | 480730003 | 84 | 99 | 183 | 108 | 139 | 247 |
| 25 | Nepal Basic School | 480730005 | 28 | 27 | 55 | 28 | 30 | 58 |
| 26 | Shree Muktinath Peeth Ved Vidyashram | 480730012 | 0 | 41 | 41 | 0 | 39 | 39 |
| | **Total** | | **1053** | **1165** | **2218** | **1026** | **1170** | **2196** |

स्रोत: IEMIS Report 2079, 2080

तालिका नं.३.२.२.४ संस्थागत विद्यालयमा विद्यार्थी विवरण २०७९ र २०८० (कक्षा ६-८)

| क्र.स. | **विद्यालयको नाम** | IEMIS | **कूल विद्यार्थी जम्मा २०७९** | | | **कूल विद्यार्थी जम्मा २०८०** | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | **छात्र** | **छात्रा** | **जम्मा** | **छात्र** | **छात्रा** | **जम्मा** |
| 1 | Richard English Boarding School | 480070001 | 15 | 21 | 36 | 14 | 22 | 36 |
| 2 | Sardi Academy | 480070005 | 31 | 38 | 69 | 17 | 26 | 43 |
| 3 | Blue Star English Secondary School | 480200010 | 34 | 44 | 78 | 35 | 36 | 71 |
| 4 | Shantideep Academy | 480200013 | 26 | 28 | 54 | 27 | 30 | 57 |
| 5 | Lakhan Thapa Memorial Academy | 480200014 | 30 | 32 | 62 | 21 | 36 | 57 |
| 9 | Ujjwal Shishu Eng. Boarding Secondary School | 480730008 | 54 | 75 | 129 | 57 | 80 | 137 |
| 10 | Blooming Buds Boarding School | 480730013 | 33 | 42 | 75 | 32 | 38 | 70 |
| | **Total** | | **223** | **280** | **503** | **203** | **268** | **471** |

स्रोत: IEMIS Report 2079, 2080

आधारभूत शिक्षा अन्तर्गत प्रारम्भिक कक्षाको पढाइ तथा गणितीय सिपको सिकाइ स्तर न्यून छ। शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्धारा गरिएको कक्षा ३ को पढाइ तथा गणितीय सिप न्यूनतम सिकाइ सक्षमता हासिल गर्ने विद्यार्थी प्रतिशत न्यून पाइएको छ । यस गाउँपालिकामा शैक्षिक शत्र २०८० अन्तिम नतिजा अनुसार आधारभूत तह कक्षा १-५ मा सिकाइ उपलब्धि ६३.२२ प्रतिशत र आधारभूत तह कक्षा ६-८ मा ४६.०४ प्रतिशत रहेको छ। विद्यार्थीको सिकाइ उपलब्धि स्तर

सन्तोषजनक मात्र रहेको छ भने सिकाइ उपलब्धि स्तरमा थुप्रै असमानताहरु देखिएका छन् । विगत बर्षको विद्यार्थी सिकाइ उपलब्धि विश्लेषण गर्दा आधारभूत तहको सिकाइस्तरमा अपेक्षित सुधारको क्रम नदेखिएको सङ्केत गरेको छ । कोभिड महामारीका कारणले अवरुद्ध भएको शिक्षण सिकाइले  यसमा समस्या थप भएको छ । पाठ्यक्रमको सान्दर्भिकता वृद्धि गर्ने र प्रभावकारी कार्यान्वयन गर्ने कार्यमा निरन्तर सुधार आवश्यक छ । शिक्षण सिकाइ विधिमा सुधारका लागि शिक्षक तयारी तथा विकासमा सुधार तथा अनुगमन, सुपरिवेक्षण र पेसागत विकासका क्रियाकलापहरुलाई व्यवस्थित गर्नु आवश्यक छ । विद्यार्थो सिकाइप्रति जवाफदेही बनाउने प्रणाली विकास गर्दै आधारभूत विद्यालयमा सिकाइका लागि आवश्यक न्यूनतम सिकाइ पूर्वाधार र वातावरण तयार गर्नुपर्ने छ । विनयी त्रिवेणी गाउँपालिका भित्र हाल आधारभूत तहो विद्यालय उमेरका करिव ३२.४६ प्रतिशत बालबालिकाहरु संस्थागत विद्यालयमा अध्ययन गरिरहेका छन् । निष्कर्षमा प्रयाप्त शिक्षक दरवन्दी, स्तरयुक्त भौतिक पुर्वधार, सुचना सञ्चार तथा प्रविधिको प्रयोग, सुशासन र पारदर्शिता, पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिकाको प्रयोग, अधिकतम शैक्षिक सामग्रहरुको प्रयोग, पेशागत क्षमता विकास, मुल्याङ्कन र परीक्षा प्रणाली, अनुगमन निरीक्षण तथा सुपरिवेक्षण, अभिलेख व्यवस्थापन र प्रतिबेदन दिने पारिपाटिलाई प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।

तालिका नं.३.२.२.५ सामुदायिक विद्यालयमा विद्यार्थी सिकाइ उपलब्धी विवरण २०८०

| विषयहरु | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | कक्षा ९ | कक्षा १० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| नेपाली | ६८.४३ | ६८.८१ | ६४.०६ | ५७.१९ | ५७.८४ | ५४.५३ | ५४.३ | ३९.३६ | ५०.७६ | |
| अंग्रेजी | ६९.३९ | ६७.७७ | ६४.२१ | ५६.९ | ५९.४७ | ५४.०२ | ५५.५३ | ३१.२५ | ४७.२१ | |
| गणित | ७०.४७ | ७१.७२ | ६२.५२ | ५४.१६ | ५५.९ | ५१.६४ | ५०.२ | ५१.६९ | ४४.५ | |
| हाम्रो सेरोफेरो | ६८.७ | ६९.३४ | ६६.९७ | | | | | | | |
| विज्ञान तथा प्रविधि | | | | ५४.४५ | ५७.३३ | ५३.२७ | ५३.१५ | ३०.५७ | ४७.९१ | |
| सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | | | | ५६.५९ | ५५.११ | ५१.२३ | ५१.७५ | ३६.९२ | | |
| स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | | | | | | ५४.८ | ५४.५३ | १९.६३ | | |
| पेशा, व्यवसाय र प्रविधि शिक्षा | | | | | | | | २५.०१ | | |
| नैतिक शिक्षा | | | | | | | | १८.६८ | | |
| कक्षागत जम्मा | **६९.२५** | **६९.४१** | **६४.४४** | ५५.८६ | ५७.१३ | ५३.२५ | ५३.२४ | ३१.६४ | ४७.६ | ०. |
| तहगत जम्मा | **६३.२२** | | | | | **४६.०४** | | | **४७.६** | |
| **५२.२९** | | | | | | | | | | |

स्रोत: IEMIS Dashboard Report 2080

माथि उल्लेख गरिएका विश्लेषणका आधारमा आधारभूत शिक्षामा निम्नलिखित चुनौतीहरु देखिएका छन् :

१. कम उमेर र बढि उमेरका बालबालिकाको सङ्ख्या बढि हुनु,
२. आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच तथा सहभागिता सुनिश्चित गर्ने,
३. अनिवार्य तथा नि:शुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन गर्न,
४. आधारभूत तहमा विद्यार्थी सिकाइ उपलब्धि दर कमजोर रहनु,
५. अझै पनि आधारभूत तहमा कक्षा छाड्ने र दोहोर्याउने दर देखिनु,
६. आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई बालमैत्री बनाउने,
७. सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार तथा शिक्षकको पेशागत दक्षतामा वृद्धि गरी सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्ने,
८. आवश्यक शिक्षक दरवन्दी व्यवस्था गरी विद्यालयमा सक्षम र योग्य विद्यालय जनशक्ति (शिक्षक, प्रअ तथा कर्मचारी समेत) व्यवस्थापन गर्ने,
९. विद्यार्थी मूल्याङ्कनलाई सिकाइ क्रियालापको अभिन्न अङ्गका रुपमा विकास गर्ने र आधारभूत तहको परीक्षा प्रणालीमा सुधार गरी विश्वसनीयता र बैधता प्रदान गर्ने,
१०. विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील (Resilient) बनाउने।
११. विद्यालय शिक्षा पद्धतिलाई विद्यार्थीको सिकाइ प्रति उत्तरदायी बनाउने,
१२. विद्यालय स्वस्थ्य तथा पोषण कार्यक्रम सञ्चालन गर्न,
१३. पारिवारिक वातावरण र अभिभावक सहयोग बढाउन,
१४. अनुगमन निरिक्षण र सुपरिवेक्षण गरी पृष्ठपोषण प्रदान गर्न,
१५. प्रतिबेदन तयारी र प्रेषण प्रणाली,

### ३.२.३ उद्‌देश्य

यस योजनाले आधारभूत शिक्षा सम्बन्धी निम्म लिखित उद्देश्य राखेको छ :

१. अनिवार्य तथा निशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्ने,
२. आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्ने,
३. प्रारम्भिक कक्षाका बालबालिकाहरूको पठन सिप अभिवृद्धि गर्ने,
४. सबै बालबालिकाहरूलाई आधारभूत तह पुरा गर्ने अवस्था सुनिश्चित गर्ने ,
५. शिक्षामा सुचना प्रविधि र सञ्चार मैत्रि बनाउन,
६. शिक्षकको पेशागत क्षमता विकास गर्ने,
७. सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धी हासिल हुने अवस्था सुनिश्चित गर्ने,
८. आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउने,
९. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार ल्याउने,

१०. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गरी विद्यालय पद्धतिलाई विविधता, अनुकुल, उत्थानशील (Resilient) र जवाफदेही बनाउनु ।

### ३.२.४ रणनीतिहरू

योजनाका उद्देश्यहरु हासिल गर्न निम्नलिखित रणनीतिहरु अवलम्बन गरिनेछ :

१. विद्यालय नक्साङ्कन गरि विद्यालयहरूको अनुमति, समायोजन र कक्षा स्तर कटौती गरिने छ ।
२. अनिवार्य तथा नि: शुल्क आधारभूत शिक्षाका लागि कानून तर्जुमा गर्न आवश्यक स्रोतको व्यवस्था गरिने छ ।
३. विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको यथार्थ विवरण संकलन गरी पहुँच सुनिश्चित गर्न भर्ना अभियान र बैकल्पिक शिक्षा कार्यक्रमको व्यवस्था मिलाइने छ ।
४. सिकाइ उपलब्धी बढाउन निरन्तर विद्यार्थी मूल्याङ्कन र परीक्षा प्रणालीलाई व्यवस्थित गरिने छ ।
५. शिक्षकलाई प्रधानाध्यापक तथा प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही बनाउन कार्यसम्पादन करार गरिने छ ।
६. विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गरिने छ ।
७. विशेष गरी आर्थिक रूपले विपन्न, कमजोर र सीमान्तकृत समुदाय र अपाङ्गता भएका बालबालिकाको लक्षित समूहको भर्ना, सहभागिता र अवधारण सुनिश्चित गर्न छात्रवृत्ति कार्यक्रमहरूको कार्यप्रणाली र प्रभावकारितामा सुधार गरिने छ ।
८. विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गरि सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पुरा गरिने छ ।
९. बाल क्लब, रेडक्रस, स्कउट र एनसिसि हरु मार्फत विद्यार्थीहरुमा जीवन कौशल सिप विकासलाई बढावा दिइने छ ।
१०. शिक्षक पेशागत क्षमता विकास तालिम सञ्चालन गरिने छ ।
११. मूल्याङ्कनलाई शिक्षण सिकाइकै अभिन्न अंगको रूपमा प्रयोग गरी विद्यार्थीको सिकाइमा सुधार गरिने छ ।
१२. सबै आधारभूत तहका विद्यार्थीहरूको पोषण र स्वास्थ्य स्थिति सुधार गर्न सुरक्षित पानी, सरसफाइ र स्वच्छता, आधारभूत स्वास्थ्य र पोषण सेवाहरू र शिक्षा प्रदान गरिने छ ।
१३. विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराइने छ ।
१४. नतिजाप्रति जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यवस्थापकीय पद्धतिमा सुधार गरिने छ ।
१५. विद्यालय शिक्षालाई विविधताअनुकुल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेश अनुकुल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधताअनुकुलको माध्यम भाषाको उपयोग तथा सामाजिक साँस्कृतिक विविधताको सम्मान र समावेश हुनेगरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गरिने छ ।
१६. विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गरिने छ ।

१७.विद्यालय शिक्षालाई सूचना, सञ्चार तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गरिने छ ।

१८.शिक्षक दरबन्दी मिलानलाई प्राथमिकता दिइने छ र पुनर्वितरणका लागि प्रदेश र संघमा पहल गरिने छ ।

१९.विद्यालयको कार्यसम्पादनको परीक्षण गर्न सुचकहरु निर्माण गरी स्वमूल्याङ्कन गर्ने र त्यसको कार्यसम्पादनको परीक्षण बहिय परीक्षकबाट गराइने छ ।

### ३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि:**

अनिवार्य तथा नि: शुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता, गुणस्तर र सरोकारित पक्षहरुको क्षमता विकास सुनिश्चित हुने ।

**नतिजा:**

१. सबै बालबालिका आधारभूत शिक्षाको पहुँचमा सुनिश्चित हुने,
२. सबै विद्यालयले प्राथमिकता प्राप्त सक्षमता पुरा गरी न्यूनतम भौतिक पुर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता भएको हुने,
३. आवश्यक संख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था हुने,
४. बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने,
५. सबै आधारभूत तहका विद्यार्थीहरूको पोषण र स्वास्थ्य स्थिति सुधार गर्न सुरक्षित पानी, सरसफाइ र स्वच्छता, आधारभूत स्वास्थ्य र पोषण सेवाहरू र शिक्षा हुने,
६. बालबालिकाले न्यूनतम सिकाइ उपलब्धी हासिल गरेको हुने,
७. आधारभूत शिक्षाको भर्ना, सहभागिता तथा सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक समता सूचकमा सुधार हुने,
८. विद्यालय शिक्षा प्रणाली प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील हुने,
९. सूचना, सञ्चार तथा प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग हुने,
१०.जनशक्तिको क्षमता विकास भई गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने ।
११.विद्यालयको कार्यसम्पादनको परीक्षण गर्न सुचकहरु निर्माण गरी स्वमूल्याङ्कन गर्ने परिपाटिबाट विद्यालयहरुको स्तरिकरण हुने ।

### ३.२.६ प्रमुख क्रियाकलाप र लक्ष्य:

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) २०८१/८२ देखि २०८५/८६ सम्म | | | | | | २०८६/८७ देखि २०९०/९१ सम्म | १० वर्षको लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | सबै बालबालिकालाई विद्यालय भर्ना गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | १० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २. | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन गर्ने | पटक | १ | | | | १ | २ | २ | ४ |
| ३. | शिक्षक क्षमता विकास गर्ने (तिन तहमा कक्षा १-३, ४-५, ६-८) | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| ४. | व्यवस्थित परीक्षा प्रणाली र विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| ५. | सूचना सञ्चार तथा प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास गर्ने | सङ्ख्या | ८ | ८ | ८ | ८ | १० | ४२ | ४२ | ४२ |
| ६. | शारीरिक परीक्षण, | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| ७. | स्वस्थ्य परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| ८. | जुकाको औषधी खुवाउने (Albendazole tablet 400 mg) | पटक | २ | २ | २ | २ | २ | १० | १० | २० |
| ९. | पोषण सप्ताह सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| १०. | विपन्नका लागि ड्रेस, स्टेशनरीका लागि छात्रबृत्ति व्यवस्था गर्ने | सङ्ख्या | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५०० | १००० |
| ११. | सिकाइ सामग्री, सन्दर्भ सामग्रीको व्यवस्था गर्ने तथा विद्यालय व्यवस्थापन | सङ्ख्या | १० | ८ | ८ | ८ | ८ | ४२ | ४२ | ४२ |
| १२. | विव्यस, शिअसंका पदाधिकारीहरूको क्षमता विकास गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| १३. | अभिभावक शिक्षा | पटक | २ | २ | २ | २ | २ | १० | १० | २० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम सञ्चालन गर्ने | | | | | | | | | |
| १४. | उत्कृष्ट शिक्षकलाई पुरस्कारको व्यवस्था गर्ने | सङ्ख्या | ४ | ४ | ४ | ४ | ४ | २० | २० | ४० |
| १५. | व्यवस्थित पुस्तकालय/इ पुस्तकालय तथा वाचनालय कक्ष | सङ्ख्या | ८ | ८ | ८ | ८ | १० | ४२ | ४२ | ४२ |
| १६. | प्राथमिक उपचार सामग्री तथा उपचार कक्षको व्यवस्था | सङ्ख्या | ८ | ८ | ८ | ८ | १० | ४२ | ४२ | ४२ |
| १७. | विद्यालयमा पिउने पानीको व्यवस्था | सङ्ख्या | ८ | ८ | ८ | ८ | १० | ४२ | ४२ | ४२ |
| १८. | मापदण्ड अनुसार शिक्षक व्यवस्थापन | सङ्ख्या | ५ | ६ | ४ | ३ | २ | २० | २० | ४० |
| १९. | कक्षा १-३ मा बसाई व्यवस्थापन | सङ्ख्या | ८ | ८ | ८ | ८ | १० | ४२ | ४२ | ४२ |
| २०. | पढाइ कुना (Reading Corner) निर्माण तथा पुस्तक सहयोग कक्षा १-३ | सङ्ख्या | ८ | ८ | ८ | ८ | १० | ४२ | ४२ | ४२ |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

श्रम प्रति सकारात्मक भावना भएका सिपमूलक जनशक्ति उत्पादन गर्ने माध्यमिक तहको शिक्षालाई साधारण, व्यवसायिक र संस्कृत गरी तिन धारमा बाँडिएको छ। विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यान्वयन सँगै कक्षा (९–१२) मा प्राविधिक तथा व्यावसायिकधारको सुरुवात गरिएको छ। यो तहको शिक्षा मानव संसाधनको विकासबाट सिप विकास तथा उच्च शिक्षाको लागि तयारीको आधार पनि हो। नेपालको शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसारको पाठ्यक्रमको कार्यान्वयन वि.स. २०७७ वाट प्रारम्भ भएको छ। नेपालको वर्तमान संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै यसवाट सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सिपयुक्त एवम् उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ। विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति २०७६ ले विद्यालय तहदेखिनै परम्परागत मौलिक ज्ञान, प्रविधि तथा सिपका वारेमा अध्ययन अध्यापन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनशीलता अभिवृद्धि गर्ने रणनीति लिएको छ।

### ३.३.२ वर्तमान अवस्था

विनयी त्रिवेणी गाउँपालिकामा माध्यमिक तहको शिक्षामा विद्यार्थीको पहुँचमा क्रमिक रुपमा प्रगति भएको छ। माध्यमिक तह (कक्षा ९-१०) मा कूल भर्नादर र खुद भर्नादर क्रमश: १०८.०६ र ८३.४५ प्रतिशत र माध्यमिक तह (११-१२) मा क्रमश: ६०.०७ र ३२.२७ प्रतिशत रहेको छ। यस गाउँपालिकामा माध्यमिक विद्यालय जम्मा १८ वटा छन् जसमध्ये सामुदायिक माध्यमिक विद्यालय ११ वटा (माध्यमिक तह १-१० सञ्चालित ६, १-१२ सञ्चालित ५ वाट) रहेका छन्। त्यसैगरी माध्यमिक तह संस्थागत विद्यालय ६ वटा जसमध्ये १-१० सञ्चालित ६ वटा विद्यालयहरु रहेको छ। यस गाउँपालिका भित्र शैक्षिक सत्र २०८० मा माध्यमिक तह (कक्षा ९-१२) मा जम्मा २२९० जना विद्यार्थीहरु अध्ययनरत छन् जसमध्ये छात्रा १११६ र छात्र ११७४ रहेका छन्। सामुदायिक विद्यालय माध्यमिक तहमा जम्मा २०५५ जना जसमध्ये कक्षा ९-१० मा १३२४ जना र कक्षा ११-१२ मा ७३१ जना छन्। त्यसैगरी संस्थागत विद्यालयमा जम्मा २३५ जना जसमध्ये कक्षा ९-१० मा २३५ जना विद्यार्थी अध्ययनरत छन्। गाउँपालिका भित्र माध्यमिक तहमा जम्मा स्विकृत दरवन्दी शिक्षक १७ जना र रहात र निजि स्रोत ११ जना गरि जम्मा शिक्षक २८ जना रहेका छन्। शिक्षक विद्यार्थी अनुपात माध्यमिक तह मा १२०.८८ (माध्यमिक तह ९-१० मा ८८.२६ र ११-१२ मा ३६५.५० रहेको छ। शिक्षक विद्यार्थी अनुपातमा रहात र निजि स्रोतका शिक्षकहरु समावेश गरिएको छैन। त्यसैगरी विद्यार्थी सिकाइ उपलब्धी दर कक्षा ९ मा जम्मा ४७.६ प्रतिशत रहेको छ। हाल माध्यमिक तहको विद्यालय उमेरका करिब १०.२६ प्रतिशत बालबालिकाहरु संस्थागत विद्यालयमा अध्ययन गरिरहेका छन्।

तालिका नं.३.३.२.१ सामुदायिक विद्यालयमा विद्यार्थी विवरण २०७९ र २०८० (कक्षा ९-१०)

| क्र.स. | विद्यालयको नाम | IEMIS | कूल विद्यार्थी २०७९ | | | कूल विद्यार्थी २०८० | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| 1 | Suryajyoti Secondary School | 480070011 | 0 | 0 | 0 | 19 | 21 | 40 |
| 2 | Dipendra Secondary School | 480070012 | 196 | 174 | 370 | 181 | 149 | 330 |
| 3 | Bhanudaya Secondary School | 480180011 | 91 | 105 | 196 | 80 | 93 | 173 |
| 4 | Mani Sangam Secondary School | 480200006 | 61 | 53 | 114 | 49 | 50 | 99 |
| 5 | Manakamana Secondary School | 480200008 | 13 | 18 | 31 | 19 | 15 | 34 |
| 6 | Bhanudaya Model Secondary School | 480200011 | 112 | 110 | 222 | 131 | 135 | 266 |
| 7 | Shree Ahingsavadee Mahabouddha Anath Secondary Vidhyapeeth | 480200012 | 6 | 5 | 11 | 8 | 6 | 14 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 8 | Bhawani Secondary School | 480540003 | 22 | 12 | 34 | 14 | 14 | 28 |
| 9 | Shivapurgadhi Secondary School | 480730002 | 103 | 87 | 190 | 97 | 89 | 186 |
| 10 | Narayani Gandaki Sa.Tatha San. Secondary School | 480730003 | 45 | 55 | 100 | 64 | 79 | 143 |
| 11 | Shree Muktinath Peeth Ved Vidyashram | 480730012 | 0 | 23 | 23 | 0 | 11 | 11 |
| | **Total** | | **649** | **642** | **1291** | **662** | **662** | **1324** |

स्रोत : IEMIS Report 2079, 2080

तालिका नं.३.३.२.२ संस्थागत विद्यालयमा विद्यार्थी विवरण २०७९ र २०८० (कक्षा ९-१०)

| क्र.स. | **विद्यालयको नाम** | IEMIS | **कूल विद्यार्थी जम्मा २०७९** | | | **कूल विद्यार्थी जम्मा २०८०** | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | **छात्र** | **छात्रा** | **जम्मा** | **छात्र** | **छात्रा** | **जम्मा** |
| 1 | Sardi Academy | 480070005 | 4 | 5 | 9 | 4 | 5 | 9 |
| 2 | Blue Star English Secondary School | 480200010 | 20 | 27 | 47 | 14 | 21 | 35 |
| 3 | Shantideep Academy | 480200013 | 11 | 21 | 32 | 16 | 23 | 39 |
| 4 | Lakhan Thapa Memorial Academy | 480200014 | 7 | 18 | 25 | 18 | 16 | 34 |
| 5 | Ujjwal Shishu Eng. Boarding Secondary School | 480730008 | 39 | 58 | 97 | 32 | 47 | 79 |
| 6 | Blooming Buds Boarding School | 480730013 | 15 | 24 | 39 | 16 | 23 | 39 |
| | **Total** | | **96** | **153** | **249** | **100** | **135** | **235** |

स्रोत : IEMIS Report 2079, 2080

तालिका नं.३.३.२.३ सामुदायिक विद्यालयमा विद्यार्थी विवरण २०७९ र २०८० (कक्षा ११-१२)

| क्र.स. | **विद्यालयको नाम** | IEMIS | **कूल विद्यार्थी २०७९** | | | **कूल विद्यार्थी २०८०** | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | **छात्र** | **छात्रा** | **जम्मा** | **छात्र** | **छात्रा** | **जम्मा** |
| 1 | Dipendra Secondary School | 480070012 | 145 | 98 | 243 | 74 | 60 | 134 |
| 2 | Bhanudaya Secondary School | 480180011 | 77 | 56 | 133 | 77 | 45 | 122 |
| 3 | Mani Sangam Secondary School | 480200006 | 69 | 55 | 124 | 70 | 50 | 120 |
| 4 | Bhanudaya Model Secondary School | 480200011 | 147 | 140 | 287 | 142 | 125 | 267 |
| 5 | Narayani Gandaki Sa.Tatha San. Secondary School | 480730003 | 90 | 57 | 147 | 49 | 39 | 88 |
| | **Total** | | **528** | **406** | **934** | **412** | **319** | **731** |

स्रोत : IEMIS Report 2079, 2080

प्रमुख समस्या तथा चुनौतीहरु

१. शिक्षक पेशागत क्षमता विकासका कार्यक्रम सञ्चालनमा प्रभावकारी हुन नसक्नु,
२. माध्यमिक विद्यालयमा केहि विद्यालयमा शैक्षिक सामग्रीहरुको निर्माण गरेर शिक्षण गरिने तर अधिकाँश विद्यालयमा पाठगत शिक्षण सामग्री निर्माण र प्रयोगमा कमी हुनु,
३. सबै माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशालाको उपलब्धता र प्रयोगमा कमी हुनु,
४. सबै माध्यमिक विद्यालयमा पुस्तकालयको व्यवस्था हुन नसक्नु,
५. माध्यमिक तहका बालबालिकाको शैक्षिक उपलब्धि स्तर कमजोर हुनु,
६. विद्यालयमा रहेका कम्प्युटर, ल्यापटप, प्रोजेक्टर तथा सूचना, सञ्चार तथा प्रविधिको प्रयोग बाट शिक्षण कार्यमा कमि हुनु,
७. आवश्यक विषयगत शिक्षक दरवन्दीको व्यवस्था गरी विद्यालयमा सक्षम र योग्य जनशक्ति व्यवस्थापन गर्ने,
८. विद्यार्थी मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रुपमा विकास गर्ने र परीक्षा प्रणालीलाई सुधार गरी विश्वसनीयता र वैधता बनाउनु,
९. विद्यालय शिक्षा पद्धतिलाई विद्यार्थीको सिकाइप्रति उत्तरदायी बनाउनु,
१०.विद्यालयमा पर्याप्त मात्रामा खेल सामग्री, सांगीतिक सामग्री तथा शिक्षकहरुलाई क्षमता वृद्धि सम्बन्धि तालिमको व्यवस्था गर्न नसकिएको हुदा विद्यार्थीहरुको सम्पूर्ण पक्षको विकास हुन नसक्नु,
११.माध्यमिक विद्यालयमा अनुगमन, निरिक्षण, र परामर्शको पक्ष कमजोर रहनु,
१२.सबै माध्यमिक विद्यालयहरुमा विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम कार्यान्वयन हुन नसक्नु,
१३.गणित प्रयोगशाला, सामाजिक प्रयोगशाला, संगीत कला तथा खेलकुद सामग्री निर्माण, विकास र संकलन कक्षको कमि रहेको तथा व्यवस्थित खेल मैदान धेरैजसो विद्यालयमा नरहनु।
१४. शिक्षकको पेशागत सहयोगका लागि आवश्यक पृष्ठपोषण सहितको सपरिवेक्षण र मेन्टोरिङ्ग सहयोग हुन नसक्नु,
१५. व्यवस्थापकिय पक्षमा संलग्नहरुको निम्ति विद्यालय व्यवस्थापन संग सम्बन्धित क्षमता विकासका कार्यक्रम सञ्चालन हुन नसक्नु,
१६. समुदायलाई विद्यालय प्रतिको अपनत्व बढाउन नसक्नु।

### ३.३.३ उद्देश्य

यस योजनाले माध्यमिक शिक्षा सम्बन्धी निम्नलिखित विशिष्ट उद्देश्य राखेको छ।

१. माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता सुनिश्चित गर्दै सान्दर्भिकता र गुणस्तरमा सुधार गर्ने,
२. विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, र सुरक्षित बनाउने,
३. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रवन्धमा सुधार ल्याउने,

४. सबै बिद्यालयहरुमा नविनतम सूचना प्रबिधिको विकास गर्ने,
५. महामारीमा विद्यार्थीहरुको पठनपाठनलाई सुनिश्चित गर्न सूचना प्रविधिको विकास गरी भर्चुअल तरिकाबाट पठनपाठनलाई निरन्तरता दिने,
६. शिक्षकलाई क्षमता अभिवृद्धि गर्न पेशागत विकास सम्बन्धि कार्यक्रमहरु सञ्चालन गर्ने,
७. शिक्षकहरुलाई आपतकालिन परिस्थितिमा पनि सिकाइलाई निरन्तरता दिन सक्ने खालको क्षमता विकास एवम् नव प्रर्वतनात्मक र अनुसन्धानात्मक कार्यमा जोड दिने,
८. विद्यालय स्वस्थ्य तथा पोषणको स्तरमा सुधार गर्न,
९. सामुदायिक सहयोग प्रणालीको विकास र विस्तार गर्न ।

### ३.३.४ रणनीतिहरू

योजनाका उद्देश्यहरु हासिल गर्न निम्नलिखित रणनीतिहरु अवलम्बन गरिनेछ:

१. विद्यालयहरूको नक्साङ्कनका आधारमा विद्यालय अनुमति, कक्षा थप, विद्यालय समायोजन र कक्षा कटौति गरिने छ ।
२. सबै बालबालिकाको समतामूलक पहुँच सुनिश्चित गर्न छात्रवृत्ति वितरण, भर्ना अभियान, पाठ्य सामग्री वितरण गरिने छ ।
३. माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गरि सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गरिने छ ।
४. शिक्षक पेसागत विकास तथा सहयोगका लागि विज्ञ समुह गठन, विषयगत समिति, अन्तर र बाहय विद्यालय भ्रमण, अनुसन्धान, जर्नलहरु प्रकाशन र गोष्ठी कार्यशाला सञ्चालन गरिने छ ।
५. शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रमहरू सञ्चालन गरिने छ ।
६. हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधिसंग सम्बन्धि उपकरणहरुको व्यवस्थापन र प्रयोग सम्बन्धि सीप विकास तालिम सञ्चालन गरिने छ ।
७. न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रुपमा सिकाइ उपलब्धिको विश्लेषण, प्रक्षेपण योजना र कार्यान्वयन सम्बन्धि प्रतिबद्धता लिखित रुपमा उल्लेख गर्न लगाइने छ ।
८. विद्यालयहरूलाई प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील बनाइने छ ।
९. विज्ञान विषय अध्ययनका लागि विद्यार्थीहरूलाई आकर्षित गर्न पूर्वाधार सहितको व्यवस्था गरिने छ ।
१०. योग्य, सक्षम र उत्प्रेरित प्रअको व्यवस्था गरी कुशल व्यवस्थापनको लागि कार्यसम्पादन करार गरी सोको नियमित अनुगमन र परीक्षण गर्ने व्यवस्था मिलाइने छ ।
११. पाठ्यक्रमले निर्दिष्ट गरेअनुसार सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गरिने छ ।

१२. विद्यालय शिक्षादेखि नै विज्ञान, प्रविधि, इन्जिनियरिङ्, कला र गणित शिक्षा (STEAM) जस्ता विषयहरुको सिकाइलाई अन्तरसम्बन्धित गर्दै लगिने छ।

### ३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि:**

माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने।

**प्रमुख नतिजा:**

१. सबै बालबालिकाहरूलाई नि:शुल्क माध्यमिक शिक्षाको पहुँच सुनिश्चित भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुने,
२. सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पूरा गरेको हुने,
३. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने,
४. पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता, उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोग र उचित सिकाइ वातावरणको निर्माण भएको हुने,
५. माध्यमिक शिक्षा पुरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने,
६. माध्यमिक शिक्षाको भर्ना, सहभागिता र सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार हुने,
७. माध्यमिक विद्यालयहरू प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील हुने,
८. सूचना, सञ्चार तथा प्राविधिको उपयोग भई विद्यार्थीको सिकाइमा सहयोग पुगेको हुने,
९. माध्यमिक तहको शिक्षामा सुशासन तथा गुणस्तरीयता कायम हुने,
१०. विद्यालय र समुदाय विचको सम्बन्ध सुधार हुने।

### ३.३.५ माध्यमिक तहका प्रमुख क्रियाकलापहरू

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) २०८१/८२ देखि २०८५/८६ सम्म | | | | | | २०८६/८७ देखि २०९०/९१ सम्म | १० वर्षको लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | नि: शुल्क माध्यमिक शिक्षाका लागि आवश्यक कानून, कार्यविधि र निर्देशिका तयारी गर्ने | पटक | | १ | | | | १ | १ | २ |
| २ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | | | | १ | २ | २ | ४ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | गणित तथा कम्प्यूटर विज्ञान विषय अध्ययनका लागि अनुदान/अवसर दिने | सङ्ख्या | २ | २ | २ | २ | ३ | ११ | ११ | ११ |
| ४ | मापदण्ड अनुसार शिक्षक व्यवस्था गर्ने | सङ्ख्या | ४ | | ४ | | ३ | ११ | ११ | ११ |
| ५ | सबै बालबालिकाको पहुँच सुनिश्चित गर्ने | सङ्ख्या | ७० | ५० | ४० | ४० | २० | २२० | २२० | २२० |
| ६ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| ७ | शिक्षक क्षमता विकास गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| ८ | विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन गर्ने | पटक | १ | | | | | १ | १ | २ |
| ९ | सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास गर्ने | पटक | २ | २ | २ | २ | २ | १० | १० | २० |
| १० | शिक्षक सहायता प्रणालीको पुनर्संरचना गर्ने | पटक | १ | | | | | १ | १ | २ |
| ११ | शारीरिक परीक्षण, | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| | स्वस्थ्य परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| १२ | जुकाको औषधी खुवाउने (Albendazole tablet 400 mg) | पटक | २ | २ | २ | २ | २ | १० | १० | २० |
| | पोषण सप्ताह सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| १३ | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग गर्ने | जना | ३९ | ३९ | ३९ | ३९ | ३९ | १९५ | १९५ | १९५ |
| १४ | नि: शुल्क माध्यमिक शिक्षा सुनिश्चितताका लागि पाठ्यपुस्तक, ड्रेस तथा स्टेशनरी, छात्रबृत्ति | जना | ४० | ४० | ५० | ५० | ७० | २५० | २५० | ५०० |
| १५ | उत्कृष्ट शिक्षक र कर्मचारी पुरस्कार व्यवस्था गर्ने | जना | २ | २ | २ | २ | २ | १० | १० | २० |
| १६ | विव्यस, शिअसंका | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | १० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पदाधिकारीहरूको क्षमता विकास गर्ने | | | | | | | | | |
| १७ | अभिभावक शिक्षा सञ्चालन गर्ने | पटक | २ | २ | २ | २ | २ | १० | १० | २० |
| १८ | विद्यार्थीले उच्च शिक्षा र पेशा छनौटको लागि परामर्श सेवा | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| १९ | उचित पुस्तकालय/ इ पुस्तकालयको व्यवस्था गर्ने | सङ्ख्या | २ | २ | २ | २ | ३ | ११ | ११ | ११ |
| २० | विद्यार्थीहरु विच सिर्जनशील प्रतिस्पर्धीका लागि कार्यक्रम सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| २१ | सेनेटरी प्याड व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| २२ | भौतिक पुर्वाधार व्यवस्थापन | सङ्ख्या | २ | २ | २ | २ | ३ | ११ | ११ | ११ |

## ३.४ अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाई

### ३.४.१ परिचय

औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा वाहिर मानव जीवनका लागि आवश्यक ज्ञान, सीप र प्रक्रियाको प्रशोधन गर्ने जीवनपर्यन्त अर्थात आजीवन सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो । औपचारिक रुपमा प्राप्त गर्ने शिक्षा भन्दा अनौपचारिक रुपमा प्राप्त गरिने ज्ञान सीप र दक्षताका अर्थात विभिन्न सिकाइ पद्धतिहरुबारे जो जीवनका अभिन्न अंगको रुपमा जीवन पर्यन्त सिकि रहनुपर्ने र असल जीवन जिउनको लागि महत्वपूर्ण रहेको हुन्छ । अनौपचारिक शिक्षा भन्नाले औपचारिक शिक्षाबाट बन्चित, औपचारिक शिक्षा प्राप्त गर्न अवसर नपाएका र निरन्तर शिक्षा प्राप्त गर्न इच्छुक नागरिकहरुलाई प्रदान गरिने सम्पूर्ण शैक्षिक कार्यक्रमलाई बुझ्नु पर्दछ । औपचारिक पद्धति भन्दा वाहिर लचिलो ढँगवाट दिइने शिक्षा नै अनौपचारिक शिक्षा हो । यस अन्तर्गत साक्षरता र निरन्तर शिक्षा कार्यक्रम, जिवन पर्यन्त शिक्षा कार्यक्रम, वैकल्पिक विद्यालय शिक्षा जस्ता कार्यक्रमहरु संचालन हुने गर्दछन् । अनौपचारिक शिक्षा त्यस्तो सांस्कृतिक केन्द्र हो जहाँ सहभागीहरु आफ्नो जीवनमा आइपर्ने  समस्याहरुका वारेमा छलफल र समाधानका उपायहरु खोजी निर्णय कार्यान्वयन गर्छन ।

संवैधानिक सुनिश्चितताामा शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिको सिद्धान्त, दिगो विकासको लक्ष्य नं ४ तथा आवधिक योजनामा समेत नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षा संगै अनौपचारिक शिक्षा प्रणालिले समेत योगदान गर्दछ । यस खण्डमा स्थानीय तहको अनौपचारिक शिक्षा र आजीवन सिकाइको वर्तमान अवस्था विश्लेषणका आधारमा समस्या एवं चुनौतीहरुको पहिचान गर्दै चुनौतीहरुको सामना गर्न यसको उद्धेश्य र नीतिहरु कार्यक्रम कार्यान्वयन वाट प्राप्त हुने प्रमुख नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु यसमा समावेश गरिएको छ।

### ३.४.२ वर्तमान अवस्था

विनयी त्रिवेणी गाउँपालिकालाई साक्षर गाउँपालिका घोषणा भइसकेको सन्दर्भमा १५ देखि ६० वर्ष उमेर समुहका निरक्षरहरुलाई साक्षर वनाउने कार्यमा योगदान गरेको देखिन्छ। राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकामा कूल साक्षरता दर ८१.९७ प्रतिशत जसमध्ये पुरुष ८८.५८ र महिला ७६.१७ प्रतिशत रहेको छ। नेपाल सरकारले सामुदायिक सिकाइ केन्द्रहरु को स्थापना गरी सो मार्फत समुह गठन, साक्षरता कक्षा सञ्चालन, विषयगत तालिम, आयअर्जन कार्यक्रम, समुह बचत योजना, सुचना केन्द्र स्थापना, अन्तर केन्द्र भ्रमण, उद्यमशीलता तालिम, तथ्याङ्क संकलन र अनुगमन सम्बन्धि कार्य गर्न व्यवस्था गरिएता पनि आपेक्षकृत हुन नसकेको अवस्था देखिन्छ । यस गाउँपालिकामा १ वटा सामुदायिक सिकाइ केन्द्र हाल सञ्चालनमा रहेको छ।

तालिका नं ३.४.२.१ सामुदायिक सिकाइ केन्द्रहरुको विवरण

| क्र.स. | सिकाइ केन्द्रको नाम | ठेगाना | अध्यक्ष | परिचालकको नाम | कैफियत |
|---|---|---|---|---|---|
| १ | सर्दी सामुदायिक सिकाइ केन्द्र | विनयी त्रिवेणी गापा-४ | | सन कुमारी साठीघरे | ९८६०५८१४९४ |

स्रोत: विनयी त्रिवेणी गाउँपालिका शिक्षा शाखा

तालिका नं ३.४.२.२ पाँच वर्ष र पाँच वर्ष भन्दा माथिको उमेरगत साक्षरता विवरण

| Age | Total | Population who | | | Not stated |
|---|---|---|---|---|---|
| | | Can read & write | Can read only | Can't read & write | |
| **Total** | **35251** | **28895** | **260** | **5997** | **99** |
| 05 Year | 686 | 595 | 16 | 72 | 3 |
| 06 Year | 708 | 664 | 5 | 36 | 3 |
| 07 Year | 662 | 637 | 7 | 18 | 0 |
| 08 Year | 735 | 727 | 1 | 6 | 1 |
| 09 Year | 700 | 689 | 0 | 8 | 3 |
| 10 Year | 711 | 708 | 0 | 3 | 0 |
| 11 Year | 644 | 638 | 0 | 5 | 1 |

| | | | | | |
|---|---|---|---|---|---|
| 12 Year | 711 | 704 | 1 | 6 | 0 |
| 13 Year | 693 | 683 | 0 | 8 | 2 |
| 14 Year | 796 | 792 | 0 | 4 | 0 |
| 15 Year | 782 | 774 | 0 | 5 | 3 |
| 16 - 19 Years | 3067 | 3027 | 0 | 36 | 4 |
| 20 - 24 Years | 3468 | 3392 | 1 | 70 | 5 |
| 25 - 29 Years | 3315 | 3180 | 2 | 126 | 7 |
| 30 - 34 Years | 3101 | 2833 | 12 | 251 | 5 |
| 35 - 39 Years | 2787 | 2397 | 21 | 367 | 2 |
| 40 - 44 Years | 2477 | 1956 | 18 | 497 | 6 |
| 45 - 49 Years | 1904 | 1328 | 25 | 547 | 4 |
| 50 - 54 Years | 1895 | 1067 | 43 | 774 | 11 |
| 55 - 59 Years | 1440 | 709 | 19 | 706 | 6 |
| 60 - 64 Years | 1307 | 546 | 32 | 725 | 4 |
| 65 - 69 Years | 1090 | 422 | 22 | 637 | 9 |
| 70 - 74 Years | 781 | 227 | 18 | 530 | 6 |
| 75+ Years | 791 | 200 | 17 | 560 | 14 |

स्रोत: राष्ट्रिय जनगणना २०७८

समस्या तथा चुनौतीहरु

आधारभूत तथा माध्यमिक शिक्षाको जिम्मेवारी स्थानिय तहमा हस्तान्तरण भएसँगै स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । शिक्षा क्षेत्र एउटा सिङ्गै पाटोको रुपमा रहेको अनौपचारिक शिक्षा तथा आजीवन सिकाइले नत व्यक्तिगत रुपमा नत संस्थागत र प्रणालीगत रुपमा नै क्षमता विकास गर्ने विषयले महत्व पाएको देखिन्छ । सबै युवाहरुका लागि खुला तथा दूर शिक्षाको अवसर उपलब्ध गराउन सकिएको छैन । सामुदायिक सिकाइ केन्द्रलाई अपेक्षित रुपमा सुदृढीकरण तथा व्यवस्थापन गर्न सकिएको छैन । त्यसैगरी आवश्यकता अनुरुप आजीवन सिकाइका अवसरहरु विस्तार गर्न सकिएको छैन ।

उल्लिखित विश्लेषणको आधारमा देहाय बमोजिमका चुनौतीहरु पहिचान गरिएको छ ।

१. साक्षर गाउँपालिका घोषणा गरिएको भएता पनि निरक्षरहरुको संख्या रहि रहनु ।
२. आनौपचारिक शिक्षा तथा आजीवन सिकाइको सहज र सर्वसुलभ पहुँच सुनिश्चित नहुनु ।
३. नवसाक्षरहरुलाई साक्षरोत्तर र निरन्तर शिक्षा एवं आय आर्जनका कार्यक्रममा लगाउन नसकिनु ।
४. अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक सिकाइको अवसरलाई एकीकृत सिकाइ प्रणालीका रुपमा संस्थागत विकास हुन नसक्नु ।
५. मौलिक तथा पुस्तौनी ज्ञान तथा सिपको पहिचान, संरक्षण प्रवर्धन गर्न नसक्नु ।
६. औपचारिक शिक्षा र अनौपचारिक शिक्षाका कार्यक्रमहरुमा सहसम्वन्ध कायम गर्न नसकिनु ।

७. युवा तथा प्रौढहरुमा कार्यमुलक साक्षरता, पढ्ने वानीको कमि र डिजिटल साक्षरताको कमि ।

८. साक्षरता, निरन्तर सिकाइ, आयमुलक सिप, समय सापेक्ष सुचना प्रविधियुक्त कार्यमुलक सिकाइ तथा समकक्षताको व्यवस्था हुन नसक्नु ।

९. अनौपचारिक तथा निरन्तर शिक्षा, खुला तथा वैकल्पिक शिक्षाका लागि मापदण्ड अनुकुल पाठ्यक्रम, पाठ्यपुस्तक तथा थप सिकाइ सामग्री विकास हुन नसक्नु ।

१०. सामुदायिक सिकाइ केन्द्रको संस्थागत विकासका निम्ति प्रभावकारी काम हुन नसकेको ।

### ३.४.३ उद्देश्य

यस योजनाले अनौपचारिक शिक्षा तथा आजिवन सिकाइ सम्बन्धी निम्न लिखित उद्धेश्यहरु राखेको छ ।

१. सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्ने ।

२. सामुदायिक सिकाइ केन्द्र मार्फत समुदायमा विभिन्न सिपमूलक तथा आयमूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

३. आयआर्जनका कार्यक्रमहरु सञ्चालन गर्दै समाजमा पछाडि परेको वर्गलाई मुलधारमा ल्याउने ।

४. आजीवन सिकाइ संस्कृति सापेक्ष अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि एकीकृत प्रणालीमा आधारित संस्थागत सुदृढीकरण गर्ने ।

### ३.४.४ रणनीतिहरु

योजनाका उद्देश्यहरु हासिल गर्न निम्नलिखित रणनीतिहरु अवलम्बन गरिने छ :

१. गाउँपालिकाभित्र पुन: घरधुरी सर्वेक्षण गरी साक्षर निरक्षरको अवस्था पहिचान र अभिलेख ीकरण गरिने छ ।

२. सामुदायिक सिकाइकेन्द्रको आवश्यकता अनुसार स्तर उन्नति एवम् स्थापना गरी अनौपचारिक शिक्षाका कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिने छ ।

२. साक्षरता तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्न संघीय सरकार, प्रदेश सरकार र अन्य संघ संस्थासंग सहकार्य र साझेदारीमा कार्यक्रम सञ्चालन गरिने छ ।

३. नवसाक्षर, प्रौढ महिला तथा पुरुषहरुलाई आयआर्जनका कार्यक्रमसंग जोडी आत्मनिर्भर र व्यावसायिक वनाउन सहयोग गरिने छ ।

४. मौलिक एवम् परपरागत ज्ञान तथा सिपको पहिचान, संरक्षण, प्रवर्धन, आधुनिकीकरण एवम् हस्तान्तरण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिने छ ।

५. तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरु र भाषिक विविधता अनुरुपका डिजिटल सिकाइ सामग्री विकास, सिकाइ परीक्षण र प्रमाणीकरणका लागि प्रदेश र संघीय सरकार संग समन्वयमा रहि आवश्यक प्रबन्ध गरिने छ ।

६. गाउँपालिकाले सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र सञ्चालन र सेवा प्रवाह गर्ने बहुद्देश्यीय संयन्त्रको रुपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइ थलोको रुपमा विकास गरिने छ।

७. अन्तर सरकार अन्य सरोकारवालाहरुबिच समन्वय, सहकार्य र साझेदारीमा वैकल्पिक शिक्षा सञ्चालनका निमित्त सामुदायिक संरचना तथा जनशक्तिको उपयोग सम्बन्धी नीति तयार गरी कार्यान्वयन गरिने छ।

### ३.४.५ उपलब्धी नतिजा प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु

क) उपलब्धी

सबै नागरिकलाई साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त हुने।

ख) प्रमुख नतिजा

१. साक्षर निरक्षर लगायत अनौपचारिक शिक्षा तथा वैकल्पिक सिकाइसंग सम्वन्धित तथ्यांक संकलन भइ अद्यावधिक हुने।

२. सामुदायिक सिकाइ केन्द्रको स्तरोन्नती र आवश्यकता अनुसार नयाँ स्थापना भइ निरन्तर शिक्षा तथा आयआर्जन कार्यक्रम सञ्चालन हुने।

३. महिला तथा प्रौढहरु आय आर्जन गरि जीवन निर्वाह र स्वावलम्वी तथा आत्मनिर्भर हुने।

४. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि स्थानीय तह र गैससको संयुक्त प्रयासमा लागत साझेदारिताको प्रारुप तयार हुने।

५. सिकारुको आवश्यकताअनुसार आजीवनका सिकाइका नमुना मोडयुल सिकाइ सामग्रीहरु विकास र कार्यान्वयन हुने।

६. सामुदायिक सिकाइ केन्द्रको संस्थागत संयन्त्र एवम् सञ्चलन मापदण्ड तयार भई एकीकृत सेवा प्रवाह गर्ने आजीवन सिकाइको केन्द्रको रुपमा विकास हुने।

### ३.४.६ प्रमुख क्रियाकलापहरु तथा लक्ष्यहरु

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) २०८१/८२ देखि २०८५/८६ सम्म | | | | | | २०८६/८७ देखि २०९०/९१ सम्म | १० वर्षको लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | निरक्षरहरूको तथ्याङ्क संकलन | पटक | १ | | | | १ | २ | २ | ४ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | तथा वर्गिकृत डाटावेस तयारी गर्ने | | | | | | | | | |
| २ | साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन गर्ने | सङ्ख्या | ७०० | ७०० | ७०० | ६७९ | ६०० | ३३७९ | ३३७९ | ३३७९ |
| ३ | सामूदायिक सिकाइ केन्द्र सञ्चालन गर्ने | नियमित | १ | १ | १ | १ | १ | १ | १ | १ |
| ४ | सामूदायिक सिकाइ केन्द्रलाई सामूदायिक पुस्तकालयका रूपमा सञ्चालन गर्ने | नियमित | १ | | | | | १ | १ | १ |
| ५ | सामूदायिक सिकाइ केन्द्रको सुदृढीकरण तथा व्यवस्थापन गर्ने | नियमित | | १ | | | १ | २ | २ | २ |
| ६ | सरकारी तथा गैर सरकारी निकायसँग साझेदारी र सहकार्य गर्ने | निरन्तर | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| ७ | मौलिक तथा परम्परागत ज्ञानमा आधारित सामग्री विकास गर्ने | पटक | १ | | | | | १ | १ | १ |
| ८ | सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने | पटक | | | १ | | | १ | १ | १ |

# परिच्छेद ४: शिक्षासंग अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.१.१ परिचय

सिकाइका लागि पाठ्यक्रम धावन मार्ग हो । शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठयक्रम हो । पाठ्यक्रम कुनै कक्षा वा तहमा के के सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित हुदैन ।  देशकाल र परिस्थिति अनुसार

विद्यार्थीमा के कस्ता क्षमता विकास गराउने हो भन्नेसँग पनि सम्बन्धित छ । के पढाउने, के कस्ता क्रियाकलापका माध्यमबाट अपेक्षित सक्षमता हासिल गराउन र विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरी आवश्यक पृष्ठपोषण प्रदान गर्न के कसरी मुल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्वपूर्ण आधार समेत हो । मानवीय चेतना र वौद्धिक विकासको निमित्त लिइएका उद्देश्यहरू पूरा गराउनु हो । बालबालिकाको सर्वाङ्गीण विकास गर्नु, सभ्यता वा संस्कृतिको हस्तान्तरण एवम विकास गर्नु, शैक्षिक प्रक्रियाको स्वरुप निर्धारण गर्नु जस्ता कुराहरू पाठ्यक्रमको उद्देश्यभित्र पर्दछन् ।

मानवीय आवश्यकता, बालबालिकाको रुची र स्तर, सामाजिक मूल्य मान्यता, समाज तथा विश्व परिवेशमा विकास भएका ज्ञान सिप तथा प्रविधि अनुकुल पाठ्यक्रमलाई एउटा गतिशील र लचिलो प्रक्रियाका रुपमा लिनु आवश्यक छ । पाठ्यक्रमलाई कार्यान्वयन गर्नका लागि पहिलो सन्दर्भ सामाग्रीको रुपमा पाठ्यपुस्तकलाई लिन सकिन्छ । सूचना तथा सञ्चार प्रविधिको उचित विकास नभइसकेको हाम्रो परिवेशमा विद्यार्थीको एकमात्र विकल्पको रुपमा पाठ्यपुस्तकलाई लिन सकिन्छ । जसले पाठ्यक्रम कार्यान्वयनलाई सहयोग गर्दछ । पाठ्यपुस्तकलाई सरलिकृत गरी पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइ सक्षमताहरु हासिल गराउन पुरक सिकाइ समाग्रीहरुको विकास र वितरण समेत हुँदै आएको छ । हाल नेपालमा सामुदायिक विद्यालयमा अध्ययनरत सम्पूर्ण विद्यार्थीलाई नि:शुल्क पाठ्यपुस्तक र शिक्षकहरुका निम्ति शिक्षक निर्देशिका वितरण गर्नुको साथै अन्य थप सामग्रीहरु उपलब्ध गराइएको छ ।

### ४.१.२ वर्तमान अवस्था

राष्ट्रिय शिक्षा पद्धतिको योजना, २०२८ मा सर्वप्रथम विद्यालय तहमा पाठ्यक्रमलाई दस्तावेजिकरण गरिएको थियो । पाठ्क्रम विकासका लागि संस्थागत रुपमा शिक्षा मन्त्रालय अन्तर्गत पाठ्क्रम विकास केन्द्र स्थापना भयो । पाठ्यक्रम विकास केन्द्रको संरचनाको निरन्तरता सगैं विद्यालय तहको पाठ्यक्रम विकास, सुधार तथा अद्यावधिक गर्ने क्रममै वि. सं. २०७६ मा नयाँ पाठ्यक्रम प्रारुप तयार भइ कार्यान्वयन गर्ने क्रममा २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वन सुरु भएको छ । त्यसैगरी वि. सं. २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरूमा यो पाठ्यक्रम कार्यान्वयन हुने योजना छ । पाठ्यक्रम कार्यान्वयन सम्बन्धि समय तालिका निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं.४.१.२.१ पाठ्यक्रम परिक्षण तथा कार्यान्वयन विवरण तालिका

| कक्षा | २०७६ | २०७७ | २०७८ | २०७९ | २०८० |
|---|---|---|---|---|---|
| १ | परीक्षण | कार्यान्वयन | | | |
| २ | | परीक्षण | कार्यान्वयन | | |
| ३ | | परीक्षण | कार्यान्वयन | | |
| ४ | | | परीक्षण | कार्यान्वयन | |
| ५ | | | | परीक्षण | कार्यान्वयन |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | | परीक्षण | कार्यान्वयन | | |
| ७ | | | परिक्षण | कार्यान्वयन | |
| ८ | | | | | कार्यान्वयन |
| ९ | | | परीक्षण | कार्यान्वयन | |
| १० | | | | | कार्यान्वयन |
| ११ | | कार्यान्वयन | | | |
| १२ | | | कार्यान्वयन | | |

स्रोतः राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६

विनयी त्रिवेणी गाउँपालिकामा वि सं २०७९ देखि आधारभूत तह (कक्षा १-८) को लागि स्थानीय पाठ्यक्रम निर्माण गरि कार्यान्वयनमा ल्याइएको छ । त्यसैगरी शैक्षिक सत्र २०८० देखि आधारभूत तह (कक्षा १-५) को स्थानीय पाठ्यपुस्तक पनि तयार गरी लागू गरिएको छ भने कक्षा ६-८ को पाठ्यपुस्तक निर्माण गर्ने प्रक्रियामै छ। पाठ्यक्रम तथा पाठ्पुस्तकको प्रभावकारी कार्यान्वयनको लागि हाल सम्म कक्षा १ देखि १० सम्म सबै विषय र कक्षा ११ र १२ का लागि अनिवार्य विषयका पाठ्यपुस्तक प्रदान गर्ने नेपाल सरकारले नि:शुल्क व्यवस्था मिलाएको छ । यस गाउँपालिकामा १-५ का बालबालिकाहरुलाई अङ्ग्रेजी माध्यमको पाठ्यपुस्तक निशुल्क रुपमा वितरण गरिएको छ। विभिन्न विषयका शिक्षक निर्देशिका तथा विशिष्टिकरण तालिका तयार गरेको छ । पाठ्यक्रमलाई सान्दर्भिक र प्रभावकारी बनाउन कक्षा १- ३ मा अन्तर सम्वन्धित विषयवस्तुलाई एकीकृत गरिएको छ । प्रत्येक विषयमा विषयवस्तुको स्वरुप अनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशत सम्म भारको प्रयोगात्मक कार्य, परियोजना कार्य वा सामुदायिक कार्य लगायतका व्यवहारिक अभ्यास गराउनु पर्ने व्यवस्था छ। परिवर्तित पाठ्यक्रम अनुसार शिक्षकलाई निश्चित अवधिमा शिक्षकको पेसागत विकास तालिम लिनुपर्ने व्यवस्था गरिएको छ। परीक्षण र मूल्याङ्कन प्रणालीमा सुधार गरी आधारभूत तह सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति अपनाइएको छ । सबै कक्षामा अक्षराङ्कन पद्धतिअनुसार नतिजा निकाल्ने परिपाटी अपनाइएको छ।

## चुनौतीहरू

स्थानीय पाठ्यक्रम तथा विद्यार्थी मूल्याङ्कनमा निम्नलिखित चुनौतीहरु पहिचान गरिएको छ :

१. नयाँ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि शिक्षक तयारी, विकास र विषयगत शिक्षकको व्यवस्था र विद्यालयमा आधारित पेसागत सहयोग पद्धति स्थापना र सञ्चालन,
२. पाठ्यसामग्री विकासका लागि क्षमता विकास गर्नु,
३. सबै शिक्षकलाई नयाँ पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्रीको प्रवोधिकरण गर्नु,

४. शिक्षक निर्देशिका लगायत विद्यार्थीका लागि मुद्रित तथा डिजिटल सन्दर्भ सामग्रीको विकास तथा उपलब्धता,
५. अपाङ्गता, अनाथ, असहाय बालबालिकाको लागि अनुकूल पाठ्यसामाग्रीको व्यवस्था गर्ने,
६. निरन्तर मूल्याङ्कन पद्धतिलाई शिक्षण सिकाइ सँग जोड्ने, परीक्षा पद्धतिलाई स्मरण र बोध जस्ता सामान्य संज्ञानात्मक पक्षको मात्र लेखाजोखा नगरी उच्च तहको संज्ञान तथा सिप परीक्षण गर्ने गरी कार्यान्वयन गर्ने ।

### ४.१.३ उद्देश्य

१. पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
२. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउनु,
३. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेश अनुसार सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण गर्नु,
४. सिकारुका सिकाइ समस्याको समाधान-उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु ।

### ४.१.४ रणनीतिहरू

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गरिने छ ।
२. शिक्षकको पेसागत सक्षमता विकास गरिने छ ।
३. शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गरिने छ ।
४. विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालाहरूलाई प्रबोधिकरण गरिने छ ।
५. सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधि र क्रमिक सिकाइ सिद्धान्तको प्रयोगलाई जोड दिइने छ ।
६. सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने र उपचरात्मक शिक्षण व्यवस्था मिलाइने छ ।
७. शिक्षण सिकाइमा सूचना, सञ्चार र प्रविधिको प्रयोग बढाइने छ ।
८. विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिने छ ।
९. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गरिने छ ।

१०. सिकाइलाई दिगो रुपमा व्यवस्थित गर्नका लागि पाठ्यसामग्रहरुको विकास गर्ने र विकास भएका सामग्रीहरु वितरणको व्यवस्था मिलाइ कार्यान्वयनमा जोड दिइने छ।

११. निरन्तर मूल्याङ्कनको आवधारणा कार्यान्वयन गरी विद्यार्थीहरुको प्रगतिलाई  पोर्टफोलियो मार्फत अभिलेखिकरण गरिने छ।

### ४.१.५ उपलब्धि, नतिजा, प्रमुख  क्रियाकलाप  र  लक्ष्य

**उपलब्धिः**

- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमता सहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइ प्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार हुने।

**प्रमुख नतिजाः**

१. पाठ्यक्रमको कार्यान्वयन प्रभावकारी रूपमा भएको हुने,
२. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित हुने,
३. सिकारुका सिकाइ समस्याको समाधानउन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्यङ्कन हुने,
४. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेश अनुसार सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण  भएको हुने,
५. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन हुने।

### ४.१.६ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन प्रमुख क्रियाकलापहरू तथा गन्तव्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) २०८१/८२ देखि २०८५/८६ सम्म | | | | | | २०८६/८७ देखि २०९०/९१ सम्म | १० वर्षको लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | पाठ्यक्रम प्रबोधिकरण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| २. | स्थानीय पाठ्यक्रम कार्यान्वयन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| ३. | निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने (स्थानीय पाठ्यपुस्तक) | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| ४. | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने | निरन्तर | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| ५. | स्थानीय पाठ्य सामग्री र  अन्य शैक्षणिक सामग्री निर्माण तथा प्रयोग गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| ६. | शिक्षण कार्यमा उपयोगी सामग्री | सङ्ख्या | | १ | | | १ | २ | २ | ४ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | जस्तै : पाठ्यक्रम, शिक्षक निर्देशिका लगायत सन्दर्भ सामाग्रीको उपलब्धता | | | | | | | | | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

विद्यार्थीलाई पढ्न सक्ने शिक्षक उत्कृष्ट शिक्षक मानिन्छ । शिक्षाको गुणस्तर सुधारका लागि शिक्षक व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ । गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रुपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिवद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्ररित शिक्षकहरूको व्यवस्थापनवाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ ।

प्राथमिक तहमा विद्यार्थी सङ्ख्याको आधारमा र निम्न माध्यमिक तथा माध्यमिक तहमा विषयगत रुपमा विद्यमान मापदण्ड १:४५ शिक्षक विद्यार्थी अनुपात  कायम गरिएको छ । शिक्षा ऐन तथा नियमावलीले आधारभूत तहमा कम्तिमा ७ दरबन्दी र माध्यमिक तहमा १२ दरवन्दी हुनुपर्ने व्यवस्था गरेको छ ।

नेपालमा विगतदेखि हालसम्म सञ्चालित विभिन्न शिक्षा योजना, परियोजना तथा कार्यक्रमहरूले कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याई शिक्षाको स्तर वृद्धि गर्न जोड दिएका छन् । यसको फलस्वरुप विद्यालयको शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउने, प्रविधिको प्रयोग गरी शिक्षण गर्ने, बालमैत्री सिकाइ वातावरण सिर्जना गर्ने जस्ता केही प्रयास भएका छन् । विद्यालय क्षेत्र विकास योजना अवधिमा कक्षाकोठाको शैक्षणिक अभ्यास वा क्रियाकलापलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षकको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन भएका छन् । यस अवधिमा शिक्षक पेसागत विकास प्रमाणीकरण तालिम, छोटो अवधिको मागमा आधारित तालिमहरू सञ्चालन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउन प्रयत्न गरिएको छ ।

पेसागत रुपमा सक्षम, दक्ष र अभिप्रेरित शिक्षकवाट नै कक्षाकोठाको शिक्षण सिकाइमा सुधार आउन सक्छ । यसका लागि शिक्षकलाई पेसागत विकासका अवसरहरू उपलव्ध हुन आवश्यक छ । शिक्षकको पेसागत विकासका लागि विभिन्न तौरतरिकाहरू छन् । शिक्षक तालिम, कार्यशाला, गोष्ठी, सेमिनार  कनफरेन्स,  घटना अध्ययन, परियोजना कार्य, कार्यमूलक अनुसन्धान, शिक्षकहरूको सिकाइ सञ्जाल, अवलोकन भ्रमण, मेन्टरिङ सहयोग र पत्रपत्रिका तथा जर्नलहरुको प्रकाशन तथा अध्ययन आदि अवसरवाट शिक्षकको पेसागत विकास सम्भव छ ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेसालाई रोजाइको पेसाको रुपमा विकास गर्न शिक्षकहरूलाई सूचना प्रविधि, प्रधानाध्यापक तथा लेखापालहरूलाई विद्यालयमा गरिने लेखा व्यवस्थापन, सार्वजनिक खरिद र जिन्सी व्यवस्थापन, शिक्षकहरूलाई पेसागत विकासका विभिन्न प्रकारका तालिम लगायतका कार्यक्रमहरूको आवश्यकता आँकलन गरिएको छ । कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरीय बनाउने शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने शिक्षक पेसागत विकासलाई प्रभावकारी बनाउने विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने कार्यलाई प्राथमिकता दिइएको छ । यसमा शिक्षक ब्यवस्थापनको वर्तमान अवस्थाको विश्लेषणबाट चुनौतीहरूको पहिचान गरी शिक्षक ब्यवस्थापन र विकासलाई प्रभावकारी बनाउने सम्बन्धमा यस कार्यक्रमका उद्धेश्य पुरा गर्नका लागि अपनाइने रणनीतिहरू कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्य मुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ ।

### ४.२.२ वर्तमान अवस्था

नेपालमा वर्तमान अवस्थामा शिक्षकहरू तयार गर्ने काम विश्वविद्यालय र विद्यालयहरूले गरिरहेका छन् । शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन गर्ने, रिक्त दरवन्दीमा शिक्षक पदपूर्तिका परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवा सम्वन्धी काम शिक्षक सेवा आयोगले गर्दै आएको छ । आयोगबाट सिफारिस भइ आएका शिक्षकहरूलाई नियुक्ति दिने काम शिक्षा विकास तथा समन्वय इकाइबाट हुने र नियुक्ति लिइ आएका शिक्षकहरुलाई पदस्थापन गर्ने कार्य स्थानीय तहहरूले गर्दै आएका छन् । यसै गरी अस्थायी वा करार शिक्षकको नियुक्ति गर्ने, शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने कार्य स्थानीय तहले गर्दै आएका छन् । शिक्षकको पेसागत विकासका लागि नीति निर्माण गर्ने काम, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले, प्रमाणीकरण तथा कष्टमाइज्ड तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य शिक्षा तथा मानव स्रोत विकास केन्द्रले र शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने काम शिक्षा तालिम केन्द्रहरूले गर्दै आएका छन् ।

बालबालिकाको सिकाइ उपलब्धि मूलत: कक्षाकोठामा सञ्चालन गरिने शिक्षण सिकाइ क्रियाकलापमा भर पर्छ । विद्यालय तहको पाठ्यक्रम प्रारुप २०७६ ले पनि शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित, प्रविधि मैत्री, परियोजना कार्य, समूहकार्य, सामुदायिक क्रियाकलापमा आधारित बनाउन जोड दिएको छ । शिक्षकले विभिन्न तालिमहरु प्राप्त गरेपनि तालिममा सिकेका विधिहरु कक्षाकोठामा प्रयोग नगरेको विभिन्न अध्ययनहरुको प्रतिबेदनमा उल्लेख गरिएको छ । कतिपय विद्यालयको कमजोर भौतिक पूर्वाधार, उच्च गतिको इन्टरनेटको सुविधाको कमि, स्रोतको कमि, विषयगत दक्ष, योग्य र उत्प्रेरित शिक्षकको कमि, शैक्षिक सामग्रीको कमि, उपयुक्त कार्य वातावरणको कमि आदिका कारणले कक्षाकोठाको शिक्षण सिकाइमा अपेक्षित सुधार हुन नसकेको अवस्था छ ।

विनयी त्रिवेणी गाउँपालिकामा हाल प्रारम्भिक बालबिकास शिक्षक ४६ जना, आधारभूत तहमा स्वीकृत दरवन्दी १७७ जना र राहत र निजि ६१ जना गरी जम्मा २३८ जना, माध्यमिक तहमा स्वीकृत दरवन्दी १७ जना, राहत र निजि

१७ जना गरी जम्मा ३४ जना शिक्षकहरु रहेका छन् । यसरी शिक्षक विद्यार्थी अनुपात प्रारम्भिक बालबिकासमा २२.२१ प्रतिशत, आधारभूत तह ३१.९३ प्रतिशत, माध्यमिक तहमा १२०.८८ प्रतिशत रहेको छ ।

तालिका नं.४.२.२.१ सामुदायिक विद्यालयमा शिक्षक दरवन्दी विवरण

| विवरण | प्रारम्भिक बाल विकास सहजकर्ता | आधारभूत तह (कक्षा १-५) | आधारभूत तह (कक्षा ६-८) | माध्यमिक (९-१०) | माध्यमिक (११-१२) | जम्मा |
|---|---|---|---|---|---|---|
| जम्मा | **४६** | **१९८** | **४०** | **२४** | **१०** | **३१८** |
| जम्मा दरवन्दी | | १५४ | २३ | १५ | २ | १९४ |
| जम्मा राहत | ४६ | ४४ | १५ | ७ | ४ | ७० |
| कम्प्युटर इन्जिनियरीङ्ग (निम्न माध्यमिक २, मावि २, उच्चमावि ४) | | | २ | २ | ४ | ८ |

स्रोत: शिक्षा युवा तथा खेलकुद शाखा विनयी त्रिवेणी गाउँपालिका २०८०

शिक्षक व्यवस्थापन र विकास क्षेत्रमा देहायबमोजिमका चुनौतीहरु पहिचान गरिएका छन् ।

१. शिक्षण पेसालाई रोजाइको पेसाका रुपमा विकास गर्नु,
२. शिक्षक पेसागत सहयोगको सुदृढ प्रणाली स्थापित गर्न,
३. पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि सुनिश्चित गर्न र शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षण विधि तथा शिक्षण सिकाइ क्रियाकलापमा विविधता ल्याउनु,
४. आन्तरिक स्रोत वा गाउँपालिका स्रोत शिक्षकहरुको उचित र समान पारिश्रमिक व्यवस्था गर्नु,
५. विद्यार्थी संख्याका आधारमा शिक्षकको सन्तुलित वितरण गर्नु र आवश्यक थप शिक्षक दरबन्दी उपलब्ध गराउनु,
६. शिक्षकहरुको लागि हालको सेवा सुविधाहरुमा समयानुकुल परिवर्तन गरी प्रोत्सहन तथा प्रभावकारी पुरस्कार र दण्डको व्यवस्था गर्नु ।

### ४.२.३ उद्देश्य

१. विषयगत र कक्षागत रुपमा शिक्षक व्यवस्थापन गर्नु ।
२. शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी कार्यान्वयन गर्नु ।
३. सक्षम शिक्षक आपूर्तिका लागि सङ्घ तथा प्रदेश सरकारसँग समन्वय गर्ने,
४. शिक्षकको निरन्तर पेसागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु ।

### ४.२.४ रणनीतिहरू

१. शिक्षक विद्यार्थी अनुपातको आधारमा कक्षागत शिक्षक व्यवस्था र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा थपका लागि आन्तरिक स्रोतको परिचालन र प्रदेश, संघसंग उपलब्धताको निम्ति पहल गरिने छ।
२. शिक्षकको पेसागत विकासका लागि सेवाकालीन तालिम, बैठक, सेमिनार, कार्यशाला गोष्ठी, अन्तर विद्यालय भ्रमण, विषयगत समिति गठनलाई जोड दिइने छ।
३. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरिने छ।
४. शिक्षक तथा प्रधानाध्यापकको बृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजा प्रति जवाफदेही हुने पद्धतिको विकास गरिने छ।
५. शिक्षक नियुक्ति, सरूवा तथा तालिम र पेसागत विकासमा सहभागिता गराउँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गरिने छ।

### ४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि:**

- दरवन्दी मिलान सम्पन्न भै विषयगत र कक्षागत रुपमा शिक्षकको व्यवस्थापन भएको हुने।
- सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुने।

**प्रमुख नतिजा:**

१. राष्ट्रिय शिक्षक सक्षमता कार्यढाँचाको आधारमा शिक्षक तयारी, छनौट र पेसागत विकास हुने,
२. शिक्षक तयारीका कोर्सहरूमा पर्याप्त विषयगत तथा शिक्षण सिकाइसम्बन्धी सक्षमता विकास हुने,
३. शिक्षण पेसा थप प्रतिस्पर्धी र सम्मानित हुने,
४. पेसागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरण हुने,
५. शिक्षक पेसागत सहयोग प्रणाली मार्फत निरन्तर पेसागत सहयोग प्राप्त हुने,
६. शिक्षकको उपस्थिति, शिक्षण विधि तथा तौर तरिका र कार्यसम्पादनमा सुधार हुने,
७. शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण हुने,
८. शिक्षकको आपूर्ति नियमित रूपमा हुने,
९. शिक्षकको वृत्ति विकासका लागि पारदर्शी, र वस्तुनिष्ठ आधारसहितको पद्धति स्थापित हुने।

### ४.२.६ शिक्षक व्यवस्थापन र विकासका प्रमुख क्रियाकलापहरू तथा गन्तव्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) २०८१/८२ देखि २०८५/८६ सम्म | २०८६/८७ देखि २०९०/९१ | १० वर्षको लक्ष्य |
|---|---|---|---|---|---|

| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | सम्म | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | असल अभ्यासको अवलोकन भ्रमण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| २ | कार्य सम्पादनमा आधारित प्रोत्साहन तथा सुविधा दिने । | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| ३ | शिक्षक पेसागत सहयोग कार्यविधिका आधारमा सिकाइका लागि शिक्षकको इ संजाल बनाउने | पटक | १ | | | | १ | २ | २ | ४ |
| ४ | शिक्षकलाई परामर्श कार्य गर्न, अध्ययन अनुसन्धान, अनुगमन, सुपिरवेक्षणको लागि विज्ञ समुह परिचालन गर्ने | निरन्तर | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| ५ | शिक्षक मेन्टरिङ/कोचिङका लागि कार्यक्रम सञ्चालन गरेर शिक्षक पेसागत सहयोग विकास | निरन्तर | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| ६ | विद्यालय तथा पालिका स्तरमा प्रारम्भिक कक्षाका शिक्षकलाइ पेसागत सहयोग गर्न शिक्षण सिकाइ समुह वैठक/घुम्ती वैठक सञ्चालन गर्ने | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | २० | ४० |
| ७ | आवश्यकताका आधारमा शिक्षक पेसागत सहयोग तालिम सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| ८ | शिक्षक दरवन्दी मिलान तथा पुनर्वितरण | जना | १ | | | | १ | २ | २ | ४ |
| ९ | पालिकाले प्रअ र प्रअले शिक्षकहरूसँग करार सम्झौता मार्फत र कार्यसम्पादन परीक्षण सिकाइ उपलव्धीमा सुधार ल्याउने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | १० |

## ४.३ शैक्षिक समता र समावेशीकरण शिक्षा

### ४.३.१ परिचय

सबैलाई एकै किसिमका व्यवहार  गरिनु समानता हो भने प्रत्येकलाई उसको आवश्यकता अनुसारको व्यवहार गर्ने समता हो । शिक्षा क्षेत्रमा विभिन्न अवस्थामा जिवन विताइरहेका बालबालिकाहरु जस्तै शारीरिक, मानसिक, बौद्धिक रुपमा कमजोर, अति तीक्ष्ण, घरेलु तथा सडक बालबालिका, अति पिछडिएका वर्गभित्र पर्ने बालबालिका, भाषिक अवस्था कमजोर भएका बालबालिका, द्वन्दपीडित बालबालिका आदि सबैलाई समताका आधारमा व्यवस्थापन गरी प्रदान गरिने शिक्षालाई समावेशी शिक्षा भनिन्छ । नेपालको संविधान, २०७२ ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्माको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निशुल्क पाउने हक सुनिश्चित गर्नुको  साथै अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निशुल्क उच्च शिक्षा पाउने हक पनि सुनिश्चित गरेको छ । यसका साथै दृष्टिविहिन नागरिकलाई ब्रेललिपीमा, स्वर वा बोलाई सम्बन्धी अपाङ्गता भएका नागरिकलाई सांकेतिक भाषामा र प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुने भनी सुनिश्चित गरी समावेशी शिक्षाको अर्थलाई सार्थक बनाएको छ ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले पनि शिक्षामा समता र समावेशिता अभिवृद्धिका लागि विभिन्न नीतिहरु तय गरेको छ । अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन २०७५, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ र अनिवार्य तथा नि:शुल्क नियमावली, २०७७ ले अपाङ्गता भएका व्यक्ति तथा आर्थिक सामाजिक रुपले पछाडी परेका समुदायलाई छात्रवृत्ति तथा नेपाल सरकारले तोकिदिए बमोजिमका शैक्षिक संस्थाद्धारा नि:शुल्क रुपमा विद्यालय शिक्षा, उच्च शिक्षा र प्राविधिक तथा व्यावयसायिक शिक्षा उपलब्ध गराउने प्रावधान राखेको छ । विद्यालय शिक्षामा समता र समावेशीकरणका लागि सूचकसहितको एकीकृत समता रणनीति २०७१ कार्यान्वयनबाट बहुबञ्चितीकरणमा परेका बालबालिकाहरुलाई तथा सहयोग सहितको शैक्षिक अवसरको व्यवस्था गरिएको छ । अपाङ्गता भएका बालबालिका, छात्रा, दलित तथा जनजाति समुदायका बालबालिकाहरुलाई छात्रवृत्ति र प्राविधिक तथा व्यावयसायिक शिक्षामा प्राथमिकता एवम् आरक्षण कोटाको व्यवस्थाले यस समूहका बालबालिकाको शिक्षामा पहुँच र सहभागिता बढेको तथ्याङ्ले देखाएको छ तापनि पहुँचमा सुधारका साथै सहभागिता र गुणस्तर अझै थुप्रै कार्यहरु गर्नु पर्ने देखिएको छ ।

### ४.३.२ वर्तमान अवस्था

नेपालको संविधानको प्रस्तावनाले नेपाललाई समावेशी बनाउने अठोट गरेको छ । संविधानले आधारभूत तह शिक्षालाई नागरिकको मौलिक हकको रुपमा लिदै आधारभूत तह शिक्षा अनिवार्य र नि:शुल्क र अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकले कानुन बमोजिम नि:शुल्क शिक्षा पाउने हक हुने  र नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुने व्यवस्था गरेको छ ।

विनयी त्रिवेणी गाउँपालिकामा विभिन्न भाषिक, सांस्कृतिक तथा जातजातिगत समुदायहरुको बसोबास छ । यहाँ सामाजिक तथा सांस्कृतिक रुपमा विविधता भएको समाज यो विविधतालाई एकातिर पहिचान तथा सामर्थ्यका रुपमा लिने गरिन्छ भने अर्कोतिर ऐतिहासिक रुपमा यही भिन्नताका आधारमा सामाजिक विभेद र बञ्चितीकरणमा परेका समुदायहरु पनि छन् । उदाहरणका लागि दलित तथा सीमान्तकृत समुदाय, नेपाली बाहेक अन्य मातृभाषी समुदाय, अल्पसङ्ख्यक सांस्कृतिक समुदायहरु ऐतिहासिक रुपमा सामाजिक, आर्थिक तथा शैक्षिक बञ्चितीकरणमा पर्न गई अहिले सम्म पनि यस्तो बञ्चितीकरणको असर कुनै न कुनै रुपमा देखिने गरेको छ । त्यसैगरी विभिन्न किसिमका अपाङ्गता भएका बालबालिकाहरु तथा कठिन परिस्थितमा रहेका बालबालिकाहरुमा शिक्षाको पहुँच पुर्याई सहभागी बढाउन थप प्रयास आवश्यक छ । विभिन्न शारीरिक क्षमता भएका, कमजोर आर्थिक अवस्था भएका, समाजमा पछि परेका र पारिएका दलित महिला अपाङ्गता भएका ब्यक्तिहरूको मिश्रित बसोबास यहाँको समुदायमा रहेको छ । सम्पत्ति माथिको अधिकार पुरुषको तुलनामा महिलामा कम छ । सामाजिक साँस्कृतिक तथा विभिन्न परम्परागत कार्यले गर्दा लैंगिक विभेद विद्यमान छ । बालबालिकाहरू विशेषत अपाङ्गता भएका, दलित, विपन्न परिवारमा जन्म भएका आदिहरूको लागि शिक्षामा पहुँच कठीन रहेको छ ।

गाउँपालिकाले सामुदायिक विद्यालयमा दिवा खाजा, नि:शुल्क पाठ्यपुस्तक, छात्रा तथा सीमान्तकृत बालबालिकाहरुलाई लक्षित गरी छात्रवृत्ति, विद्यालय तहमा लैङ्गिक समताका लागि महिला शिक्षकको व्यवस्था, पाठ्यक्रममा लैङ्गिक सम्वेदनशीलता कायम, समावेशीकरण र समता सम्बन्धी विषयवस्तुलाई शिक्षक तालिममा समावेश लगायतका कार्यक्रमहरु कार्यान्वयन गरिए तापनि अझै विद्यालय शिक्षामा समता र समावेशिता कायम गर्न सकिएको छैन । विद्यालय उमेर समूहका २२० जना (७७ जना बालक र १४३ जना बालिका) बालबालिकाहरु विद्यालय बाहिर रहेका छन भने बिचमा विद्यालय छाड्ने दर २.९६ प्रतिशत तहगत र कक्षा दरहोर्याउने दर ७.११ रहेको छ । विद्यालय बाहिर रहेका, बिचैमा विद्यालय छाडी तह पुरा नगर्ने, अपेक्षित शैक्षिक उपलब्धि प्राप्त गर्न नसकेकाहरुलाई सम्बोधन गरी समता तथा समावेशिता अभिवृद्धि गर्नु आवश्यक देखिएको छ ।

अपाङ्गता भएका बालबालिकाहरू अझै पनि छन् तर त्यस्ता बालबालिकाहरूको अभिलेखीकरण हुनसकेको छैन । ती बालबालिकाहरू विद्यालय शिक्षाको पहुँचबाट टाढा रहेको अवस्था छ । त्यसैगरी आर्थिक हिसाबले विपन्न बालबालिकाहरू, असाध्य रोगहरूबाट पीडित बालबालिकाहरू, अभिभावक र सहाराविहीन बालबालिकाहरू समेत समुदायमा रहेका छन् तर तिनको लगत र तथ्याङ्क व्यवस्थित हुन सकेको छैन । त्यस्ता प्रकृतिका बालबालिकाहरू समेत विद्यालय शिक्षाको पहुँच बाहिर रहेको देखिन्छ । तर संस्थागत हिसाबले त्यस्ता बालबालिकाहरूको अभिलेख अध्यावधिक गरेर राख्ने कार्य हुन सकेको छैन । समाजमा पछि परेको वर्ग र फरक क्षमता भएको वर्ग लगायतका कमजोर वर्गलाई मूलप्रवाहीकरणमा ल्याउन अझैपनि सकिएको अवस्था छैन ।

तालिका नं.४.३.२.१ सामुदायिक विद्यायमा भर्ना भएका लैंगिकताको आधारमा विद्यार्थी विवरण

| | प्रारम्भिक बाल विकास | आधारभूत तह | | माध्यमिक तह | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | (कक्षा १-५) | (कक्षा ६-८) | (कक्षा ९-१०) | (कक्षा ११-१२) | |
| लैंगिकताको आधारमा | १०२२ | ३४५६ | २१९६ | १३२४ | ७३१ | ८७२९ |
| छात्रा | ४६६ | १६५१ | १०२६ | ६६२ | ४१२ | ४२१७ |
| छात्र | ५५६ | १८०५ | ११७० | ६६२ | ३१९ | ४५१२ |
| जनजातिका आधारमा | | | | | | |
| ब्राम्हण/क्षेत्री | ९१ | ३६९ | ३२१ | १७४ | ११२ | १०६७ |
| छात्रा | ४२ | १७१ | १२८ | ७७ | ५३ | ४७१ |
| छात्र | ४९ | १९८ | १९३ | ९७ | ५९ | ५९६ |
| जनजाति | ६४७ | २१८७ | १३६३ | ८१८ | ४९१ | ५५०६ |
| छात्रा | २९४ | १०६० | ६४२ | ४२८ | २८६ | २७१० |
| छात्र | ३५३ | ११२७ | ७२१ | ३९० | २०५ | २७९६ |
| दलित | १५३ | ५९८ | ३१३ | १७१ | ८९ | १३२४ |
| छात्रा | ७२ | २६७ | १६३ | ८४ | ५२ | ६३८ |
| छात्र | ८१ | ३३१ | १५० | ८७ | ३७ | ६८६ |
| अन्य | १३१ | ३०२ | १९९ | १६१ | ३९ | ८३२ |
| छात्रा | ५८ | १५३ | ९३ | ७३ | २१ | ३९८ |
| छात्र | ७३ | १४९ | १०६ | ८८ | १८ | ४३४ |

स्रोतः IEMIS 2080

तालिका नं.४.३.२.२ संस्थागत विद्यायमा भर्ना भएका लैंगिकताको आधारमा विद्यार्थी विवरण

| | प्रारम्भिक बाल विकास | आधारभूत तह | | माध्यमिक तह | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | (कक्षा १-५) | (कक्षा ६-८) | (कक्षा ९-१०) | (कक्षा ११-१२) | |
| लैंगिकताको आधारमा | ८१५ | १३१३ | ४७१ | २३५ | ० | २८३४ |
| छात्रा | ३५१ | ५५७ | २०३ | १०० | ० | १२११ |
| छात्र | ४६४ | ७५६ | २६८ | १३५ | ० | १६२३ |
| जनजातिका आधारमा | | | | | | |
| ब्राम्हण/क्षेत्री | २०१ | ३५७ | १३६ | ५८ | ० | ७५२ |
| छात्रा | ८६ | १४९ | ७४ | २६ | | ३३५ |
| छात्र | ११५ | २०८ | ६२ | ३२ | | ४१७ |
| जनजाति | ४१० | ६५७ | २१६ | १०९ | ० | १३९२ |
| छात्रा | १८२ | २८५ | ८८ | ४५ | | ६०० |
| छात्र | २२८ | ३७२ | १२८ | ६४ | | ७९२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| दलित | ११२ | १५५ | ५२ | ३० | ० | ३४९ |
| छात्रा | ४६ | ५८ | १७ | १३ | | १३४ |
| छात्र | ६६ | ९७ | ३५ | १७ | | २१५ |
| अन्य | ९२ | १४४ | ६७ | ३८ | ० | ३४१ |
| छात्रा | ३७ | ६५ | २४ | १६ | | १४२ |
| छात्र | ५५ | ७९ | ४३ | २२ | | १९९ |

स्रोतः IEMIS 2080

तालिका नं.४.३.२.३ सामुदायिक तथा संस्थागत विद्यायमा भर्ना भएका लैंगिकताको आधारमा विद्यार्थी विवरण

| | **प्रारम्भिक बाल विकास** | **आधारभूत तह** | | **माध्यमिक तह** | | **जम्मा** |
|---|---|---|---|---|---|---|
| | | (कक्षा १-५) | (कक्षा ६-८) | (कक्षा ९-१०) | (कक्षा ११-१२) | |
| लैंगिकताको आधारमा | १८३७ | ४७६९ | २६६७ | १५५९ | ७३१ | ११५६३ |
| छात्रा | ८१७ | २२०८ | १२२९ | ७६२ | ४१२ | ५४२८ |
| छात्र | १०२० | २५६१ | १४३८ | ७९७ | ३१९ | ६१३५ |
| जनजातिका आधारमा | | | | | | |
| ब्राम्हण/क्षेत्री | २९२ | ७२६ | ४५७ | २३२ | ११२ | १८१९ |
| छात्रा | १२८ | ३२० | २०२ | १०३ | ५३ | ८०६ |
| छात्र | १६४ | ४०६ | २५५ | १२९ | ५९ | १०१३ |
| जनजाति | १०५७ | २८४४ | १५७९ | ९२७ | ४९१ | ६८९८ |
| छात्रा | ४७६ | १३४५ | ७३० | ४७३ | २८६ | ३३१० |
| छात्र | ५८१ | १४९९ | ८४९ | ४५४ | २०५ | ३५८८ |
| दलित | २६५ | ७५३ | ३६५ | २०१ | ८९ | १६७३ |
| छात्रा | ११८ | ३२५ | १८० | ९७ | ५२ | ७७२ |
| छात्र | १४७ | ४२८ | १८५ | १०४ | ३७ | ९०१ |
| अन्य | २२३ | ४४६ | २६६ | १९९ | ३९ | ११७३ |
| छात्रा | ९५ | २१८ | ११७ | ८९ | २१ | ५४० |
| छात्र | १२८ | २२८ | १४९ | ११० | १८ | ६३३ |

स्रोतः IEMIS 2080

तालिका नं.४.३.२.४ विनयी त्रिवेणी गाउँपालिकामा रहेका अपङ्गता विवरण

| **Age group in Yrs.** | **Total Population** | **Type of disability** | | | | | | | | | | | | **Population without disability** | **Not stated** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | **Physical** | **Low vision** | **Blind** | **Deaf** | **Hard of hearing** | **Deaf and blind** | **Speech impairment** | **Psycho-social disabililty** | **Intelle-ctual disability** | **Hemo-philia** | **Autism** | **Multiple disability** | | |
| **Total** | **38370** | **399** | **163** | **34** | **158** | **62** | **20** | **95** | **62** | **22** | **8** | **6** | **87** | **37161** | **93** |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 00 - 04 Yr | 3119 | 30 | 3 | 5 | 0 | 0 | 0 | 2 | 1 | 1 | 0 | 1 | 5 | 3064 | 7 |
| 05 - 09 Yr | 3491 | 22 | 3 | 9 | 4 | 1 | 0 | 3 | 2 | 1 | 0 | 3 | 1 | 3430 | 12 |
| 10 - 14 Yr | 3555 | 15 | 4 | 0 | 5 | 2 | 1 | 2 | 2 | 1 | 0 | 0 | 7 | 3508 | 8 |
| 15 - 19 Yr | 3849 | 24 | 6 | 6 | 6 | 2 | 2 | 5 | 10 | 3 | 0 | 0 | 12 | 3762 | 11 |
| 20 - 24 Yr | 3468 | 20 | 6 | 1 | 5 | 0 | 0 | 6 | 3 | 3 | 1 | 0 | 3 | 3414 | 6 |
| 25 - 29 Yr | 3315 | 12 | 6 | 3 | 7 | 4 | 0 | 5 | 10 | 2 | 0 | 0 | 8 | 3247 | 11 |
| 30 - 34 Yr | 3101 | 26 | 4 | 1 | 9 | 4 | 1 | 11 | 3 | 2 | 3 | 0 | 6 | 3023 | 8 |
| 35 - 39 Yr | 2787 | 30 | 9 | 0 | 6 | 2 | 1 | 4 | 5 | 2 | 1 | 0 | 2 | 2722 | 3 |
| 40 - 44 Yr | 2477 | 23 | 4 | 2 | 3 | 4 | 1 | 7 | 5 | 0 | 0 | 0 | 4 | 2419 | 5 |
| 45 - 49 Yr | 1904 | 23 | 2 | 1 | 7 | 7 | 4 | 14 | 1 | 2 | 0 | 0 | 8 | 1829 | 6 |
| 50 - 54 Yr | 1895 | 31 | 14 | 0 | 20 | 9 | 1 | 14 | 3 | 0 | 2 | 1 | 4 | 1795 | 1 |
| 55 - 59 Yr | 1440 | 23 | 14 | 1 | 22 | 4 | 3 | 8 | 5 | 1 | 0 | 0 | 4 | 1350 | 5 |
| 60 - 64 Yr | 1307 | 37 | 21 | 3 | 12 | 8 | 1 | 7 | 8 | 1 | 1 | 0 | 4 | 1197 | 7 |
| 65 - 69 Yr | 1090 | 36 | 13 | 0 | 21 | 8 | 0 | 3 | 2 | 0 | 0 | 1 | 1 | 1003 | 2 |
| 70 - 74 Yr | 781 | 20 | 24 | 1 | 10 | 5 | 2 | 2 | 1 | 0 | 0 | 0 | 5 | 710 | 1 |
| 75+ Yr | 791 | 27 | 30 | 1 | 21 | 2 | 3 | 2 | 1 | 3 | 0 | 0 | 13 | 688 | 0 |

स्रोतः राष्ट्रिय जनगणना २०७८

समस्या तथा चुनौतीहरू

१. अपाङ्गता भएका बालबालिकाहरूको तथ्याङ्क सङ्कलन विश्लेषण र अभिलेखीकरण हुन नसक्नु ।

२. विद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण हुन नसक्नु ।

३. विद्यालयमा विभेदरहित वातावरण सिर्जनामा चेतनाको विकास हुन नसक्नु ।

४. समाजमा अझैपनि विभेद, दुर्व्यवहार,हेपाइ जस्ता व्यवहार कायमै हुनु र बालमैत्री व्यवहार नहुनु ।

५. समाजमा पछि परेको वर्ग दलित, गरिब, अपाङ्गता भएको व्यक्ति समेतलाई प्रदान गरिने सहायता न्यून हुनु ।

### ४.३.३ उद्देश्य

१. लक्षित समूहका व्यक्तिहरूको शिक्षामा समावेशी रूपमा समतामूलक पहुँच सुनिश्चित गर्नु।
२. लक्षित समूहका बालबालिकाहरूको सिकाइ सहभागिता वृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्नु
३. विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितता गरी बालबालिकाको नियमित उपस्थिति, सहभागिता र सिकाइ सहज हुने वातावरण सिर्जना गर्नु ।
४. शैक्षिक सुशासन कायम गर्न विद्यालय तथा विभिन्न संघसंस्था र कार्यालयहरूलाई जवाफदेही बनाउने ।

### ४.३.४ रणनीतिहरू

१. घरधुरी सर्वेक्षण गरी बालबालिकाहरूको सबै प्रकारको विवरण सङ्कलन गरी अध्यावधिक गरी राखिने छ ।
२. सबै तह र प्रकारका विद्यालयहरूमा लैङ्गिकमैत्री, बालमैत्री तथा अपाङ्गमैत्री भौतिक संरचनाहरूको निर्माण गर्न सहयोग गरिनेछ ।
३. साधारण विद्यालयमा भर्ना भई अध्ययन गर्न नसक्ने विशेष प्रकृतिका बालबालिकाहरूको लागि स्रोतकक्षाको व्यवस्था गरिने छ ।
४. विद्यालयमा हुने सबैप्रकारका विभेदहरूको अन्त्य गर्न सबै शिक्षक विद्यार्थी लगायतका सरोकारवालाहरूलाई अभिमुखीकरण गरिने छ ।
५. समावेशी तथा समतामूलक पहुँचको सुनिश्चितताका लागि यथोचित छात्रवृत्तिको रकम उपलब्ध गराइने छ ।
६. विद्यार्थीहरूलाई खासगरी किशोरीहरूलाई हुने विभेद र हेपाइ आदिलाई न्यून गर्न सचेतनामूलक कार्यक्रमका साथै अनुगमन तथा निरीक्षण अनुसन्धान र विकास गरिने छ ।
७. विद्यालयमा हुने सबै गतिविधिहरूमा बालबालिकाहरूको समावेशी सहभागिताको सुनिश्चितता गरिने छ ।
८. विद्यालयहरूमा विशेषत: छात्राहरूलाई हुने विभेद कम गर्न र गुनासो सुन्नका लागि 'जेन्डर फोकल पर्सन' गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिने छ ।
९. प्रत्येक विद्यालयहरुमा गुनासो पेटिका बनाई राख्न लगाईने छ ।

### ४.३.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क. उपलव्धी**

लक्षित समूहका बालबालिकाको शिक्षामा समतामूलक पहुँच सुनिश्चित भै सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

**ख. नतिजा**

१. अपाङ्गता, गरिव, विपन्न, अभिभावकविहिन, सडकमा हिड्ने बेसहारा बालबालिकाहरू आदिको अभिलेख अद्यावधिक हुने ।
२. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समाबेशी सहभागिता सहित सबैकालागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने ।
३. लक्षित समूहले तोकिए बमोजिम छात्रवृत्ति एव प्रोत्साहन प्राप्त गरेको हुने ।
४. विद्यालयहरूमा लैङ्गिक जातीय सामाजिक एवं सबै प्रकारका विभेदको अन्त भएको हुने ।

५. पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रिया लगायत समस्त शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशिता अभिवृद्धि हुने ।
६. शैक्षिक सुशासन, पारदर्शिता, उत्तरदायित्व र जवाफदेहीता बढेको हुने ।

### ४.३.६ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) २०८१/८२ देखि २०८५/८६ सम्म | | | | | | २०८६/८७ देखि २०९०/९१ सम्म | १० वर्षको लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | शिक्षाको मूल प्रवाह बाहिर रहेका र नरहेका सवै बालबालिकाहरूको तथ्याङ्क सङ्कलन र विश्लेषण गर्ने | सङ्ख्या | १ | | | | १ | २ | २ | ४ |
| २ | वैयक्तिक आवश्यकता अनुसारका शैक्षिक कार्यक्रम सञ्चालन गर्ने | निरन्तर | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| ३ | विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई विद्यालय भित्र ल्याउन जनचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| ४ | प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| ५ | सिकाइ सामग्री व्यवस्था गर्ने | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| ६ | जेन्डर फोकल शिक्षक र गुनासो सुन्ने अधिकारीको ब्यबस्था गर्ने | पटक | १ | | | | १ | ५ | ५ | १० |

## ४.४ दिवा खाजासहित पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ परिचय

स्वास्थ्य र शिक्षा एक आर्काका अन्योन्यश्रित विद्यालय जाने उमेरका बालबालिकाहरुको स्वास्थ्य र शिक्षाको स्तर सुधार गर्ने जिम्मेवारी विद्यालयको पनि हो । स्वास्थ्य वातावरणले बालबालिकाहरुको शारीरिक, मानसिक, संवेगात्मक विकासमा सुधार ल्याइ शिक्षा र स्वास्थ्यको लक्ष्य हासिल गर्नमा मद्दत पुर्याउँदछ । "सबैको लागि शिक्षा र सबैको स्वास्थ्य" जस्ता राष्ट्रिय लक्ष्य प्राप्त गर्न एकीकृत रुपमा विद्यालय स्वास्थ्य र पोषण कार्यक्रम सञ्चालन गर्न अति आवश्यक छ । यसै कारण सन २००६ मा स्वास्थ्य तथा जनसङ्ख्य मन्त्रालय र शिक्षा मन्त्रालयले संयुक्त रुपमा विद्यालय स्वास्थ्य तथा पोषण राष्ट्रिय रणनीतिको विकास गरेको छ । त्यसमा विद्यालय जाने उमेरका बालबालिकाहरुको स्वास्थ्य सुधारको लागि उचित सम्बोधन गर्नु पर्ने आवश्यकता उल्लेख गरिएको छ । कुपोषण, जुकाको संक्रमण, रक्त अल्पता, झाडा पखाला, दाँत सम्बन्धि स्यहार

जस्ता समस्याहरुले विद्यालय शिक्षामा नकारात्मक असर पार्ने कुरालाई मध्यनजर गरेर विद्यालय स्वास्थ्य तथा पोषण प्याकेज कार्यान्वयन गर्न सहमति भएको थियो । यस प्याकेज मार्फत निम्न रणनीतिक उद्देश्य हासिल हुने कुरा उल्लेख गरिएको छ ।

१. विद्यार्थीहरु बाटै उनिहरुको स्वास्थ्य र पोषणमा सुधार गर्ने,
२. विद्यालयको वातावरणलाई स्वस्थकर बनाउन सुधार गर्ने,
३. स्वास्थ्य तथा पोषण सम्बन्धि बानि व्यवहरामा सुधार गर्न,
४. सामुदायिक सहयोग प्रणाली र नीतिगत वातावरण सुधार तथा सुदृढ गर्ने,

माथि उल्लेख गरिएका उद्देश्यहरु पुरा गर्नको लागि निम्नानुसारको कार्यक्रमहरु अवलम्बन गर्दै आइरहेको छ ।

१. विद्यार्थीहरु बाटै उनिहरुको स्वास्थ्य र पोषणमा सुधार गर्नः
   क. जुका नियन्त्रण कार्यक्रमहरु
   ख. प्राथमिक उपचार बाकस वितरण कार्यक्रम
   ग. बार्षिक शारीरिक जाँच तथा सिफारिस सेवा
   घ. दिवा खाजा कार्यक्रम
   ङ. आइरन चक्की वितरण
२. विद्यालयको वातावरणलाई स्वस्थकर बनाउन सुधार गर्नः
   - भवन, शौचालय, खानेपानि र मर्मत तथा सम्भार र स्वाथ्य सरसफाइ सम्बन्धि चेतना मूलक कार्यक्रम आयोजना गरिदै आएको छ ।
३. स्वास्थ्य तथा पोषण सम्बन्धि बानि व्यवहरामा सुधार गर्नः
   - विद्यालय तहका पाठ्यक्रम र पाठ्यपुस्तकहरुमा सीपम आधारीत स्वास्थ्य, सरसफाइ र पोषण सम्बन्धि अभ्यासमा जोड,
   - विद्यालय स्वास्थ्य तथा पोषण सप्ताह मनाउन निर्देशिकाको परिमार्जन र वितरण,
   - बाल क्लब परिचालन कार्यविधि विकास,
   - विद्यालय हाजिरी पुस्तिक प्रयोग
४. सामुदायिक सहयोग प्रणाली र नीतिगत वातावरण सुधार तथा सुदृढ गर्नः
   - विद्यालय स्वास्थ्य तथा पोषण रणनीति २००६ लाई संसोधन तथा परिमार्जन,
   - आधारभुत प्याकेज निर्माण र परिमार्जन,

### ४.४.२ वर्तमान अवस्था

नेपालमा कुपोषण रक्त अल्पता, जुकाको संक्रमण, झाडापखाला, मुख स्वास्थ्य, कान तथा स्वासप्रस्वास सम्बन्धि संक्रमण जस्ता उपचारात्मक बाल रोगहरु विद्यमान छन् । विद्यालय जाने उमेरका बालबालिकाहरुका लागि स्वास्थ्य तथा पोषण सेवाहरु नहुनु एवम् सरसफाइमा कमि हुनाले उपचरात्मक रोगहरु लाग्ने गर्छन ।

तालिका नं.४.४.२.१ गाउँपालिकामा रहेका स्वास्थ्य संस्था सम्बन्धि विवरण

| Number of Health Facilities in Gandaki Province, Nepal | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Public Health Facilities | | | | | | | | | | | | | Non-public health facilities | Total health facilities (Public and Non-Public) |
| Code | Governance Units | Provinces | Districts | Name of Government Unit | Hospital | Primary Health Care Centers | Health Post | Urban Health Centers | Community Health Unit | Other Health Facilities | Total | | | |
| 4 | Province | Gandaki Province | Province | Gandaki Province | 15 | 24 | 491 | 52 | 41 | 12 | 635 | | 101 | 736 |
| 408 | District | Gandaki Province | Nawalparasi East | NAWAL PARASI EAST | 0 | 3 | 35 | 1 | 1 | 0 | 40 | | 11 | 51 |
| 40808 | Rural Municipality | Gandaki Province | Nawalparasi East | Binayi Tribeni Rural Municipality | 0 | 0 | 4 | 0 | 0 | 0 | 4 | | 0 | 4 |

स्रोतः Public health Update [Number of Health Facilities in Gandaki Province, Nepal (publichealthupdate.com)]

तालिका नं.४.४.२.२ गाउँपालिकामा रहेका शौचालय सम्बन्धि विवरण

| Area | Total | Type of toilet used | | | | Without toilet facility |
|---|---|---|---|---|---|---|
| | | Flush toilet (public sewerage) | Flush toilet (septic tank) | Pit toilet | Public toilet | |
| Nepal | 6660841 | 653710 | 3667780 | 2005480 | 32381 | 301490 |
| GANDAKI | 661632 | 18456 | 501855 | 132898 | 2131 | 6292 |
| Nawalparasi (East) | 93850 | 2532 | 67252 | 22673 | 239 | 1154 |
| Binayi Tribeni Gaunpalika | 9076 | 308 | 4555 | 3939 | 46 | 228 |

स्रोतः राष्ट्रिय जनगणना २०७८

## तालिका नं.४.४.२.३ गाउँपालिकामा रहेका खानेपानि स्रोत सम्बन्धि विवरण

| Area | Total | Main source of drinking water | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Tap/piped water (within premises) | Tap/piped water (outside premises) | Tubewell / handpump | Covered well/*kuwa* | Uncovered well/*kuwa* | Spout water* | River /stream | Jar / bottle | Other |
| Nepal | 6660841 | 2304015 | 1490846 | 1982180 | 102235 | 141857 | 262044 | 23827 | 308388 | 45449 |
| GANDAKI | 661632 | 347261 | 215468 | 10776 | 7808 | 10298 | 45567 | 2475 | 20234 | 1745 |
| Binayi Tribeni Gaunpalika | 9076 | 1880 | 2083 | 3284 | 872 | 256 | 399 | 57 | 83 | 162 |

स्रोतः राष्ट्रिय जनगणना २०७८

## तालिका नं.४.४.२.४ गाउँपालिकामा बच्चा जन्माउने आमाको उमेर  सम्बन्धि विवरण

| Children by sex | | | Total no. of children | Age group of mother in years | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | 15 – 19 | 20 – 24 | 25 - 29 | 30 - 34 | 35 - 39 | 40 - 44 | 45 - 49 |
| Gandaki Province | CHILDREN EVER BORN | Total | 995815 | 8311 | 62648 | 141791 | 184437 | 207041 | 205598 | 185989 |
| | | Male | 523371 | 4391 | 32556 | 74676 | 97359 | 109371 | 107677 | 97341 |
| | | Female | 472444 | 3920 | 30092 | 67115 | 87078 | 97670 | 97921 | 88648 |
| | CHILDREN STILL ALIVE | Total | 968670 | 8151 | 61638 | 139309 | 180861 | 201548 | 198851 | 178312 |
| | | Male | 507470 | 4299 | 31964 | 73193 | 95241 | 106090 | 103747 | 92936 |
| | | Female | 461200 | 3852 | 29674 | 66116 | 85620 | 95458 | 95104 | 85376 |
| | CHILDREN DEAD | Total | 27145 | 160 | 1010 | 2482 | 3576 | 5493 | 6747 | 7677 |
| | | Male | 15901 | 92 | 592 | 1483 | 2118 | 3281 | 3930 | 4405 |
| | | Female | 11244 | 68 | 418 | 999 | 1458 | 2212 | 2817 | 3272 |
| Nawalparasi East | CHILDREN EVER BORN | Total | 164800 | 1571 | 10518 | 23895 | 31685 | 34587 | 33734 | 28810 |
| | | Male | 86884 | 812 | 5463 | 12623 | 16831 | 18394 | 17776 | 14985 |
| | | Female | 77916 | 759 | 5055 | 11272 | 14854 | 16193 | 15958 | 13825 |
| | CHILDREN STILL ALIVE | Total | 159084 | 1534 | 10322 | 23435 | 30950 | 33436 | 32313 | 27094 |
| | | Male | 83620 | 793 | 5348 | 12339 | 16393 | 17730 | 16998 | 14019 |
| | | Female | 75464 | 741 | 4974 | 11096 | 14557 | 15706 | 15315 | 13075 |
| | CHILDREN DEAD | Total | 5716 | 37 | 196 | 460 | 735 | 1151 | 1421 | 1716 |
| | | Male | 3264 | 19 | 115 | 284 | 438 | 664 | 778 | 966 |
| | | Female | 2452 | 18 | 81 | 176 | 297 | 487 | 643 | 750 |
| Binayi Tribeni RM | CHILDREN EVER BORN | Total | 17399 | 231 | 1240 | 2573 | 3345 | 3577 | 3540 | 2893 |
| | | Male | 9035 | 121 | 649 | 1343 | 1804 | 1837 | 1818 | 1463 |
| | | Female | 8364 | 110 | 591 | 1230 | 1541 | 1740 | 1722 | 1430 |
| | CHILDREN STILL ALIVE | Total | 16631 | 221 | 1214 | 2509 | 3233 | 3399 | 3361 | 2694 |
| | | Male | 8606 | 117 | 638 | 1300 | 1738 | 1734 | 1716 | 1363 |
| | | Female | 8025 | 104 | 576 | 1209 | 1495 | 1665 | 1645 | 1331 |
| | CHILDREN DEAD | Total | 768 | 10 | 26 | 64 | 112 | 178 | 179 | 199 |
| | | Male | 429 | 4 | 11 | 43 | 66 | 103 | 102 | 100 |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Female | 339 | 6 | 15 | 21 | 46 | 75 | 77 | 99 |

स्रोतः राष्ट्रिय जनगणना २०७८

माथि उल्लेखित तथ्याङ्क अनुसार यस गाउँपालिकामा ४ वटा स्वास्थ्य चौकि रहेको छ । अस्पताल र प्राथमिक स्वास्थ्य केन्द्र नभएकोले स्वास्थ्य सेवा प्रदान गर्ने संस्थागत संरचना कमजोर देखिन्छ । शौचालयको सन्दर्भमा यस पालिका भित्र फ्लस शौचालय ३०८ वटा, सेफ्टी टेङ्की सहितको फ्लस शौचालय ४५५५ वटा, पिट शौचालय ३९३९ वटा, सार्वजानिक शौचालय ४६ वटा र शौचालय विहिन घर २२८ वटा रहेका छन् । यस तथ्याङ्कले स्वास्थ्य र सरसफाइमा समेत बाधा पुर्याएको देखिन्छ । घर परिसर भित्र पाइपबाट वितरित खानेपानि सुविधा भएको घर सङ्ख्या १८८० वटा, घर परिसर बाहिर रहेको पाइपबाट खानेपानि उपभोग गर्ने खानेपानि सङ्ख्या २०८३ वटा, ट्यूबेलबाट खानेपानि उपभोग गर्ने घरधुरी सङ्ख्या ३२८४ वटा, ढाकिएको कुवाबाट खानेपानि उपभोग गर्ने घरधुरी सङ्ख्या ८७२ वटा, नढाकिएको कुवाबाट खानेपानि उपभोग गर्ने घरधुरी सङ्ख्या २५६ वाटा, थोपापानि संकलन गरि खाने खानेपानि उपभोग गर्ने घरधुरी सङ्ख्या ३९९, नदि/खोलाबाट खानेपानि उपभोग गर्ने घरधुरी सङ्ख्या ५७, जार/बोतलबाट खानेपानि उपभोग गर्ने घरधुरी सङ्ख्या ८३ र अन्य खानेपानि श्रोतबाट खानेपानि उपभोग गर्ने घरधुरी सङ्ख्या १६२ वटा रहेका छन् । यस तथ्याङ्क अनुसार यस गाउँपालिकामा अझै पनि सम्पुर्ण नागरिकहरुको घर सम्म शुद्ध खानेपानिको पहुँच हुन सकेको छैन । शुद्ध खानेपानिको अभावले विभिन्न किसिमका रोगहरु लाग्ने सम्भावन प्रवल रहेको छ ।

यस त्रिवेणी गाउँपालिकामा दिवा खाजा कार्यक्रम मार्फत विद्यार्थीको स्वास्थ्य एवम् पोषण स्थितिमा सुधार गर्न, विद्यालय उमेर समुहका बालबालिकहरु भर्नादरलाई वृद्धि गर्न र कक्षा छाड्ने प्रवृतिलाई कम गर्न का लागि दिवा खाजा कार्यक्रम आएको छ । यो कार्यक्रम आधारभूत तहका कक्षा १-५ का बालबालिकाहरुलाई लक्षित गरी प्रति विद्यार्थी रु १५ दरले दिवा खाजा सञ्चालनमा छ । न्यून बजेट स्थानी तहमा प्राप्त उत्पादन हुने खाद्यन्न र त्यसबाट निर्माण गर्न सक्ने मेनुको आधारमा सञ्चालन हुनु पर्नेमा सो अनुसार गर्न सकिएको छैन ।  शारीरिक परीक्षणको सन्दर्भमा बालबालिकाहरुको Body Mass Index (BMI) पहिचान गर्न समेत सकिएको छैन । बर्षको दुई पटक ६/६ महिनाको अन्तरमा अल्बेन्डाजोल ट्यबलेट खुवाई जुकाको संक्रमणबाट रोक्न समेत प्रभावकारी कदम चाल्न आपेक्षाकृत रुपमा सकिएको छैन । प्राथमिक उपचार बाकसको व्यवस्थापन त्यसको प्रभावकारी प्रयोग, सोध भर्ना प्रणाली र सिफारिस गर्ने प्रणाली समेत व्यवस्थित गर्न सकिएको छैन । हरेक वर्ष जेष्ठको पहिलो हप्ता पोषण सप्ताहको रुपमा कार्यक्रम गर्नुपर्नेमा अभियानको रुपमा सञ्चालन गर्न सकिएको छैन । स्वास्थ्य र सरसफाईमा सुधारका निम्ति विकास गरिएको दैनिक स्वास्थ्य सुची जाँच र सप्ताहितक सची जाँच समावेश गरिएको विद्यार्थी हाजिरी रजिस्टरको समेत पुर्ण उपयोग हुन सकेको छैन ।

समस्या तथा चुनौतीहरु

१. सम्पुर्ण बालबालिकाहरु स्वास्थ्य तथा पोषण युक्त खाना प्राप्त नहुनु,
२. विद्यालयहरुमा दिवा खाजाको व्यवस्था भएपनि त्यसको सहि व्यवस्थापन हुन नसक्नु,
३. नेपाल सरकार संघीय तहबाट आधारभूत तह (कक्षा १-५) सम्मका बालबालिकाहरु मात्र दिवा खाजाको व्यवस्था हुनु,
४. विद्यालयमा विद्यालय स्वास्थ्य तथा पोषण सम्बन्धि तालिम प्राप्त फोकल शिक्षकको व्यवस्था भएपनि त्यसको कार्यान्वयन नहुनु,

५. विद्यालयमा प्राथमिक उपचार बाकस नहुनु र भएको पनि समय समयमा प्राथमिक उपचारको सामग्री तथा औषधी नहुनु।
६. सबै विद्यालयमा शुद्ध खानेपानी, सरसफाइका सामग्री नहुनु तथा हात धुने सुविधाको कमि,
७. विद्यार्थी सङ्ख्याको आधारमा शौचालय नुहुन र शौचालयमा पानिको व्यवस्था नहुनु,
८. विद्यालयमा फोहोर संकलन तथा त्यसको उचित व्यवस्थापन नहुनु,
९. विद्यालयमा सेनेटरी प्याड भएपनि त्यसको प्रयोगको लागि छुट्टै कोठा र प्याड व्यवस्थापन महिला शिक्षक नतोकिन, प्याड जलाउने व्यवस्था नुहुनु,
१०. विद्यार्थीहरुको नियमित शरीरिक जाँच पछिको परिणामलाई अभिभावक परामर्श कार्यक्रम सञ्चालन नगरिनु,
११. नियमित सबै विद्यार्थीहरुलाई जुकाको औषधी तथा आइरन चक्की नियमित रुपमा नखुवानु,
१२. शिक्षा र स्वास्थ्यको विचमा आपसी समन्वय नहुनु,
१३. स्वास्थ्य र सरसफाईमा सुधारका निम्ति विकास गरिएको दैनिक स्वास्थ्य सुची जाँच र सप्ताहितक सची जाँच समावेश गरिएको विद्यार्थी हाजिरी रजिस्टरको समेत पुर्ण उपयोग नहुनु,
१४. बाल क्लब गठन र परिचालन,

### ४.४.३ उद्‌देश्य

यस योजनाले आधारभूत शिक्षा सम्बन्धी निम्म लिखित उद्देश्य राखेको छ :

११. विद्यालयको स्वास्थ्य तथा पोषण र शैक्षिक स्तरको सुनिस्चित गर्नु
१२. बालबालिकालाई स्वस्थ्य एवम् पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु।
१३. स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु।
१४. जिवन उपयोगी सीपमा आधारीत स्वास्थ्य शिक्षाको सुनिस्चित गर्नु।
१५. सिकाइका लागि स्वस्थ्यकर तथा सुरक्षित वातावरण तयार गर्नु।
१६. स्वास्थ्य तथा पोषण सम्बन्धि बानी व्यवहारमा सुधार गर्नु।
१७. कार्यक्रमको प्रभावकारीताको अध्ययन र लेखाजोखा गर्ने।

### ४.४.४ रणनीतिहरू

योजनाका उद्देश्यहरु हासिल गर्न निम्नलिखित रणनीतिहरु अवलम्बन गरिनेछ :

१. दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै आधारभूत तहसम्मका सम्पूर्ण बालाबालिकालाई विद्यालयमा खाजा उपलब्ध गराउने र अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गर्ने।
२. दिवा खाजाको लागि विद्यालयमा आवश्यक पर्ने विभिन्न सुविधाहरु विस्तार गर्ने।

३. विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपात मा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था गर्ने।
४. विद्यालयहरूमा प्राथमिक उपचार किट, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा शुक्ष्मपोषक तत्त्व प्रदायक भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताको लागि स्यानेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाउने।
५. दिवा खाजाको लागि स्थानीय उत्पादनमा आधारित बस्तुहरुलाई प्राथमिकता दिने।
६. दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनको लागि तीनै तहका सरकारहरूसँग साझेदारी विकास, निजी सार्वजनिक साझेदारी, अभिभावकहरूको सहभागिता, विकास साझेदारहरूको सहयोगका लागि आवश्यक सहयोगी वातावरण तथा संयन्त्रको विकास गर्ने।
७. दिवा खाजालगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी थप प्रभावकारी बनाउने।
८. कार्यक्रम सञ्चालन पछि प्रतिबेदन जिल्ला, प्रदेश र संघमा पेश गर्न स्थानीय तहका शिक्षा र स्वास्थ्य शाखाहरु जवाफदेही बनाइने छ।

### ४.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि:**

विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (well-being) मा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो (joyful) सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुनेछ।

**नतिजा:**

१. विद्यालय स्वास्थ्य तथा पोषण सम्बन्धि योजनाको निर्माण हुने,
२. सम्पुर्ण बालबालिकाहरु स्वास्थ्य तथा पोषण युक्त दिवा खाजा प्राप्त हुने,
३. विद्यालयमा विद्यालय स्वास्थ्य तथा पोषण सम्बन्धि समिति गठन र तालिम प्राप्त फोकल शिक्षकको व्यवस्था हुने,
४. विद्यालयमा प्राथमिक उपचार बाकसको व्यवस्थापनबाट आकस्मिक हुने चोटपटक र जोखिमबाट बचावट हुने,
५. सबै विद्यालयमा शुद्ध खानेपानी, शौचालय व्यवस्था र सरसफाईबाट व्यक्तिगत स्वास्थ्यमा सुधार हुने,
६. विद्यालयमा फोहोर संकलन तथा त्यसको उचित व्यवस्थापनबाट विद्यालय तथा समुदायको वातावरण स्वच्छ र सफा हने,
७. विद्यालयमा सेनेटरी प्याड वितरण, प्रयोग र नष्ट गर्ने व्यवस्थाले छात्राहरुको स्वास्थ्यमा सुधार हुने,
८. विद्यार्थीहरुको नियमित शरीरिक जाँच पछि अभिभावक परामर्श मार्फत शारीरिक सुधार हुने,
९. सबै विद्यार्थीहरुलाई जुकाको औषधीबाट जुकाको संक्रमणबाट जोगिनु,

१०. शिक्षा र स्वास्थ्यको विचमा आपसी समन्वय हुनु,

११. स्वास्थ्य र सरसफाईमा सुधारका निम्ति विकास गरिएको दैनिक स्वास्थ्य सुची जाँच र सप्ताहितक सची जाँच समावेश गरिएको विद्यार्थी हाजिरी रजिस्टरको समेत पुर्ण उपयोग हुनु,

१२.बाल क्लब गठन र परिचालन भएको हुने,

१३.वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षणबाट स्वास्थ्य स्थितिमा सुधार हुने,

१४.नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय सङ्ख्या बढेको हुने।

### ४.४.६ प्रमुख क्रियाकलाप र लक्ष्य:

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) २०८१/८२ देखि २०८५/८६ सम्म | | | | | | २०८६/८७ देखि २०९०/९१ सम्म | १० वर्षको लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | विद्यालय स्वास्थ्य तथा पोषण सम्बन्धि योजनाको निर्माण | पटक | | १ | | | | १ | १ | २ |
| २. | स्वास्थ्य तथा पोषण युक्त दिवा खाजा कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| ३. | विद्यालयमा विद्यालय स्वास्थ्य तथा पोषण सम्बन्धि समिति गठन र तालिम प्राप्त फोकल शिक्षकको व्यवस्था | पटक | १ | | | | १ | २ | २ | ४ |
| ४. | विद्यालयमा प्राथमिक | सङ्ख्या | १ | | | | | १ | १ | २ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | उपचार बाकसको व्यवस्थापन | | | | | | | | | |
| ५. | विद्यालयमा शुद्ध खानेपानी, शौचालय व्यवस्था र सरसफाई कार्यक्रम | स ङ्ख्या | ८ | ८ | ८ | ८ | १० | ४२ | ४२ | ४२ |
| ६. | विद्यालयमा फोहोर व्यवस्थापन | स ङ्ख्या | ४२ | ४२ | ४२ | ४२ | ४२ | ४२ | ४२ | ४२ |
| ७. | विद्यालयमा सेनेटरी प्याड वितरण | स ङ्ख्या | १७५ ५ | १७५ ५ | १७५ ५ | १७५ ५ | १७५ ५ | ८७७ ५ | ९००० | १७७७ ५ |
| ८. | शारीरिक परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| ९. | जुकाको औषधी खुवाउने कार्यक्रम | पटक | २ | २ | २ | २ | २ | १० | १० | २० |
| १०. | दैनिक स्वास्थ्य सुची जाँच र सप्ताहितक सची जाँचको समावेश गरिएको विद्यार्थी हाजिरी रजिस्टरको प्रयोग | पटक | १ | | | | | १ | १ | २ |
| ११. | बाल क्लब | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | १० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | गठन तथा पुनरगठन र परिचालनका निम्ति जोड कोष | | | | | | | | |
| १२. | वार्षिक नियमित स्वास्थ्य परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| १३. | नर्सिङ् सेवा तथा सुविधा | स ङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | १७ | ४२ |
| १४. | पोषण सप्ताह सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| १५ | अनुगमन तथा निरीक्षण र प्रतिबेदन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | १० |

## ४.५ आपतकालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षा

### ४.५.१ परिचय

आपतकालीन र संकटको अवस्थामा शिक्षाको मुख्य उद्देश्य बालबालिका, व्यक्ति, परिवार र समुदायको जीवन रक्षा गर्नु हो । विपत्तिका कारण उत्पन्न संकटको व्यवस्थापन गर्ने; बालबालिकालाई सामाजिक द्वन्द्व, हिंसा र दुव्र्यवहारबाट जोगाउने; र शिक्षा क्षेत्रलाई क्रियाशील राख्न सक्षम बनाउने कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक छ । यी सबैमा जोखिमविरुद्ध पूर्वतयारी, क्षति न्यूनीकरणका लागि तत्काल प्रतिकार्य र विपद्पछिको पुनस्र्थापना समावेश छ ।

नेपालमा तीन प्रकारका संकट मध्ये

१) प्राकृतिक प्रकोप: भूकम्प, बाढी, पहिरो, आँधीबेहरी, डढेलो, चट्याङ, खडेरी र अत्यधिक चिसो र गर्मीको स्थितिमा सुरक्षा र सिकाइलाई निरन्तरता दिने ।

२) महामारीः झाडापखाला, कालो ज्वरो, हैजा, भाइरल ज्वरो, डेङ्गु, टाइफाइड, हेपाटाइटिस, बर्डफ्लु, इन्फ्लुएन्जा, क्षयरोग, कुष्ठरोग, दादुरा, स्वाइन फ्लु, कोभिड–१९ लगायत अन्य रोगको अवस्थामा स्वास्थ्य सुरक्षा र सिकाइलाई निरन्तरता दिने ।

३) युद्ध, द्वन्द्व, विस्थापन र बसाइँसराइः नागरिक तथा बाह्य युद्ध तथा द्वन्द्व, साम्प्रदायिक, धार्मिक तथा राजनीतिक कलह तथा त्यसको परिणामस्वरुप नागरिकको शोषण, दुव्र्यवहार, विस्थापन र आन्तरिक तथा बाह्य बसाइँसराइका क्रममा बालबालिकाको शिक्षापाउने अधिकारको रक्षा गर्ने ।

युद्ध, द्वन्द, महामारी तथा प्राकृतिक प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितका शैक्षिक कार्यक्रमलाई आपतकालिन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षाको रुपमा लिने गरिन्छ । यसको मुल उद्देश्य विभिन्न कारणले उत्पन्न सङ्कटकालिन अवस्थामा बालबालिका लगायत हिंसासँग सम्बद्ध व्यक्तिहरूको जीवन रक्षा, प्रकोपबाट सिर्जित सङ्कटको व्यवस्थापन, सामाजिक द्वन्द तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाद रुपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो । आपतकालिन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षाको अवधारणा बालअधिकारको रुपमा स्वीकार गरिएको छ । यसमा प्राकृतिक प्रकोप, जोखिम न्यूनीकरण, महामारी, युद्ध, द्वन्द व्यवस्थापन आदि  कुराहरू समावेश गरिन्छ ।  नेपालमा प्रकोप व्यवस्थापन तथा संकटकालीन अवस्थामा शिक्षा प्राप्त गर्ने बालबालिकाको अधिकारलाई कुण्ठित हुन नदिने गरी नीतिगत तथा कानुनी व्यवस्थाका अतिरिक्त आवधिक राष्ट्रिय योजना, शिक्षा क्षेत्र दीर्घकालीन योजना र बार्षिक बजेट तथा कार्यक्रममा समावेश गरिदै आएको छ ।

### ४.५.२ वर्तमान अवस्था

नेपालको वर्तमान संविधानले बालबालिकामाथि हुने सबै किसिमका विभेद, सजाय र दुराचारलाई निषेध गरेको छ । अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन २०७५, अनिवार्य तथा नि:शुल्क शिक्षा नियमावली २०७७ ले छात्रवृत्ति, दिवा खाजा, सुविधा विहिनका लागि विशेष सहयोग, मातृभाषामा शिक्षा पाउने अधिकार उल्लेख गरेको छ । त्यसैगरी बालबालिकालाई शारीरिक सजाय, मानसिक तथा शारीरिक उत्पीडन तथा हेपाइ र यौन दुराचार बाट मुक्त राखी सिकाइलाई निरन्तरता दिने गरी भयरहित शिक्षण सिकाइ निर्देशिका २०६७ जारी भएको छ भने विद्यालय शान्ति क्षेत्र राष्टिय कार्यढाँचा र कार्यान्वयन निर्देशिका २०६८ ले विद्यालयलाई सशस्त्र गतिविधि र अन्य हिंसाबाट मुक्त गर्ने, विद्यालयलाई दलगत राजनीतिक हस्तक्षेपबाट मुक्त राख्ने, भेदभाव दुरव्यवहार र शोषणबाट मुक्त राख्ने कुरा उल्लेख गरिएको छ । कोभिड १९ को विश्वव्यापी महामारीको अवस्थामा शैक्षिक क्षतिलाई न्यूनिकरण गर्न वैकल्पिक माध्यमबाट शिक्षण सिकाइ गर्न विभिन्न नीतिगत कार्यक्रहरू हुदै आएका छन । जसमध्ये सिकाइ सहजिकरण निर्देशिका २०७७, विद्यालय शिक्षा सम्बन्धी आकस्मिक कार्ययोजना २०७७, विद्यालय सञ्चालन कार्यढाँचा, पाठ्यवस्तु समायोजन ढाँचा २०७७, एसइइ नतिजा प्रकाशन तथा प्रमाणिकरण कार्यविधि, २०७७ जारी भएको छ ।

वृहत विद्यालय सुरक्षा न्यूनतम प्याकेज (Comprehensive School Safety Minimum Package, 2018) ले सुरक्षित विद्यालय न्यूनतम मापदण्डले विशेषत: शिक्षा क्षेत्रमा प्राकृतिक विपत्तिको प्रभावमा केन्द्रित रही ३ वटा स्तम्भहरु; (१) सुरक्षित विद्यालयका सुविधाहरु, (२) विपद् जोखिम व्यवस्थापन, (३) जोखिम न्यूनिकरण र उत्थानशिलता प्रवर्धन शिक्षाका न्यूनतम मापदण्ड कार्यान्वयन गर्ने सम्बन्धमा मार्गदर्शन गर्दछ । समग्र शिक्षा क्षेत्रलाई सुरक्षित राखि दिगो र अनुकुल सिकाइ वातावरण सुनिश्चित गर्न दिगो विकास लक्ष्य ४ को राष्ट्रिय कार्यढाँचा (SDG4 National Framework, 2030) ले सुरक्षित विद्यालय र प्रकोप व्यवस्थापनका सम्बन्धमा विभिन्न प्रावधानहरुको तय गरेको छ ।

आपतकालिन अवस्थामा लागू गरिने पाठ्यवस्तु, छुटटै योजना बनाउने वा योजनाको हरेक अङ्गमा यसलाई समावेस गर्नै, योजना तत्कालिन बनाउने वा दीर्घकालीन, योजनामा सङ्कटका कुनकुन पक्षलाई समावेश गर्ने, अनुमान गर्न नसकिने घटनालाई योजनामा कसरी समेट्ने आदि यसका चुनौतिहरू रहेका छन । विद्यालय शान्ति क्षेत्र राष्टिय कार्यढाँचा र कार्यान्वयन निर्देशिका २०६८ ले विद्यालयलाई ससस्त्र गतिविधि र हिंसाबाट मुक्त गर्ने, दलगत साजनितिक हस्तक्षेपबाट मुक्त राख्ने, भेदभाव दुरव्यवहार र शोषनबाट मुक्त राख्ने नीतिगत व्यवस्था आदि अवसरहरू रहेका छन। गाउँपालिकाको विपद् जोखिम विश्लेषण यस प्रकार गरिएको छ।

| क्रस | प्रकोप | विपद्ले निम्त्याउने जोखिम | विपद पछिको असरहरु |
|---|---|---|---|
| १ | बाढि /डुबान | • धनजनको क्षति<br>• पारिवारिक विछोड<br>• मनोसामाजिक असर<br>• घाउ चोटपटक<br>• बेपत्ता<br>• मृत्यु<br>• मानव बेचबिखन<br>• दुर्व्यसनी सिकार<br>• बालविवाह र बालश्रम<br>• बेरोजगारी<br>• हत्या, चोरी, डकैती<br>• पारिवारिक द्वन्द<br>• बसाईसराई | • विद्यार्थीहरु विस्थापित भई विद्यालय जानवाट वञ्चित हुने।<br>• विद्यालय भवन नष्ट हुने र बिद्यार्थी शिक्षकहरु समेत विस्थापित हुने।<br>• बिद्यालय र बालबालिकाको पाठ्य पुस्तक र स्टेशनरी आदि नष्ट हुने।<br>• विद्यालयको महत्वपुर्ण कागजातहरु नष्ट हुने।<br>• निराशा, तनाव र त्रासको स्थिति सिर्जना<br>• सिकाइ उपलब्धिमा नकारात्मक असर हुने।<br>• बालबालिकाहरु बाल विवाह तथा बाल श्रमको जोखिम बढ्ने।<br>• शिक्षण सिकाई क्रियाकलाप नै अवरुद्ध हुने।<br>• गाँस बास कपास समस्याको सिर्जना आदि |
| २ | सर्पदँश | | |
| ३ | हावाहुरी | | |
| ४ | असुरक्षित बाटोघाटो उच्च/ सवारी साधनको चाप | | |
| ५ | विद्युतिय दुर्घटना | | |
| ६ | जीर्ण भौतिक संरचना | | |
| ७ | आगलागी | | |
| ८ | महामारी | | |
| ९ | लु वा गर्मी | | |
| १० | भुकम्प | | |
| ११ | शितलहर | | |
| १२ | करेन्ट | | |
| १३ | चट्याङ | | |
| १४ | पहिरो | | |
| १५ | डढेलो | | |

## चुनौतीहरू

विनयी त्रिवेणी गाउँपालिकामा निम्नानुसार चुनौती/समस्याहरु रहेका छन्।

१. विनयी त्रिवेणी गाउँपालिकाको नदि खोलाको नाम पश्चिमतिर उत्तर-दक्षिण भई बग्ने नारायणी नदी, विनयी खोलाले नदीकिनारको कृषि योग्य भूमि कटान गरिरहेको।

२. गाउँपालिकाको मध्यभागबाट महेन्द्र राजमार्ग रहेको र अन्य सडक सञ्जाल प्रशस्त भएकोले सडक दुर्घटना भई मानवीय क्षति हुने गरेको ।
३. प्राकृतिक प्रकोप र जोखिम न्यूनिकरण सम्बन्धी जनचेतनाको कमि ।
४. भौतिक पूर्वाधार निर्माण विपद् न्यूनिकरणमैत्री नहुनु ।
५. विपद्का दृष्टिले सम्बेदनशील एवं जोखिम क्षेत्रको पहिचान र जानकारी नहुनु ।
६. जोखिम क्षेत्रहरुको नक्साङ्कन नहुनु ।
७. प्राकृतिक स्रोत (ढुङ्गा, गिट्टी,बालुवा, माटो) को अत्याधिक दोहन हुनु ।
८. अव्यवस्थित एवं योजनारहित ढङ्गबाट उद्योगहरुको स्थापना र सञ्चालन गरिनु ।
९. प्रकोप नियन्त्रणका लागि दिगो एवं प्रभावकारी योजना कार्यक्रम र बजेट न्यून हुनु ।
१०. तालिम प्राप्त दक्ष जनशक्ति नहुनु ।
११. विपद् व्यवस्थापनका लागि आवश्यक साधन स्रोत, उपकरण, राहत सामग्रीको पूर्व तयारी नहुनु ।
१२. विपद् व्यवस्थापन कार्ययोजना तर्जुमा नहुनु ।
१३. औद्योगिक जोखिमको अध्ययन नहुनु ।
१४.पर्यावरणीय चेतना तथा संरक्षणको गुरुयोजना नहुनु ।
१५. पुराना जीर्ण भवन तथा संरचनाहरुको पुर्ननिमार्ण र रेट्रोफिटिङ् सम्बन्धी योजना नहुनु ।
१६. आपतकालिन अवस्थामा शिक्षा (Education in Emergency) अन्तर सम्बन्धित विषयको रुपमा वा छुट्टै विधाका रुपमा सम्बोधन नहुनु ।
१७.विपद पूर्व सुचना प्रणाली तथा आपतकालिन सुचना केन्द्रको स्थापना नहुनु ।

### ४.५.३ उद्देश्य

१. विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु ।
२. सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु ।
३. आपतकालिन अवस्थामा बैकल्पिक सिकाइका विधिहरु प्रयोग गरी बालबालिकाहरुको सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु ।
४. अल्पकालीन र दीर्घकालीन पुनर्स्थापना गर्ने ।
५. औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट सम्भावित विपद्को पूर्व सावधानी र तयारीको वातावरण तयार गर्ने ।

### ४.५.४ रणनीति

१. विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापनासम्बन्धि आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरू तयार गर्ने ।
२. सम्भावित प्रकोप तथा विपद्सम्बन्धि पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी गराउने

३. कोभिड- १९ लगायतका महामारीबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी गर्ने ।
४. महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायहरूको तयारी गर्ने ।
५. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद् वा सङ्कटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने ।
६. सङ्कटासन्नता (Vulnerability) को मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको वृहत योजना तयार गर्ने ।
७. विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गर्ने ।
८. विपद् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुनर्स्थापना गर्ने ।
९. शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र उपकरण, खाद्यान्न, पोसाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने ।
१०. विपद् व्यवस्थापनको लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने ।
११. विपद् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायहरूबिच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने ।
१२. विपद् व्यवस्थापनको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सफल अभ्यासलाई स्थानीयकरण गर्ने ।
१३. हरित विद्यालय अभियान, जलवायु परिवर्तन, दिगो विकासका लागि शिक्षा जस्ता कार्यक्रमहरू कार्यान्वयन गर्ने ।
१४. एक विद्यालय एक बाल उद्यान, प्रयाप्त खेलमैदान, विपद् व्यवस्थापन सुचना कक्षको व्यवस्थापन गर्ने ।

### ४.५.५ मुख्य उपलब्धि, क्रियाकलाप र लक्ष्य

**उपलब्धि**

- आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा पनि बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित हुने ।
- सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुने ।
- आपतकालिन अवस्थामा बैकल्पिक सिकाइका विधिहरु प्रयोग गरी बालबालिकाहरुको सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुने ।

**नतिजा**

- विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापनासम्बन्धि आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरू तयार हुने ।
- सम्भावित प्रकोप तथा विपद्सम्बन्धि पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी हुने ।
- कोभिड- १९ लगायतका महामारीबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी हुने ।

- महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायहरूको तयारी हुने।
- सङ्कटासन्नता (Vulnerability) को मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको वृहत योजना तयार हुने।
- विद्यालयस्तरीय प्रतिकार्य योजना तयार हुने।
- विपद् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुनर्स्थापना हुने।
- शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र उपकरण, खाद्यान्न, पोसाक तथा अन्य राहत सामग्रीको प्रबन्ध हुने।
- विपद् व्यवस्थापनको लागि स्थानीय तह र विद्यालयको क्षमता विकास हुने।
- विपद् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायहरूबिच वडा तहसम्म समन्वय हुने ।
- हरित विद्यालय अभियान, जलवायु परिवर्तन, दिगो विकासका लागि शिक्षा जस्ता कार्यक्रमहरू कार्यान्वयन हुने।
- एक विद्यालय एक बाल उद्यान, प्रयाप्त खेलमैदान, विपद् व्यवस्थापन सुचना कक्षको व्यवस्थापन हुने।

### ४.५.६ आपतकालीन तथा सङ्कटपुर्ण अवस्थामा शिक्षाका प्रमुख क्रियाकलापहरू

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) २०८१/८२ देखि २०८५/८६ सम्म | | | | | | २०८६/८७ देखि २०९०/९१ सम्म | १० वर्षको लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विपद् तथा प्रकोप व्यवस्थापन नीति, मापदण्ड निर्देशिका तथा कार्यविधि निर्माण | पटक | | १ | | | | १ | १ | २ |
| २ | स्थानीय तह र विद्यालयको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| ३ | विपद् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताको लागि सचेतना कार्यक्रम | पटक | १ | | | १ | | २ | २ | ४ |
| ४ | शिक्षक तथा विव्यस तालिम सञ्चालन | संख्या | | १ | | | १ | ५ | ५ | १० |
| ५ | हरित, सफा, शान्त र सुरक्षित | संख्या | १ | १ | १ | १ | १ | ५ | ५ | १० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यालय प्रवर्धन | | | | | | | | | |
| ६ | गाउँपालिका र प्रत्येक विद्यालयले विपद् प्रतिकार्य योजना निर्माण गर्ने | पटक | | १ | | | १ | २ | २ | ४ |
| ७ | प्रकोप व्यवस्थापन तथा पुननिर्माणमा संघ र प्रदेश संग समन्वय गरी सहकार्य गर्ने | निरन्तर | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| ८ | बाल उद्यान, प्रयाप्त खेलमैदान, विपद् व्यवस्थापन सुचना कक्षको व्यवस्थापन | निरन्तर | १ | १ | १ | १ | १ | ५ | ५ | १० |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

विद्यालयलाई सुरक्षित भवनहरू, सुरक्षित कक्षाकोठाहरू चाहिन्छ जसले शिक्षण र सिक्नका लागि उपयुक्त वातावरण प्रदान गर्दछ । शिक्षा नियमावली २०५९ मा प्रत्येक ECED र तल्लो आधारभूत (कक्षा १–५) को क्षेत्रफल ०.७५ घनमिटर र माथिल्लो आधारभूत तह र माध्यमिक तहका विद्यार्थीको १ मिटर हुनुपर्ने उल्लेख छ । आर्थिक वर्ष २०७६/७७ को राष्ट्रिय शिक्षा नीति (२०७६) मा सबै विद्यालयमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, सफा पिउने पानी, पुस्तकालय, पुस्तक कुना र खेलमैदानको व्यवस्था जस्ता भौतिक पूर्वाधार उपलब्ध गराउने, सबै विद्यालयलाई सुरक्षित, बालमैत्री, हरित विद्यालय बनाउने र विपद् जोखिम प्रतिरोधी बनाउने उल्लेख छ । राष्ट्रिय शिक्षा नीतिले अंगीकार गरेको सुरक्षित भौतिक पूर्वाधार विकास र विस्तारको नीति का साथै हालसम्मका अभ्यासलाई आधार मानेर यस शिक्षा क्षेत्रको योजनाले विद्यालय शिक्षा क्षेत्र योजना (SESP) अन्तर्गतका भौतिक पूर्वाधार विकास कार्यक्रमहरुको खाका प्रस्तुत गरेको छ ।

### ४.६.२ वर्तमान अवस्था

विनयी त्रिवेणी गाउँपालिकामा शैक्षिक उपलब्धि हासिल गर्न विद्यालय भौतिक पूर्वाधार विकास गर्नु एउटा प्रमुख र महत्वपूर्ण पक्ष हो । प्राप्त स्रोत साधनको उचित व्यवस्थापन र नपुग स्रोत साधनको खोजी गर्ने जिम्मेवारी विद्यालय व्यवस्थापन पक्षमा पर्दछ । विद्यालयको उद्देश्य र लक्ष्य मात्र नभइ राष्ट्रिय उद्देश्य परिपूर्ति गर्ने कार्यस्थल विद्यालय भएकोले यसको व्यवस्थापकीय पाटो बलियो हुनु जरूरी छ ।

यस गाउँपालिकामा पर्याप्त कक्षाकोठा र छात्रछात्राहरूका लागि छुट्टै शौचालय भएका विद्यालयहरूको सङ्ख्यमा सुधार भएको छ । भौतिक पूर्वाधार (कक्षाकोठा, कार्यशाला, प्रयोगशाला, पुस्तकालय, अतिरिक्त पाठयक्रम कक्ष, खेलकुद कक्ष, विद्यालय हल, स्टेज, बगैँचा, कम्प्युटर कोठा, कर्मचारी र प्रधानाध्यापक कक्ष) विद्यार्थी को स्तर र संख्याको आधारमा आवश्यक छ । यस्ता पूर्वाधार विकासमा संघीय, प्रदेश र स्थानीय तहको समन्वयत्मक सहयोगको भुमिका अपरिहार्य हुन्छ । यस गाउँपालिकामा पक्की भवन सङ्ख्या १३४ वटा, कच्ची भवन ५३ वाटा,

पढाइकुन/पुस्तकालय ४६ वटा, प्रयोशाला ३१ वटा, विज्ञान प्रयोगशाला १५ वटा, विद्युत सुविधा भएको विद्याय ३८, इन्टरनेट सुविधा भएको विद्यालय २८, पर्खाल घेरावार भएको विद्यालय २९ वटा जसमध्ये पक्की १६, कच्ची ५, तारबार ७, स्थानिय सामग्रीले बारेको १ वटा रहेको छ। समग्रमा, विद्यालय पूर्वाधार विकासको विधि र प्रक्रियाको गुणस्तर बढाउन आवश्यक छ। विद्यालय भवन आचार संहिताको पालना, स्थान अनुसार भवनको डिजाइन, समयमा बजेट निकासा, निरन्तर प्राविधिक अनुगमन र समयमा कार्य सम्पन्न प्रतिबेदन तयारी गरेर विद्यालयको नाममा रहेको बेरुजुलाई फर्स्योट गर्न जरुरी देखिन्छ।

४.६.२.१ सामुदायिक विद्यालयमा शिक्षण सिकाइ वातावरण तथा उपलब्ध भौतिक सुविधा विवरण

| विवरण | संख्या | हालको अवस्था |
|---|---|---|
| **भवनको किसिम** | | |
| पक्की भवन | १३४ | |
| *कच्ची भवन* | ५३ | |
| छापामय वातावरण | ४० | |
| पढाइ कुना/पुस्तकालय | ४६ | |
| प्रयोगशाला | ३१ | |
| पुस्तकालय | ३९ | |
| विज्ञान प्रयोगशाला | १५ | |
| कम्प्यूटर प्रयोगशाला | १३ | |
| विद्युत सुविधा भएको | ३८ | |
| इन्टरनेट सुविधा भएको | ४२ | |
| शिक्षण सिकाइमा प्रयोग भएको | ४२ | |
| खेलकूद मैदान | ४२ | |
| पर्खाल घेरावार | २९ | |
| पक्की | १६ | |
| कच्ची | ५ | |
| तारबार | ७ | |
| स्थानिय सामग्रीले बारेको | १ | |
| शौचालय | ४२ | |
| छात्रा शौचालय | १०३ | |
| छात्र शौचालय | ४३ | |
| महिला शिक्षक शौचालय | १५ | |
| पुरुष शिक्षक शौचालय | २८ | |
| गाडी/यातायात सेवा | ४ | |

स्रोतः IEMSI 2080

विद्यालय भौतिक पूर्वाधार विकासमा देखिएका चुनौतीहरू निम्नानुसार रहेका छन्

१. विद्यार्थी सङ्ख्याको आधारमा स्तरयुक्त कक्षाकोठा नहुनु ,
२. भवन आचार संहिताको पालना,
३. स्रोत र साधनको कमि,
४. समयमा बजेट निकासाको समस्या,
५. स्थान विशेष र महंगीको आधारमा बजेटमा लचिलोपन नहुनु,
६. स्थान अनुसार भवनको डिजाइन,
७. निरन्तर प्राविधिक अनुगमन,
८. समयमा कार्य सम्पन्न प्रतिबेदन र बेरुजुको अवस्था,
९. भुकम्पीय सुरक्षाको निम्ति रेट्रोफिटिङ् र मर्मत संभार

### ४.६.३ उद्देश्य

१. विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु,
२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास, मर्मत संभार तथा सबलीकरण गर्नु ।
३. जलवायु परिवर्तनका असरहरूबाट सुरक्षित हुन Climate Smart Infrastructure बनाउन परामर्श गर्नु ।

### ४.६.४ रणनीतिहरू

१. विद्यालयको विकास तथा व्यवस्थापनका लागि गुरुयोजना बनाई कार्यान्वयन गरिने,
२. विद्यालय सुधार योजना बनाई कार्यान्वयन गरिने,
३. भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह, विद्यार्थी सङ्ख्याको प्रक्षेपण र भौगोलिक क्षेत्रको आधारमा मापदण्ड विकास गर्ने ।
४. एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक गर्ने गरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गर्ने ।
५. विद्यालय पूर्वाधार विकासका लागि संघ. प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गर्ने ।
६. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सबलीकरण तथा पुर्ननिर्माण एवम् मर्मत संभार गर्ने ।
७. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

### ४.६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि:**

- सबै विद्यालयहरूमा पर्याप्त भौतिक संरचना निर्माण हुने।

- विद्यालयका भौतिक संरचना बाल मैत्री, अपाङ्गता मैत्री र सुरक्षित हुने।
- सबै विद्यालयहरूमा भौतिक संरचनाका कारणले शिक्षण सिकाइमा सुधार हुने।

**प्रमुख नतिजाः**

१. विद्यालयको विकास तथा व्यवस्थापनका लागि गुरुयोजना बन्ने,
२. भौतिक निर्माण विद्यालय सुधार योजनामा समाबेश हुने,
३. भौतिक पूर्वाधार विकासका मापदण्ड तयार हुने,
४. एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक गर्ने गरी पूर्ण विद्यालय निर्माण हुने,
५. विद्यालय पूर्वाधार विकासका लागि संघ. प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन हुने,
६. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सबलीकरण तथा पुर्ननिर्माण र मर्मत संभार हुने,
७. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि हुने,
८. स्थान विशेषको आधारमा भौतिक पूर्वाधारको विकास हुने।

### ४.६.६ विद्यालय भौतिक पूर्वाधार विकासका प्रमुख क्रियाकलापहरू तथा गन्तव्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) २०८१/८२ देखि २०८५/८६ सम्म | | | | | | २०८६/८७ देखि २०९०/९१ सम्म | १० वर्षको लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | विद्यालयको विकास तथा व्यवस्थापनका लागि गुरुयोजना बनाउने | पटक | | १ | | | | १ | १ | २ |
| २. | भौतिक निर्माण विद्यालय सुधार योजना समाबेश | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| ३. | भवन निर्माण | सङ्ख्या | २ | २ | २ | ३ | ३ | १२ | १२ | २४ |
| ४. | शौचालय निर्माण | सङ्ख्या | ३ | ३ | ३ | ४ | ५ | १८ | १८ | ३६ |
| ५. | खेलमैदान | सङ्ख्या | | | २ | | २ | ४ | ४ | ८ |
| ६ | पुस्तकालय | सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ | ३० |
| ७ | वाचनालय | सङ्ख्या | २ | २ | २ | २ | २ | १० | १० | २० |
| ८ | फर्निचर व्यवस्थापन | सङ्ख्या | ४ | ४ | ४ | ४ | ४ | २० | २० | ४० |
| ९ | सुरक्षित पर्खाल | सङ्ख्या | २ | २ | २ | ३ | ४ | १३ | १३ | २६ |
| १० | अभिभावक प्रतिक्षालय | सङ्ख्या | २ | २ | २ | ३ | ३ | १२ | १२ | २४ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | विद्यालय गेट | सङ्ख्या | | | १ | | | १ | २ | ४ |
| १२ | हरित विद्यालय निर्माण | सङ्ख्या | | ४२ | | | | ४२ | ४२ | ४२ |
| १३ | करेसाबारी | सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ | १५ |
| १४ | साइनबोर्ड | सङ्ख्या | ८ | ८ | १० | ८ | ८ | ४२ | ४२ | ४२ |
| १५ | सेतोपाटी | सङ्ख्या | १० | १० | १० | १० | १० | ५० | ५० | १०० |
| १६ | सुचनापाटी | सङ्ख्या | ८ | ८ | १० | ८ | ८ | ४२ | ४२ | ४२ |
| १७ | प्रयोगशाला | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| १८ | खानेपानी | सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ | ३० |
| १९ | विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सबलीकरण तथा पुर्ननिर्माण र मर्मत संभार | सङ्ख्या | २ | २ | २ | २ | २ | १० | १० | २० |

## ४.७ विद्‍यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय

शिक्षा तथा सूचना र सञ्चार प्रविधिबीच गहिरो सम्बन्ध छ। शिक्षामा प्रविधिको प्रयोग आजको शिक्षा प्रणालीभित्रको महत्वपूर्ण अवयवको रूपमा रहन गएको छ। कक्षा कोठामा प्रविधि प्रयोगका कारण हाम्रो परम्परागत पठनपाठनको सिद्धान्तलाई विस्थापित गरी नयाँ अवधारणाको शुरुवात भएको पाइन्छ। युगानुकूल सूचना र प्रविधिको विकास तथा प्रयोगमा अगाडि बढेका मुलुकको शैक्षिक, आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यटकीय एवम् अन्य क्षेत्रमा भएको प्रगति उल्लेखनीय छ भने सूचना र प्रविधिमा कम पहुँच हुने मुलुकहरूको बीचमा ठूलो खाडल रहेको आभाष हुन्छ। यही असमानतालाई मध्यनजर गर्दै नेपालले पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पहुँचको अभावले सिर्जना गरेको खाडललाई कम गर्दै लैजाने प्रयासको थालनी गरेको छ। शैक्षिक संस्था तथा शिक्षकले प्रविधिको प्रयोग मार्फत आफ्ना पठनपाठनका कार्यहरू गर्नुपर्ने भएको छ। रेडियो, टेलिभिजन, कम्प्युटर, प्रोजेक्टर, डिजिटल क्यामेरा तथा इमेल इन्टरनेट जस्तो सूचना तथा सञ्चार प्रविधिका उपकरणहरू शिक्षण सामग्रीका रूपमा परम्परागत सामग्रीभन्दा बढी सान्दर्भिक, उपयुक्त, दक्ष र प्रभावकारी रूपमा प्रयोग गर्न सकिन्छ।

सूचना प्रविधिको द्रुतरत विकास, बढ्दो प्रयोग, यसमा निहीत विषय वस्तुको प्रकृति र घट्दो मूल्यका कारण शिक्षण सिकाइ प्रक्रियामा यसको प्रयोग अर्थपूर्ण हुने देखिन्छ। इन्टरनेट सेवाले विश्वलाई एउटा सानो गाउँ र प्रत्येक विद्यार्थी तथा शिक्षकलाई एकापसमा जोड्ने सेतुको कार्य गर्छ। विश्वको कुनै एउटा कुनामा बसेर अर्को कुनाको हालखबर तथा ज्ञानका कुरा सहजै हासिल गर्न सकिने र आफ्ना प्रतिक्रियाहरू पनि तुरुन्तै प्रदान गर्न सकिन्छ। यसका कारण शैक्षिक

संस्थामा केही आर्थिक बोझ भने अवश्य पर्न सक्छ र शिक्षकले पनि आफूलाई प्राविधिक रूपमा पनि दक्ष बनाउनुपर्ने देखिन्छ । जब हाम्रा शैक्षिक संस्थाहरू प्रविधिमैत्री हुन्छन् तब विद्यार्थीले आवश्यकता अनुसार एकल अथवा समूहमा शैक्षिक क्रियाकलाप गर्नेछन् ।

सूचना प्रविधिको प्रयोगले शिक्षक र विद्यार्थी दुबैका लागि शिक्षण सिकाइ क्रियाकलापमा हुने पहुँचलाई वृद्धि गर्न सकिन्छ । यसले सूचनाको ग्रहण क्षमताको स्तरमा पनि वृद्धि हुन्छ र सबै प्रकारका विद्यार्थीको सहभागितामा हुने सिकाइलाई बढावा दिन सकिन्छ । अफलाईन तथा अनलाईन दुबै माध्यमबाट र दूरशिक्षाको माध्यमबाट शिक्षा प्रदान गर्ने र शिक्षा लिने प्रक्रिया र क्रियाकलापलाई सहजीकरण गर्न सकिन्छ । मल्टीमिडियाको प्रयोगले कक्षाकोठा बढी सजीव र प्रभावकारी हुन्छ । इन्टरनेट र इमेलले सूचनाको क्षेत्रमा क्रान्ति नै ल्याएको छ । सूचना प्रविधिको प्रयोग गर्ने क्रम नेपालमा पनि बढेर गएको छ । सफलतापूर्वक सूचना प्रविधिलाई प्रयोग गरेर शिक्षणलाई सशक्तिकरण गर्न धेरै चुनौतीहरू छन् । शिक्षकमा रहेको साधनस्रोतप्रतिको अनविज्ञता र विद्यालय परिवार सूचना प्रविधि मैत्री नहुनु, रेडियो, टीभी, मल्टिमिडिया, कम्प्युटर आदिको प्रयोगबाट सशक्त रूपमा शिक्षण गर्न सकिन्छ भन्ने आत्मविश्वास शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घमा नहुनु प्रमुख अवरोधहरू हुन् । कम खर्चमा पनि सूचनाप्रविधिको प्रयोगबाट उत्तम शिक्षण हुनसक्छ ।

सोही अनुरूप पाठ्यक्रम निर्माण गर्ने र पाठ्यपुस्तक लेखी व्यवहारमा पनि लागू गर्नु आवश्यक छ । सूचना प्रविधिको प्रयोगबाट सबै विषयहरू शिक्षण गरी युगको माग अनुरूपका मानवसंसाधनको उत्पादन गर्नु आजको माग हो । शिक्षा क्षेत्रमा सूचना प्रविधिलाई समुचित प्रयोग गर्न सके कृषि, वाणिज्य, उद्योग, पर्यटन लगायतका क्षेत्रमा पनि ठूलो परिवर्तन ल्याउन सकिन्छ भन्ने सच्चाइलाई हामी सबैले ग्रहण गर्नु आवश्यक छ ।

### ४.७.२ वर्तमान अवस्था

राष्ट्रिय पाठयक्रम प्रारूप २०६३ ले विद्यालय तहमा सूचना प्रविधिको आवश्यकता औंल्याएको पाइन्छ । यसै प्रारूपबाट सूचना तथा प्रविधिलाई विषय र शिक्षण सिकाइको माध्यमका रूपमा विकास गर्ने नीति अगाडि सार्यो । शिक्षाको राष्ट्रिय नीति २०७६ को ४८ मा सूचना तथा संचार प्रविधिलाई शिक्षा प्रणालीको अंगको रूपमा एकीकृत गर्दै विद्यालय तथा शिक्षण संस्थामा प्रविधिको पूर्वाधार विकास गर्ने र शिक्षण सिकाइ प्रक्रियालाई सूचना प्रविधिमैत्री बनाउने नीति ल्याइएको छ ।

सूचना प्रविधि नीति २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहूँच पुर्याउने नीति निर्धारण गरेको छ भने शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धि गुरु योजना कार्यान्वयन गर्ने लगायतका नीति उल्लेख गरेको छ । डिजिटल नेपालको कार्यढाँचा २०७६ ले विद्यालयमा सूचना तथा सञ्चार प्रविधि शिक्षा प्रदान गर्ने र निजी क्षेत्रको सूचना सञ्चार सम्बन्धी क्षमता विकास गर्ने कुरा उल्लेख गरेको छ ।

कोभिड–१९ को विषम परिस्थितिमा सूचना प्रविधिको महत्व अझ बढेको छ । नेपाल सरकार शिक्षा मन्त्रालयले मिति २०७७/०२/१८ मा जारी गरेको वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजिकरण निर्देशिका, २०७७ का

अनुसार वैकल्पिक प्रणाली भन्नाले कोभिड–१९ वा यस्तै प्रकारको विपद् वा महामारी जस्ता कारणले पठनपाठन गर्न कठिन भएको वा हुने अवस्थामा रेडियो, एफ.एम, टेलिभिजन, अनलाईन, अफलाईन, परियोजना पाठहरू, स्वअध्ययन, दुर तथा खुल्ला शिक्षा लगायतका वैकल्पिक माध्यम वा पद्धतिबाट अध्ययन अध्यापन सुचारु राख्ने विधि र प्रक्रिया यस निर्देशिकाले पनि सूचना प्रविधिलाई विशेष जोड दिएको छ।

शिक्षामा सूचना प्रविधिको प्रयोगका लागि विनयी त्रिवेणी गाउँपालिकाले सञ्चालन गरेका कार्यक्रमहरूमा प्रत्येक सामुदायिक विद्यालयहरूलाई सूचना प्रविधि क्षेत्र प्रयोगका लागि यस वर्ष वार्षिक रूपमा प्रति विद्यालय रू. १२०००/- सहयोग गरेको छ। यस गाउँपालिकको माध्यमिक विद्यालयहरुमा ICT कार्यक्रम सञ्चालनमा ल्याएको छ। विशेष गरी लेखा र कम्प्युटर शिक्षकहरूलाई ICT तालिमको व्यवस्था गरेको छ। केहि विद्यालयमा पुस्तकालय स्थापना सँगसगै इ-पुस्तकालयको व्यवस्था गरिएको छ। विद्युतीय उपकरणहरु (Digital Devices), जस्तैः प्रिन्टर, कम्युटर, प्रजेक्टर, व्यवस्थापन गरेको छ। शिक्षामा सूचना प्रविधिको अवस्था सुधारोन्मुख रहेपनि धेरै समस्या र चुनौती रहेका छन्। वैकल्पिक शिक्षण सिकाइलाई केही विद्यालयहरूले प्रारम्भ गरे पनि विभिन्न कारणहरूले यसको प्रगतिमा समस्याहरू देखिएका छन्।

विद्यायमा सूचना तथा सञ्चार प्रविधिमा निम्न समस्याहरू तथा चुनौतीहरू निम्नानुसार देखिन्छन्

१. दक्ष प्राविधिक जनशक्तिको अभाव हुनु,
२. सूचना प्रविधिमैत्री कक्षाकोठाको व्यवस्थापन गर्न नसक्नु,
३. सूचना प्रविधिको प्रयोग गर्न शिक्षकहरूलाई तालिम प्रदान गरी सिप विकास गर्न नसक्नु,
४. सूचना प्रविधिमैत्री पाठ्यक्रम र पाठ्यपुस्तक तथा अन्य डिजिटल सामग्रीको उत्पादन र प्रयोग नहुनु,
५. सूचना प्रविधिको उपयोगको लागि शिक्षकहरूमा जागरुकता, लगनशिलता र आफुलाई अद्यावधिक बनाउन नसक्नु,
६. सूचना प्रविधिको क्षेत्रमा आवश्यकतानुसार लगानी नहुनु,
७. सूचना प्रविधिको कार्यान्वयन प्राथमिकतामा नपर्नु,

### ४.७.३ उद्देश्य

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुऱ्याउनु।
२. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु।
३. शैक्षिक व्यवस्थापन प्रभावकारी, उपलब्धि मूलक र कुशल तथा पारदर्शी बनाउने,

### ४.७.४ रणनीतिहरू

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने।
२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगको सम्वन्धमा सबै शिक्षकहरूको क्षमता अभिवृद्धि गर्ने।
३. विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोगमा जोड दिने।
४. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने।

५. शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय, शिक्षक र विद्यार्थीहरूको पहुँच विस्तार गर्ने।
६. कम्प्युटर लाइब्रेरी तथा डिजीटल पुस्तकालयको माध्यमबाट दृष्टिविहीन तथा सुनाइ क्षमता कमजोर भएका बालबालिकालाई लक्षित गरी दृष्य तथा श्रव्य सामग्रीहरूको उचित प्रवन्ध र प्रयोग गर्ने।
७. कक्षाकोठाहरू प्रविधि तथा सूचना मैत्री बनाइने छ।
८. IEMIS लाई थप व्यवस्थित गरिने छ।
९. इन्टरनेट प्रदायक संस्थाहरूसँग समन्वय गरी सूचना तथा सञ्चार प्रविधिको पहुँच सहज बनाइने छ।

### ४.७.५ उपलब्धि, नतिजा, क्रियाकलाप तथा लक्ष्य

क) उपलब्धि

- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तारले प्रभावकारी ढंगवाट सिकाइमा सहजीकरण भएको हुने।
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगवाट विद्यार्थीहरुको सिकाइ उपलब्धिमा सुधार आएको हुने।

ख) नतिजा

१. विद्यालय व्यवस्थापन र सुशासनमा सुधार आउने,
२. सबै विद्यार्थीहरूमा आधारभूत सञ्चार प्रविधिको सुविधामा पहूँच हुने,
३. विद्यालय तथा कक्षा कोठाहरू सूचना प्रविधिमैत्री हुने,
४. सिकाइ सहजीकरणको लागि एक शिक्षक एक ल्यापटपको व्यवस्था हुने,
५. शिक्षकहरूमा सूचना प्रविधिमैत्री शिक्षण क्षमता विकास भएको हुने,
६. विद्यार्थीहरूको सिकाइ प्रभावकारी, समय सान्दर्भिक र गुणस्तरीय हुने,
७. सबै विद्यालयमा सूचना प्रविधिको व्यवस्थापन भइ शिक्षण सिकाइ सहज र उपलब्धिमा वृद्धि भएको हुने,
८. अनुगमन मूल्याङ्कन, सुपरीवेक्षण, सूचना सम्प्रेषणमा सुधार आउनुका साथै जनशक्ति र समयको वचत हुने।

### ४.७.६ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) २०८१/८२ देखि २०८५/८६ सम्म | | | | | | २०८६/८७ देखि २०९०/९१ सम्म | १० वर्षको लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालयमा ICT संरचना विस्तार गर्ने | सङ्ख्या | २ | २ | २ | २ | २ | १० | १० | |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | सङ्ख्या | | १५ | | | | १५ | १५ | ३० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | शिक्षकहरूको क्षमता विकास | पटक | १ | | १ | | १ | ३ | ३ | ६ |
| ४ | प्रत्येक विद्यालयमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | सङ्ख्या | २ | २ | २ | ३ | ३ | १२ | १२ | २४ |
| ५ | IEMIS व्यवस्थापन | पटक | ८ | ८ | ८ | १० | ८ | ४२ | ४२ | ४२ |
| ६ | शिक्षक कर्मचारीहरूलाई ल्यापटप वितरण | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ | ५० |
| ७ | ई- लाईब्रेरीको विस्तार | सङ्ख्या | २ | २ | २ | २ | ३ | ११ | ११ | २२ |
| ८ | पाठ्यक्रम, पाठ्यपुस्तक सन्दर्भ सामाग्री डिजिटलरूपमा उपलब्ध गराउने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| ९ | प्रविधिमैत्री कक्षा कोठाको व्यवस्थापन | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ | ५० |
| १० | विद्यालय सुशासन र व्यवस्थापनमा डिजिटल मुभिङ् बोर्ड | सङ्ख्या | २ | २ | २ | २ | ३ | ११ | ११ | २२ |
| ११ | प्रोजेक्टर सहयोग | सङ्ख्या | ४ | ४ | ४ | ४ | ४ | २० | २० | ४० |
| १२ | स्मार्ट बोर्ड सहयोग | सङ्ख्या | २ | २ | २ | २ | २ | १० | १० | २० |
| १३ | प्रिन्टर | सङ्ख्या | ४ | ४ | ४ | ४ | ४ | ४ | ४ | ८ |

## परिच्छेद ५: सुशासन तथा व्यवस्थापन

शिक्षा पद्धतिमा निर्णय तथा कार्यान्वयनको समग्र प्रक्रियाले शासकीय प्रबन्ध (governance) लाई जनाउँद छ। यसमा विद्यालय क्षेत्रको यो योजनाका सन्दर्भमा शासकीय प्रबन्ध अन्तर्गत योजनाको प्रभावकारी ढङ्गले तथा कुशलता पूर्वक कार्यान्वयन गरी बालबालिकाको सहभागिता र सिकाइमा सुधार गर्न आवश्यक संरचना, भूमिका तथा कार्य प्रक्रिया समावेश हुन्छन्। यस्ता संरचना तथा कार्य प्रक्रियाहरुले सहभागिता तथा सहमतिमा निर्णय गर्नु तथा निर्णय कार्यान्वयन गर्नु, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित हुनु, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायी हुनु, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्नु, विद्यार्थीको सिकाईप्रति जवाफदेही भई पारदर्शी हुनु र विधिको सर्वोच्चता तथा समतालाई प्रोत्साहन गरी सुशासन (good governance) को प्रत्याभूति गर्नुपर्दछ।

शिक्षा क्षेत्रको यस योजनाको कार्यान्यनका लागि आवश्यक संस्थागत संरचनासाहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु पर्दछ । यस परिच्छेदमा सुशासन प्रवर्धन गरी शिक्षा क्षेत्रको यस योजनाको कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरिएको छ ।

## ५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

### ५.१.१ वर्तमान अवस्था

विनयी त्रिवेणी गाउँपालिकामा रहेका शाखाहरू मध्ये शिक्षा, युवा तथा खेलकुद सम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ । यसै शाखाबाट विद्यालय अनुगमन तथा निरीक्षणलाई प्रभावकारी बनाउन विद्यालय सुपरीवेक्षकको व्यवस्था गरिएको छ । शिक्षाको कार्यक्रम हेर्ने अलग्गै लेखाको कर्मचारी व्यवस्था नहुँदा शिक्षा क्षेत्रको आर्थिक श्रेस्ताको अभिलेखीकरण अपेक्षाकृत रुपमा व्यवस्थित बन्न सकेको छैन ।

सबै विद्यालयहरूमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको कार्यकारी समिति रहेका छन् । सबै विद्यालयहरूमा विद्यालय सहयोगी र माध्यमिक तह सञ्चालन भएका सामुदायिक विद्यालयमा एकएक जना विद्यालय सहायकको व्यवस्थापन गरिएको छ । प्रायजसो विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमित बसेको देखिन्छ भने शिक्षक अभिभावक सङ्घको बैठक अपेक्षाकृत रुपमा बस्न सकेको पाइदैन । सबै विद्यालयहरूले सामाजिक परीक्षण र अन्तिम लेखा परिक्षण गर्ने गर्दछन् ।

विद्यालयले आफ्नो कार्यविधि बनाएको, प्रमुख गतिविधिहरु बुलेटिन वा पत्रपत्रिका मार्फत प्रकाशन गर्ने गरेको, विद्यालयका मुख्य निर्णयहरु सरोकारवालाहरुको जानकारीका लागि सार्वजनिक गर्ने गरेको, नागरिक बडापत्र राख्ने, गुनासो सुनुवाइ संयन्त्रको विकास, विविधता व्यवस्थापन, अभिभावक भेला र छलफल जस्ता पक्षमा विद्यालयहरूले उपलब्धिपूर्ण तरिकाले काम गरेको देखिदैन । यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणास्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशिताको प्रवर्धन सहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ । त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ । शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस शिक्षा क्षेत्र योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिरएको छ । पहिचान गरिएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पनि गरिएको छ ।

### ५.१.२ उद्देश्य

१. सुशासन र पार्दशिता कायम राख्नु,
२. स्थानीय तहको अधिकार क्षेत्र अनुसार संस्थागत संरचना बनाउनु,
३. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु,
४. जनशक्तिको लागि संस्थागत क्षमता अभिवृद्धि गर्नु,
५. आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु ,
६. तीनै तहका सरकारबीचको अन्तरसम्बन्धलाई सुदृढ बनाउनु,
७. जनशक्तिलाई नतिजाप्रति उत्तरदायी र जवाफदेही बनाउनु,

### ५.१.३ रणनीतिहरू

१. विद्यालय सञ्चालन सम्बन्धी कार्यविधि, उजूरीपेटिका, प्रमुख गतिविधिहरु बुलेटिन मार्फत प्रकाशन, विद्यालयका मुख्य निर्णयहरु सरोकारवालाहरुको जानकारीका लागि सार्वजनिक गर्ने,
२. स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने ।
३. संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गर्ने ।
४. कार्यरत जनशक्तिको क्षमता विकास गर्ने ।
५. स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने ।
६. प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्षलाई थप जिम्मेवार बनाई क्षमता विकास गर्ने।
७. कार्यक्रमको प्रभावकारी ढंगवाट कार्यसम्पादन गर्नको लागि आवश्यक स्रोत साधनहरुको व्यवस्थापन गर्ने ।
८. उत्कृष्ट कार्यसम्पादन गर्ने विद्यालय, प्रअ र व्यवस्थापन समितिलाई पुरस्कृत गर्ने ।

### ५.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

- स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुने ।
- संस्थागत क्षमता अभिवृद्धि भै उत्तरदायित्व तथा जिम्मेवारीमा वृद्धि भएको हुने ।
- आवश्यक स्रोत साधनको व्यवस्थापन भै प्रभावकारी रुपमा कार्यसम्पादन भएको हुने ।

**प्रमुख नतिजाः**

१. शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि आवश्यक संरचना तथा जनशक्ति तयार हुने,
२. शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागि हुने सबै निकायको दायित्व र अधिकार स्पष्ट हुने,
३. शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागि हुने सबै निकाय तथा जनशक्तिको क्षमता विकास पद्धति स्थापना भई क्षमता सुधार हुने,
४. सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक र समावेशी भई कार्यसम्पादन उद्देश्यमूलक, प्रभावकारी तथा कुशल हुने ।

५. उत्कृष्ट कार्यसम्पादन गर्ने विद्यालय, प्रअ र व्यवस्थापन समितिलाई पुरस्कृत गर्ने व्यवस्थाले काम गर्ने हौसला प्रदान हुने ।

### ५.१.५ प्रमुख क्रियाकलापहरू

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) २०८१/८२ देखि २०८५/८६ सम्म | | | | | | २०८६/८७ देखि २०९०/९१ सम्म | १० वर्षको लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालय सुशासन सम्बन्धि मापदण्ड विकास | पटक | | १ | | | | १ | १ | २ |
| २ | प्रधानाध्यापकलाई कार्यसम्पादन करार र सोको कार्यसम्पादन परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| ३ | प्रधानाध्यापकलाई कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | सङ्ख्या | ४२ | | | | ४२ | ४२ | ४२ | ४२ |
| ४ | प्रतिवेदन र तथ्याङ्क प्रणाली सुधार तथा सुदृढ गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| ५ | विद्यालयका शिक्षक र कर्मचारीहरुको प्रोत्साहन | निरन्तर | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| ६ | प्रधानाध्यापक तथा विद्यालय कर्मचारीको क्षमता विकास | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| ७ | विद्यालय चार्टर | पटक | १ | | | | | १ | १ | २ |
| ८ | आन्तरिक लेखा परीक्षण र सामाजिक परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| ९ | सार्वजनिक सुनुवाई | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| १० | विद्यालय शान्ति क्षेत्र घोषणा | पटक | | | १ | | | १ | १ | २ |
| ११ | स्मारिका/बुलेटिन/समाचार प्रकाशन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| १२ | समग्र शिक्षा कार्यक्रमको समिक्षा | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | १० |

## ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ५.२.१ परिचय

समग्र शिक्षा योजनाको उद्देश्यहरु प्रप्तिका निम्ति योजनाको कार्यान्वयन पक्ष महत्वपूर्ण हुन्छ । योजना केवल बनाउनका निम्ति मात्र बनाइयो भने त्यसको कुनै सारभूत अर्थ रहदैन । प्राय नेपालमा हाल सम्म प्रचलनमा आएका शिक्षा योजनाहरु कार्यान्वयन पक्षबाट हेर्दा कमजोर देखिन्छ । लगानी, प्रक्रिया प्रतिफलको विचमा सन्तुलन मिलेको पनि देखिदैन । योजनाको सफल कार्यान्वयन गरी अपेक्षित नतिजा तथा उपलब्धि प्राप्त गर्नका लागि कार्यान्वयनको उपयुक्त प्रबन्ध गर्न बार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तिय व्यवस्थापन, अनुगमन तथा मूल्याङकन र प्रतिबेदन प्रणालीलाई व्यवस्थित गर्नुपर्ने हुन्छ । प्रभावकारी कार्यान्वयनका लागि नीतिगत व्यवस्था, आवश्यक सङ्गठन तथा संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्वहरुको किटानी समेत गरिनुपर्दछ । यस योजनाको कार्यान्वयन संरचना तथा प्रक्रियाले समग्र शिक्षा प्राणलीलाई प्रभाव पार्ने भएकोले कार्यान्वयन प्रबन्धको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु पर्छ ।

स्थानिय शिक्षा योजना कार्यान्वयनको समग्र कार्यान्वयन प्रक्रियाका लागि निम्नलिखित प्रबन्ध गरिएको छ ।

### ५.२.२ गाउँपालिका

१. गाउँपालिकाले वित्तिय समानिकरण, विशेष अनुदान, समपुरक अनुदान, राजस्व बाँडफाँड र आन्तरिक स्रोत समेतलाई ख्याल गरी वार्षिक बजेट तथा कार्यक्रम तयार गर्ने ।
२. गाउँपालिकाको शिक्षा शाखाको क्षमता विकास गरी सुदृढ गरिनेछ भने स्थानीय तहले कार्यक्रम कार्यान्वयनकाल लागि आवश्यकतानुसार समितिहरु निर्माण गर्ने ।
३. गाउँपालिकाले कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरणका लागि Technical Task Team मार्फत अनुगमन, निरीक्षण, सुपरीवेक्षण र मेन्टोरीङ्ग सम्बन्धी कार्य सञ्चालन गर्ने ।
४. विद्यालयमा कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन हुने सुनिश्चितताको साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।
५. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार गाउँपालिकाले कार्यविधि तथा निर्देशिका विकास गर्ने ।
६. गाउँपालिकाले एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत नियमित रुपमा कार्यक्रम कार्यान्वयन तथा त्यस नतिजाहरुको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारका लागि योजनामा समावेश गर्ने र सोको परिमार्जित विवरण संघीय तथा प्रदेशमा समेत आवश्यक विवरण सहजै प्राप्त हुने सुनिश्चितता गर्ने ।
७. गाउँपालिकाले शिक्षण सिकाइमा आवश्यक सहयोग तथा आदान प्रदानका लागि स्थानीय स्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चालन गर्ने ।
८. अभिलेख र प्रतिबेदन दिने परिपाटी बसाल्ने ।
९. सूचकहरु निर्माण गरी कार्यसम्पादनको स्वमूल्याङ्कन गर्ने र सोको विज्ञहरुबाट परीक्षण गराइ उत्कृष्ट कार्यसम्पादन गर्नेलाई पुरस्कृत गर्ने ।

### ५.२.३ विद्यालय

१. विद्यालयले विद्यालय सुधार योजना (SIP) तयार गरी वार्षिक रुपमा अध्यावधिक गर्नेछन् ।
२. विद्यालय व्यवस्थापन समितिले गाउँपालिकाबाट प्राप्त बजेट तथा विद्यालयको आफ्नै आम्दानी सहित समावेश गरी वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयन गर्नेछन् ।
३. विद्यालय व्यवस्थापन तथा निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्राधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाइने छ ।
४. विद्यालयले वित्तिय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय कार्यको सुनिश्चितता सम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्नेछन् ।
५. विद्यालयले अभिभावक तथा सरोकारवालाहरुसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरु आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने छन् ।
६. विद्यालयले स्थानीय सरकारका सम्बन्धित एकाइहरु, स्थानीय सामुदायिक तथा गैरसरकारी संस्था समेतको सहकार्यमा विद्यार्थीका लागि पोषण, स्वास्थ्य, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा तथा शिक्षाको व्यवस्था र आपतकालको व्यवस्थापन सम्बन्धी सीप प्रदान गर्नका लागि आवश्यक समिति वा संरचना तयार गर्ने छन् ।
७. विद्यालयले विद्यार्थीलाई विषयगत सिकाइका साथसाथै विभिन्न अतिरिक्त क्रियाकलाप तथा सामुदायिक कार्यमा सहभागिताका लागि आवश्यक जिम्मेवारी तथा कार्ययोजना तयार गर्नेछन् ।
८. कार्यसम्पादन करार गरी सोको परीक्षण गर्ने पारिपाटी मार्फत उत्कृष्ट कार्यसम्पादन गर्नेलाई पुरस्कारको व्यवस्था गर्ने ।
९. कार्यान्वयनमा आएका कार्यक्रमहरुको प्रतिबेदन प्रेषण गर्ने पारिपाटी थालनी गर्ने ।

### ५.२.४ सामदायिक सिकाइ केन्द्र

१. सामुदायिक सिकाइ  केन्द्रको सञ्चालनका लागि व्यवस्थापन समिति गठन गरिने छ ।
२. स्थानीय तहबाट प्राप्त अनुदान तथा आफ्नै स्रोतबाट प्राप्त आम्दानी समेतका आधारमा स्थानीय तहको समन्वयमा व्यवस्थापन समितिले वार्पिक योजना निर्माण गरी कार्यान्वयनको व्यवस्था मिलाउने छ ।
३. सामुदायिक सिकाइ केन्द्रले विभिन्न विषयगत स्थानीय तहका एकाइहरु, सामुदायिक तथा गैरसरकारी संस्थाहरु तथा समुदायसँग आवश्यकतानुसार सहकार्य गरी कार्यक्रमहरु सञ्चालन गरिने छ ।
४. यस केन्द्र मार्फत आयअर्जन, सीपमूलक कार्यक्रम र रोजगारमुखी कार्यक्रमहरु सञ्चालन गरिने छ ।

# परिच्छेद ६ : लगानी र स्रोत व्यवस्थापन

## ६.१ परिचय

कार्यक्रम सञ्चालनका लागि वित्तिय व्यवस्थापन अनिवार्य सर्त हो । वित्तिय प्रवन्ध गर्ने कुरा महत्वकांक्षामा आधारित पनि हुनु हुँदैन । वित्तिय व्यवस्थापन कपोकल्पित र आधार विहिन भए भने योजना कार्यान्वयन तहमा जान सक्दैन । वित्तिय समानिकरण अनुदान, समपुरक, विशेष अनुदान, राजस्व बाँडफाँड र आन्तरिक स्रोतबाट प्राप्त विनियोजित रकमलाई योजना कार्यान्वयनका निम्ति लगाउनु पर्ने हुन्छ । एकातर्फ योजना कार्यान्वयनको लागि आवश्यक पर्ने वित्तीय स्रोतको आँकलन, प्राप्ति र उपयोगलाई समेटिएको छ भने प्रदेश तथा सङ्घीय सरकारवाट प्राप्त विभिन्न प्रकारका अनुदानहरूलाई विद्यालयहरूमा पुर्याई तोकिए बमोजिम खर्च, पारदर्शिता बढाउदै समग्र पक्षमा वित्तीय अनुशासन कायम गर्नुपर्नेछ । शैक्षिक संस्थाहरूलाई अनुदान उपलव्ध गराउने, लेखापरीक्षण र वित्तिय सुशासन कायम गर्ने दायित्व पालिकाको कार्यक्षेत्रमा रहेकोले सीमित स्रोत साधनलाई मितव्ययि, नियमित, प्रभावकारी र पारदर्शी ढङ्गले व्यवस्थापन गर्नुपर्नेछ ।

शिक्षा विकासका पूर्वाधारहरूको पनि पूर्वाधारका रूपमा लिइन्छ । शिक्षाको समयसापेक्ष जुन गतिमा विकास हुनुपर्ने हो त्यसो हुन सकेको छैन । विभिन्न प्रतिवेदनहरूले कुल बजेटको २० प्रतिशत बजेट शिक्षामा विनियोजन गर्ने नीति रहे पनि सो अनुपातमा पुग्न सकेको छैन । यथार्थताको नजिक रहेर योजना बनाएर सो-बमोजिम बजेट विनियोजन गर्ने नभई हचुवाको भरमा बजेट विनियोजन गर्ने कार्यले प्रश्रय पाएको छ । समुदायको विद्यालयमा लगानी गर्नुपर्छ भन्ने सोचमा गिरावट आएको छ । संविधानमा शिक्षालाई लगानीमैत्री बनाउने र लगानी बढाउदै लजाने नीति उल्लेख गरिएको छ ।

कमजोर भौतिक पूर्वाधारलाई सुविधा सम्पन्न बनाउनु, विद्यालयहरूको आर्थिक पक्षलाई सबलीकरण गर्नु, विद्यालय शिक्षामा परिचालन हुने बजेटलाई पारदर्शि बनाउनु चुनौतिका रूपमा रहेका छन् । सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा शिक्षालाई राखिनु, सङ्घ, प्रदेश र स्थानीय तहको एकल अधिकारका रुपमा समेत स्पष्ट गरिनुले शिक्षामा राज्यको लगानी  तीनवटै सरकारबाट गर्नुपर्ने कुरा सुनिस्चित देखिन्छ ।

यस परिच्छेदमा परिच्छेद ३, ४ र ५ मा निर्धारण गरिएका प्रस्तावित क्रियाकलापहरुको लागि बजेट अनुमान, विश्लेषण, स्रोतहरुको पहिचान र व्यवस्थापन गर्नुपर्ने हुन्छ । स्रोतहरुको पहिचान र विश्लेषण गर्दा संङ्घिय सरकार प्रदेश सरकार स्थानीय सरकार र अन्य संघ संस्थाहरुबाट प्राप्त हुने बजेटको अनुमान गरी कार्यान्वयन हुन सक्ने कार्यक्रमहरुलाई प्राथमिकीकरण गर्नुपर्दछ ।

### ६.१.१ वर्तमान अवस्था

विश्वव्यापी रुपमा दिगो विकासका लक्ष्यहरू हासिल गर्न कुल बजेटको कम्तिमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने विश्वव्यापी प्रतिवद्धता रहेता पनि शिक्षा क्षेत्रको बजेट क्रमश घट्दै गइरहेको पाइन्छ । सर्शत अनुदानको

रुपमा प्राप्त हुने केन्द्रीय अनुदानको ९५ प्रतिशत भन्दा वढि रकम शिक्षक तलव भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तक जस्ता शिर्षकहरूमा खर्च हुने गरेको छ । गुणस्तर अभिवृद्धि र क्षमता विकासका लागि स्थानीय सरकारका कार्यक्रमहरू केन्द्रित रहेका छन । विद्यार्थी सङ्ख्याका आधारमा एकाई लागत विश्लेषण गर्दा अभिभावकको प्रत्यक्ष लगानीका अतिरिक्त पालिका क्षेत्रमा अध्ययनरत विद्यार्थीको प्रतिविद्यार्थी लागत बढि देखिन्छ ।

गाउँ शिक्षा योजना कार्यान्वयनको वित्तीय व्यवस्थापनका मुख्य स्रोत सङ्घीय, प्रदेश र स्थानीय सरकार रहनेछन् । अभिभावक र समुदायको भूमिका परिपूरकको रुपमा रहनेछ । शिक्षा क्षेत्रमा कार्य गर्ने सङ्घसंस्थाहरूलाई विज्ञताका आधारमा क्षेत्रगत रुपमा साझेदारी गर्न सकिनेछ । समग्र वित्तीय व्यवस्थापन अन्तर्गत योजना कार्यान्वयनका लागि प्रयाप्त वित्तीय स्रोत जुटाउनु, शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई आवश्यकता क्षेत्रमा स्रोत उपलव्ध गराउने र स्रोत साधनको प्रभावकारी व्यवस्थापन मार्फत वित्तीय सुशासन कायम गर्ने कार्यहरू प्राथमिकतामा रहेका छन । नतिजामा आधारित स्रोत विनियोजन पद्धति मार्फत विद्यालयहरूलाई नियमित अनुदानका अतिरिक्त एकमुष्ट, मागमा आधारित, कार्यसम्पादन मूलक र प्रोत्साहन मूलक अनुदानको व्यवस्था गरिनेछ । गाउँपालिकाको दशवर्षे शिक्षा क्षेत्र योजनाको अनुसार पाँच वर्षामा रु. ३२०६९४०००/- र दश वर्षमा रु. ६७३४५७०००/- वित्तीय श्रोत व्यवस्थापन गरिएको छ जसमध्ये ३८.४४ प्रतिशत सङ्घीय सरकार, ९.९८ प्रतिशत प्रदेश सरकार, ५०.०४ प्रतिशत स्थानीय सरकार, १.५४ प्रतिशत सङ्घ संस्था तथा दातृ निकायबाट श्रोत परिचालन गरी श्रोतको आँकलन गरिएको छ जुन तपसिल बमोजिम छ ।

| क्र. स. | वित्तीय श्रोतको व्यवस्थापन | भौतिक लक्ष्य (५ वर्ष) २०८१/८२ देखि २०८५/८६ सम्म | | भौतिक लक्ष्य २०८६/८७ देखि २०९०/९१ सम्म | | १० वर्षको लक्ष्य | |
|---|---|---|---|---|---|---|---|
| | | कूल बजेट हजारमा | जम्मा हिस्साको प्रतिशत | कूल बजेट हजारमा | जम्मा हिस्साको प्रतिशत | कूल बजेट हजारमा | जम्मा हिस्साको प्रतिशत |
| १ | सङ्घीय सरकार | १२३२९० | ३८.४४ | १३५६१९ | ३८.४४ | २५८९०९ | ३८.४४ |
| २ | प्रदेश सरकार | ३१९९५ | ९.९८ | ३५१९५ | ९.९८ | ६७१९० | ९.९८ |
| ३ | स्थानीय सरकार | १६०४६९ | ५०.०४ | १७६५१६ | ५०.०४ | ३३६९८५ | ५०.०४ |
| ४ | सङ्घ संस्था तथा दातृ निकाय | ४९४ | १.५४ | ५४३४ | १.५४ | १०३७४ | १.५४ |
| | जम्मा | ३२०६९४ | १००.०० | ३५२७६३ | १००.०० | ६७३४५७ | १००.०० |

उल्लेखित जानकारी तथा विश्लेषणको आधारमा देहाय बमोजिमका चुनौतीहरु पहिचान गरिएको छ:

१. वित्तीय गतिविधिलाई पारदर्शी, जवाफदेही, सरलीकृत गरी वित्तीय सुशासन कायम गर्न,
२. आधुनिक प्रविधि विशेषगरी सूचना तथा सञ्चार प्रविधि मैत्री शिक्षण सिकाइ सञ्चालन गर्न आवश्यक स्रोतको व्यवस्था गर्ने,
३. विद्यार्थीको सिकाइ तथा कुशलतामा केन्द्रित भई गुणस्तर अभिवृद्धि गर्न आवश्यक गर्ने गरी लगानी गर्न स्रोत व्यवस्थापन गर्न ।

### ६.१.२ उद्देश्यहरु

१. शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु ।
२. योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु ।
३. उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्नु ।

### ६.१.३ रणनीतिहरु

१. सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानीमा वृद्धि गर्ने ।
२. विद्यालय शिक्षामा पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानी प्रभावकारीता बढाउने ।
३. वार्षिक रूपमा कुल बजेटको कम्तीमा २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गर्ने ।
४. शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रबर्द्धन गर्ने ।
५. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गर्ने ।
६. वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाउने ।
७. लागत साझेदारीमा आधारित कार्यक्रमहरु सञ्चालन गर्ने ।

### ६.१.४ उपलब्धि तथा नतिजा

१. शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भएको हुने,
२. वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुनेछ ।

### ६.१.५ प्रमुख क्रियाकलापहरु तथा बजेट

शिक्षा क्षेत्र योजनाको कार्यान्वयनको लागि शिक्षा क्षेत्रका विभिन्न उपक्षेत्रहरु, अन्तर सम्बन्धित क्षेत्रहरु, सुशासन तथा व्यवस्थापन र अनुगमन तथा मूल्याङ्कनको प्रमुख क्रियाकलाप तथा बजेट तलको तालिकामा उल्लेख गरिएको छ ।

1 ## ६.१.५.१ प्रारम्भिक बालविकास र शिक्षा

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) प्रति इकाइ लागत रु १००० मा | | | | | | २०८६/८७ देखि २०९०/९१ सम्म | १० वर्षको लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | प्रारम्भिक बालविकासको नक्साङ्कन र अनुमति दिने | बा.बि.के. | | १०० | १०० | | | २०० | २२० | ४२० |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्ड प्रवोधीकरण गर्ने | सङ्ख्या | ३०० | | | | ३५० | ६५० | ७१५ | १३६५ |
| ३ | बालबिकास केन्द्रको शिक्षकलाई क्षमता अभिवृद्धि गर्ने | पटक | २०० | २०० | २०० | २०० | २०० | १००० | ११०० | २१०० |
| ४ | प्रारम्भिक बालविकास केन्द्रका लागि अपाङ्गमैत्री शौचालय सहित कक्षा कोठाको व्यवस्था गर्ने | विद्यालय सङ्ख्या | १०० | १०० | १०० | २०० | २०० | ७०० | ७७० | १४७० |
| ५ | खेलकुद तथा शैक्षिक सामग्रीको व्यवस्था गर्ने (पूर्वाधार, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन गरी) | पटक | २०० | २०० | २०० | २०० | २०० | १००० | ११०० | २१०० |
| ६ | स्वास्थ्य परीक्षण, खोप अभिलेख , वृद्धि अनुगमन र कुपोषित वालवालिकालाई आवश्यक प्रबन्ध गर्ने | सङ्ख्या | ५० | ५० | ५० | ५० | ५० | २५० | २७५ | ५२५ |
| ७ | अभिभावक शिक्षा सञ्चालन गर्ने | पटक | २०० | २०० | २०० | २०० | २०० | १००० | ११०० | २१०० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | नमुना प्रारम्भिक वालविकास सहजकर्तालाई पुरस्कारको व्यवस्था गर्ने | पटक | ५० | ५० | ५० | ५० | ५० | २५० | २७५ | ५२५ |
| ९ | ६ सिकाइ क्षेत्र (भाषा, गणित, विज्ञान, स्ववालम्बन, सिर्जनात्मक, निर्माण सिकाइ क्षेत्र) निर्माण र समाग्री सहयोग | पटक | १५० | १५० | १५० | १५० | १५० | ७५० | ८२५ | १५७५ |
| १० | अनाथ, असहाय र अपाङ्गता पहिचन गरी थप सेवा उपलब्ध गराउन | सङ्ख्या | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५५० | १०५० |
| ११ | पोषणयुक्त दिवा खाजाको व्यवस्था गर्ने | सङ्ख्या | १५० | १६० | १७० | १८० | २०० | ८६० | ९४६ | १८०६ |
| १२ | अनुगमन, सुपरीवेक्षण, सहयोग तथा सहजीकरण गर्ने | केन्द्र | ५० | ५० | ५० | ५० | ५० | २५० | २७५ | ५२५ |
| १३ | प्रारम्भिक बालविकास तथा शिक्षाकको सेवा तथा सुविधामा समयानुकुल वृद्धि गर्ने | सङ्ख्या | ४६ | ४६ | ४६ | ४६ | ४६ | २३० | २५३ | ४८३ |
| १४ | बालविकास कक्षाकोठा व्यस्थापन | सङ्ख्या | २०० | २०० | २०० | २०० | २५० | १०५० | ११५५ | २२०५ |
| १५ | शारीरिक परीक्षण सामग्री खरिद, | पटक | २१० | | | | | २१० | २३१ | ४४१ |
| १६ | स्वस्थ्य परीक्षण | पटक | ५० | ५० | ५० | ५० | ५० | २५० | २७५ | ५२५ |
| १७ | जुकाको औषधी खुवाउने (Albendazole tablet 400 mg) | पटक | ४२ | ४२ | ४२ | ४२ | ४२ | २१० | २३१ | ४४१ |
| १८ | पोषण सप्ताह सञ्चालन | पटक | ४२ | ४२ | ४२ | ४२ | ४२ | २१० | २३१ | ४४१ |
| १९ | सहजकर्ता र विद्यालय सहयोगी | पटक | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० | ५५००० | १०५००० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा | | १२१४० | ११७४० | ११७५० | ११७६० | १२१८० | ५९५७० | ६५५२७ | १२५०९७ |

### ६.१.५.२ आधारभतू शिक्षा

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) प्रति इकाइ लागत रु १००० मा | | | | | | २०८६/८७ देखि २०९०/९१ सम्म | १० वर्षको लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | सबै बालबालिकालाई विद्यालय भर्ना गर्ने | पटक | ४२ | ४२ | ४२ | ४२ | ४२ | २१० | २३१ | ४४१ |
| २ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन गर्ने | जना | २०० | | | | | २०० | २२० | ४२० |
| ३ | शिक्षक क्षमता विकास गर्ने (तिन तहमा कक्षा १-३, ४-५, ६-८) | पटक | २०० | २०० | २०० | २०० | २०० | १००० | ११०० | २१०० |
| ४ | व्यवस्थित परीक्षा प्रणाली र विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गर्ने | पटक | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५५० | १०५० |
| ५ | सूचना सञ्चार तथा प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास गर्ने | सङ्ख्या | २०० | २०० | २०० | २०० | २५० | १०५० | ११५५ | २२०५ |
| ६ | शारीरिक परीक्षण व्यस्थापकिय खर्च, | पटक | ४२ | ४२ | ४२ | ४२ | ४२ | २१० | २३१ | ४४१ |
| ७ | स्वस्थ्य परीक्षण | पटक | | | | | | ० | ० | ० |
| ८ | जुकाको औषधी खुवाउने (Albendazole tablet 400 mg) | पटक | | | | | | ० | ० | ० |
| ९ | पोषण सप्ताह सञ्चालन | पटक | | | | | | ० | ० | ० |
| १० | विपन्नका लागि ड्रेस, स्टेशनरीका लागि छात्रबृत्ति व्यवस्था गर्ने | सङ्ख्या | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५५० | १०५० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | सिकाइ सामग्री, सन्दर्भ सामग्रीको व्यवस्था गर्ने तथा विद्यालय व्यवस्थापन | सङ्ख्या | ४२० | ४२० | ४२० | ४२० | ४२० | २१०० | २३१० | ४४१० |
| १२ | विव्यस, शिअसंका पदाधिकारीहरूको क्षमता विकास गर्ने | पटक | १५० | १५० | १५० | १५० | १५० | ७५० | ८२५ | १५७५ |
| १३ | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने | पटक | २१० | २१० | २१० | २१० | २१० | १०५० | ११५५ | २२०५ |
| १४ | उत्कृष्ट शिक्षकलाई पुरस्कारको व्यवस्था गर्ने | सङ्ख्या | ५० | ५० | ५० | ५० | ५० | २५० | २७५ | ५२५ |
| १५ | व्यवस्थित पुस्तकालय/इ पुस्तकालय तथा वाचनालय कक्ष | सङ्ख्या | २०० | २०० | २०० | २०० | २५० | १०५० | ११५५ | २२०५ |
| १६ | प्राथमिक उपचार सामग्री तथा उपचार कक्षको व्यवस्था र क्षमता विकास | सङ्ख्या | १५० | १५० | १५० | १५० | १५० | ७५० | ८२५ | १५७५ |
| १७ | विद्यालयमा पिउने पानीको व्यवस्था | सङ्ख्या | ८० | ८० | ८० | ८० | १०० | ४२० | ४६२ | ८८२ |
| १८ | मापदण्ड अनुसार शिक्षक व्यवस्थापन | सङ्ख्या | २५०० | २५०० | २५०० | २५०० | २५०० | १२५०० | १३७५० | २६२५० |
| १९ | कक्षा १-३ मा कक्षा व्यवस्थापन | सङ्ख्या | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५५० | १०५० |
| २० | पढाइ कुना (Reading Corner) निर्माण तथा पुस्तक सहयोग कक्षा १-३ | सङ्ख्या | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५५० | १०५० |
| जम्मा | | | ४८४४ | ४६४४ | ४६४४ | ४६४४ | ४७६४ | २३५४० | २५८९४ | ४९४३४ |

### ६.१.५.३ माध्यमिक शिक्षा

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) प्रति इकाइ लागत रु १००० मा | | | | | | २०८६/८७ देखि २०९०/९१ सम्म | १० वर्षको लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | नि: शुल्क माध्यमिक शिक्षाका लागि आवश्यक कानून, कार्यविधि र निर्देशिका तयारी गर्ने | पटक | | १०० | | | | १०० | ११० | २१० |
| २ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | | | | | | ० | ० | ० |
| ३ | गणित तथा कम्प्यूटर विज्ञान विषय अध्ययनका लागि अनुदान/अवसर दिने | सङ्ख्या | १००० | १००० | १००० | १००० | १००० | ५००० | ५५०० | १०५०० |
| ४ | शिक्षक व्यवस्था | सङ्ख्या | ६००० | ६००० | ६००० | ६००० | ६००० | ३०००० | ३३००० | ६३००० |
| ५ | सबै बालबालिकाको पहुँच सुनिश्चित गर्ने | सङ्ख्या | २५ | २५ | २५ | २५ | २५ | १२५ | १३८ | २६३ |
| ६ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गर्ने | पटक | | | | | | ० | ० | ० |
| ७ | शिक्षक क्षमता विकास गर्ने | पटक | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५५० | १०५० |
| ८ | विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन गर्ने | पटक | १०० | | | | | १०० | ११० | २१० |
| ९ | सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास गर्ने | पटक | २०० | २०० | २०० | २०० | २०० | १००० | ११०० | २१०० |
| १० | शिक्षक सहायता प्रणालीको पुनर्संरचना गर्ने | पटक | ५५ | | | | | ५५ | ६१ | ११६ |
| ११ | शारीरिक परीक्षण, | पटक | | | | | | ० | ० | ० |
| | स्वस्थ्य परीक्षण | पटक | | | | | | ० | ० | ० |
| १२ | जुकाको औषधी खुवाउने (Albendazole tablet 400 mg) | पटक | | | | | | ० | ० | ० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पोषण सप्ताह सञ्चालन | पटक | | | | | | ० | ० | ० |
| १३ | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग गर्ने | जना | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५५० | १०५० |
| १४ | नि: शुल्क माध्यमिक शिक्षा सुनिश्चितताका लागि पाठ्यपुस्तक, ड्रेस तथा स्टेशनरी, छात्रबृत्ति | जना | १५० | १५० | १५० | १५० | १५० | ७५० | ८२५ | १५७५ |
| १५ | उत्कृष्ट शिक्षक र कर्मचारी पुरस्कार व्यवस्था गर्ने | जना | २५ | २५ | २५ | २५ | २५ | १२५ | १३८ | २६३ |
| १६ | विव्यस, शिअसंका पदाधिकारीहरूको क्षमता विकास गर्ने | पटक | | | | | | ० | ० | ० |
| १७ | अभिभावक शिक्षा सञ्चालन गर्ने | पटक | ११० | ११० | ११० | ११० | ११० | ५५० | ६०५ | ११५५ |
| १८ | विद्यार्थीले उच्च शिक्षा र पेशा छनौटको लागि परामर्श सेवा | पटक | ५० | ५० | ५० | ५० | ५० | २५० | २७५ | ५२५ |
| १९ | उचित पुस्तकालय/ इ पुस्तकालयको व्यवस्था गर्ने | सङ्ख्या | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५५० | १०५० |
| २० | विद्यार्थीहरु विच सिर्जनशील प्रतिस्पर्धीका लागि कार्यक्रम सञ्चालन गर्ने | पटक | ५० | ५० | ५० | ५० | ५० | २५० | २७५ | ५२५ |
| २१ | सेनेटरी प्याड व्यवस्थापन | पटक | | | | | | ० | ० | ० |
| २२ | भौतिक पुर्वाधार व्यवस्थापन | सङ्ख्या | ४५०० | ४५०० | ४५०० | ४५०० | ४५०० | २२५०० | २४७५० | ४७२५० |
| जम्मा | | | १२५६५ | १२५१० | १२४१० | १२४१० | १२४१० | ६२३०५ | ६८५३६ | १३०८४१ |

## ६.१.५.४ अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाई

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) प्रति इकाइ लागत रु १००० मा | | | | | | २०८६/८७ देखि २०९०/९१ सम्म | १० वर्षको लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | निरक्षरहरूको तथ्याङ्क संकलन तथा वर्गिकृत डाटावेस तयारी गर्ने | पटक | १०० | | | | १०० | २०० | २२० | ४२० |
| २ | साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन गर्ने | सङ्ख्या | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २७५० | ५२५० |
| ३ | सामूदायिक सिकाइ केन्द्र सञ्चालन गर्ने | नियमित | २०० | २०० | २०० | २०० | २०० | १००० | ११०० | २१०० |
| ४ | सामूदायिक सिकाइ केन्द्रलाई सामूदायिक पुस्तकालयका रूपमा सञ्चालन गर्ने | नियमित | ५० | | | | | ५० | ५५ | १०५ |
| ५ | सामूदायिक सिकाइ केन्द्रको सुदृढीकरण तथा व्यवस्थापन गर्ने | नियमित | | २० | | | २० | ४० | ४४ | ८४ |
| ६ | सरकारी तथा गैर सरकारी निकायसँग साझेदारी र सहकार्य गर्ने | निरन्तर | | | | | | ० | ० | ० |
| ७ | मौलिक तथा परम्परागत ज्ञानमा आधारित सामग्री विकास गर्ने | पटक | ५० | | | | | ५० | ५५ | १०५ |
| ८ | सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने | पटक | | | १०० | | | १०० | ११० | २१० |
| | **जम्मा** | | ९०० | ७२० | ८०० | ७०० | ८२० | ३९४० | ४३३४ | ८२७४ |

### ६.१.५.५ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) प्रति इकाइ लागत रु १००० मा | | | | | | २०८६/८७ देखि २०९०/९१ सम्म | १० वर्षको लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | पाठ्यक्रम प्रबोधिकरण गर्ने | पटक | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | १६५० | ३१५० |
| २ | स्थानीय पाठ्यक्रम कार्यान्वयन गर्ने | पटक | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५५० | १०५० |
| ३ | निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने (स्थानीय पाठ्यपुस्तक) | पटक | | | | | | ० | ० | ० |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने | निरन्तर | | | | | | ० | ० | ० |
| ५ | स्थानीय पाठ्य सामग्री र  अन्य शैक्षणिक सामग्री निर्माण तथा प्रयोग गर्ने | पटक | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५५० | १०५० |
| ६ | शिक्षण कार्यमा उपयोगी सामग्री जस्तै : पाठ्यक्रम, शिक्षक निर्देशिका लगायत सन्दर्भ सामाग्रीको उपलब्धता | सङ्ख्या | | १०० | | | १०० | २०० | २२० | ४२० |
| जम्मा | | | ५०० | ६०० | ५०० | ५०० | ६०० | २७०० | २९७० | ५६७० |

### ६.१.५.६ शिक्षक व्यवस्थापन र विकास

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) प्रति इकाइ लागत रु १००० मा | | | | | | २०८६/८७ देखि २०९०/९१ सम्म | १० वर्षको लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | असल अभ्यासको अवलोकन भ्रमण गर्ने | पटक | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५५० | १०५० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | कार्य सम्पादनमा आधारित प्रोत्साहन तथा सुविधा दिने । | पटक | | | | | | ० | ० | ० |
| ३ | शिक्षक पेसागत सहयोग कार्यविधिका आधारमा सिकाइका लागि शिक्षकको इ संजाल बनाउने | पटक | ५० | | | | ५० | १०० | ११० | २१० |
| ४ | शिक्षकलाई परामर्श कार्य गर्न, अध्ययन अनुसन्धान, अनुगमन, सुपिरवेक्षणको लागि विज्ञ समुह परिचालन गर्ने | निरन्तर | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | १६५० | ३१५० |
| ५ | शिक्षक मेन्टरिङ/कोचिङका लागि कार्यक्रम सञ्चालन गरेर शिक्षक पेसागत सहयोग विकास | निरन्तर | ८४ | ८४ | ८४ | ८४ | ८४ | ४२० | ४६२ | ८८२ |
| ६ | विद्यालय तथा पालिका स्तरमा प्रारम्भिक कक्षाका शिक्षकलाइ पेसागत सहयोग गर्न शिक्षण सिकाइ समुह वैठक/घुम्ती वैठक सञ्चालन गर्ने | पटक | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५५० | १०५० |
| ७ | आवश्यकताका आधारमा शिक्षक पेसागत सहयोग तालिम सञ्चालन गर्ने | पटक | २०० | २०० | २०० | २०० | २०० | १००० | ११०० | २१०० |
| ८ | शिक्षक दरवन्दी मिलान तथा पुनर्वितरण | जना | ५० | | | | ५० | १०० | ११० | २१० |
| ९ | पालिकाले प्रअ र प्रअले शिक्षकहरूसँग करार सम्झौता मार्फत र कार्यसम्पादन परीक्षण सिकाइ उपलव्धीमा सुधार ल्याउने | पटक | २०० | २०० | २०० | २०० | २०० | १००० | ११०० | २१०० |
| जम्मा | | | १०८४ | ९८४ | ९८४ | ९८४ | १०८४ | ५१२० | ५६३२ | १०७५२ |

### ६.१.५.७ शैक्षिक समता र समावेशीकरण शिक्षा

| क्रस | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) प्रति इकाइ लागत रु १००० मा | | | | | | २०८६/८७ देखि २०९०/९१ सम्म | १० वर्षको लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | शिक्षाको मूल प्रवाह बाहिर रहेका र नरहेका सवै बालबालिकाहरूको तथ्याङ्क सङ्कलन र विश्लेषण गर्ने | सङ्ख्या | १०० | | | | १०० | २०० | २२० | ४२० |
| २ | वैयक्तिक आवश्यकता अनुसारका शैक्षिक कार्यक्रम सञ्चालन गर्ने | निरन्तर | २०० | २०० | २०० | २०० | २०० | १००० | ११०० | २१०० |
| ३ | विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई विद्यालय भित्र ल्याउन जनचेतना कार्यक्रम | पटक | ५० | ५० | ५० | ५० | ५० | २५० | २७५ | ५२५ |
| ४ | प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने | पटक | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५५० | १०५० |
| ५ | सिकाइ सामग्री व्यवस्था गर्ने | सङ्ख्या | १५० | १५० | १५० | १५० | १५० | ७५० | ८२५ | १५७५ |
| ६ | जेन्डर फोकल शिक्षक र गुनासो सुन्ने अधिकारीको ब्यबस्था गर्ने | पटक | ४२ | | | | ४२ | ८४ | ९२ | १७६ |
| जम्मा | | | ६४२ | ५०० | ५०० | ५०० | ६४२ | २७८४ | ३०६२ | ५८४६ |

### ६.१.५.८ दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम

| क्रस | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) प्रति इकाइ लागत रु १००० मा | | | | | | २०८६/८७ देखि २०९०/९१ सम्म | १० वर्षको लक्ष्य |
